जनपक्षीय विचारप्रधान साप्ताहिक
# देशप्रेम
DESHPREM *National Weekly*
www. deshpremweekly .com
देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित
वर्ष २७ अंक ४५ २०८२ चैत १ गते आइतबार (Mar. 15, 2026) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## रास्वपाका नेताहरुका बीचमा त्रिपक्षीय खिचातानी
# बालेनलाई प्रधानमन्त्रि बन्न महाभारत

काठमाडौं । प्रतिनिधिसभाको गत फागुन २१ गतेको निर्वाचनमा बहुमत हाँशिल गरेको रास्वपाका लागि नयाँ सरकार गठनगर्न बिभिन्न समस्याहरुको सिर्जना भएको देखिएको छ । सो पार्टीबाट गत निर्वाचनमा अन्य पार्टीका बिद्रोहीलाई उम्मेदवार बनाइएका कारण एकअर्कासँग चिनजानको समेत समस्या रहेको छभने हालसम्म नेका, एमाले, तत्कालीन माओवादी केन्द्र, बालेन समर्थक र पुराना रास्वपाका नेताहरुगरी पाँचवटा समूह खडाभएका छन् । अधिकांशको आक्यांक्षा मन्त्रि र त्यो पनि महत्वपूर्ण मन्त्रालय प्राप्तगर्नेमा केन्द्रित रहेको छ । जसमा बालेन साह समर्थक, रवि समर्थक र अन्यगरी त्रिपक्षीय खिचातानी शुरु भैसकेको बताइन्छ । त्यसैगरी रास्वपा पार्टी विधानको धारा ६६ (८) मा पार्टीका साधारण सदस्यले संसदीय दलको नेता चयनगर्ने व्यवस्था छ ।



धारा ६६ को उपधारा ८ (क) मा संघीय निर्वाचनअगावै पार्टीकातर्फबाट निर्वाचनका लागि समानुपातिक र प्रत्यक्षतर्फ छनोट भएका उम्मेदवारहरुमध्ये इच्छुक उम्मेदवार हरुबीच प्रतिनिधिसभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ । दल नेताको निर्वाचनमा पार्टीका सम्पूर्ण साधारण सदस्यहरु मतदाता हुन पाउनेछन् भनिएको छ । विधानमा निर्वाचनमा खसेको मतको ५० प्रतिशत कटाउने उम्मेदवार संसदीय दलको नेता हुने व्यवस्था छ । विधानमा कुनैपनि उम्मेदवारले ५० प्रतिशत मत कटाउन नसके सबैभन्दा बढी मत ल्याउने दुई उम्मेदवारबीच पुन: निर्वाचन हुने व्यवस्था गरिएको छ । विजेता संसदीय दलको नेता बन्नेछन् । विधानमा पार्टीले सरकारको नेतृत्व लिए संसदीय दलको नेता प्रधानमन्त्री हुने व्यवस्था पनि छ । जसलेगर्दा अब सभापति पदबाट रवि लामिछानेले राजीनामा गरेर वालेन साहलाई सभापति र प्रधानमन्त्रि दुबै बनाउने कि बालेन प्रधानमन्त्रिको दाबिबाट पछाडि हटेर सभापति रवि लामिछानेलाई नै प्रधानमन्त्रि बनाउने भन्ने बिवाद पनि शुरुभएको छ । बालेनलाई प्रधानमन्त्रि र रविलाई पार्टीको सभापति कायमै राख्ने होभने विधानमा धेरै हेरफेर गर्नुपर्ने अवस्था सिर्जना भएको छ । जसका लागि अझै केही समय लाग्ने अवस्था छ । त्यसैगरी बालेन्द्र साह पक्षबाट सरकार बनेपछि मन्त्रालयको संख्या घटाउने र सरकारी सेवाका कर्मचारीले ट्रेड यूनियनका नाममा दलनिकट भएर खोलेका संघसंगठन **बाँकी ८ पेजमा**

## रवि लामिछानेका पुराना मुद्धा बल्झिने

काठमाडौं । रास्वपाका सभापति रवि लामिछानेका पुराना मुद्धाहरु बल्झिने अवस्था सिर्जना भएको छ । उहाँमाथि दायर भएको रिटमाथि सर्वोच्च अदालतको पूर्ण इजलासमा पुन: सुनुवाइ हुनेभएको छ । उक्त रिटमाथि पूर्ण सुनुवाइगर्न अदालतले आदेश पनि दिएको छ । सभापति लामिछानेको सहकारीसम्बन्धी मुद्धा र सम्पत्ति शुद्धीकरणको कसुर संशोधनगरी फिर्ता लिने महान्यायाधिवक्ता कार्यालयको निर्णय विरुद्ध दायर भएको रिटमाथि पूर्ण सुनुवाइगर्न सर्वोच्च अदालतले आदेश दिएको हो । न्यायाधीशद्वय सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको संयुक्त इजलासले सो सम्बन्धमा आज चैत एकगते पूर्ण सुनुवाइका लागि पेशगर्न आदेशदिएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभएको छ । आदेशमा विपक्षीहरुको लिखित जवाफसमेत परिसकेको वा लिखित जवाफ पर्ने म्याद नाघिसकेको र प्रस्तुत रिट निवेदनमा उठाइएको विषयवस्तु हेर्दा तत्काल किनारा लाग्नुपर्ने प्रकृतिको देखिँदा **बाँकी ८ पेजमा**

## आगजनीमा पेट्रोलियम पदार्थको प्रयोग

काठमाडौं । गत भदौ २३ र २४ गते भएको आगजनीमा पेट्रोलियम पदार्थ प्रयोगभएको खुलाशाभएको छ । उक्त आगजनीमा पेट्रोलियम पदार्थ प्रयोगभएको फरेन्सिक परीक्षणबाट देखिएको हो । भारत पठाएर गरिएको नमूना परीक्षणकाक्रममा पेट्रोलियमजन्य पदार्थहरुका अवशेष पेट्रोलियम हाईड्रो कार्बन पाइएको प्रतिवेदन काठमाडौं आइपुगे कतिपय सञ्चार माध्यमले उल्लेख पनि गरेका छन् । सो प्रतिवेदन एक साताअघिनै आइपुगेको भएपनि गौरीबहादुर कार्की नेतृत्वको भदौ २३ र २४ गतेको घटना जाँचबुझ आयोगको प्रतिवेदनमा त्यसबारे कुनैपनि कुराहरु समेटिएको छैन । भनिन्छ शुरुमा प्रहरीको विधि विज्ञान प्रयोगशालामा भएको फरेन्सिक परीक्षणको नतिजा नआएपछि अरु देशमा पनि **बाँकी ८ पेजमा**

## बिभिन्न रोगहरुको संक्रमण बढ्दो

काठमाडौं । बिभिन्न जिल्लामा बिभिन्न रोगहरुको संक्रमण बढ्न थालेको थाहाभएको छ । यसैक्रममा नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा जापनिज इन्सेफलाइटिसको संक्रमण दर बर्सेनि बढ्दै गएपछि ३५ वर्ष माथिका नागरिकलाई लक्षितगरी खोप अभियान सञ्चालन गरिने भएको छ । आज चैत एकदेखि पाँच गतेसम्म जिल्लाभर जापनिज इन्सेफलाइटिस विरुद्धको खोप अभियान सञ्चालनगर्न लागिएको प्रदेश जनस्वास्थ्य कार्यालय नवल परासी (बर्दघाट सुस्तापूर्व) टफस्ले जनाएको छ । सो अभियान अन्तर्गत जिल्लाभित्र रहेका ३५ वर्षमाथिका एक लाख ५० हजार बढी नागरिकलाई खोप लगाइने लक्ष्य राखिएको छ । चालु आर्थिक वर्षमामात्र **बाँकी ८ पेजमा**

## इरानीलाई भिसा नदिने खतर्नाक निर्णय

काठमाडौं । नेपालको बर्तमान सरकारले इरानी नागरिकलाई भिसा नदिने खतर्नाक निर्णय गरेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । कतिपयले बर्तमान सरकारले आफ्नो अमेरिकी संलग्नता प्रदर्शन गरेको बताएका छन् । गृह मन्त्रालयले इरानी नागरिकहरुलाई आगमन प्रवेशज्ञा ( अनअराइभल भिसा) नदिने निर्णय गरेपछि सो निर्णय बिवादमा परेको हो । इरानी नागरिकलाई यसअघि दिँदैआएको अनअराइभल भिसा नदिने गृहमन्त्रालयले निर्णय गरेको छ । गृहमन्त्रीस्तरीय निर्णयले अब उपरान्त नेपाल आउने इरानी नागरिकले नेपाली दूतावासबाट भिसा लिनुपर्ने छ । इरानमा देखिएको तनावका कारण इरानी नागरिकहरु नेपाल आउनेक्रम बढेपछि गृह मन्त्रालयले सुरक्षाको कारण देखाउँदै यस्तो निर्णय गरेको हो । गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले इरानी नागरिकहरुलाई आगमन भिसा नदिने निर्णय भएको बताउनु भएको छ । गृह मन्त्रालयले परराष्ट्र मन्त्रालयसँगको समन्वयमा सुरक्षालाई **बाँकी ८ पेजमा**

## नेपाली कांग्रेसमा फेरी बिवाद चर्कियो

काठमाडौं । नेपाली कांग्रेसमा फेरी बिवाद चर्किएरगएको थाहाभएको छ । एकातिर गगन थापा समूहमा बिवाद बढेको छभने अर्कातिर शेरबहादुर देउवा समूहबाट मिलेर जाने प्रस्ताव आएको थाहाभएको छ । देउवा समूहका कार्यबाहक सभापति पूर्णबहादुर खड्काले निर्वाचनको परिणामले बिशेष महाधिवेशनलाई औचित्यहीन साबित गरेकाले पुरानै अवस्थामा मिलेर जान पार्टीका नेता तथा कार्यकर्ताहरुलाई आह्वान गर्नुभएको छ । जसलेगर्दा गगन थापा समूहको यही चैतको पहिलो साता आकस्मिक बैठक बस्दैछभने थापा र बिश्वप्रकाश दुबैलाई पद छाड्न दबाव बढेको बताइन्छ । त्यसैगरी तथा राष्ट्रियसभामा नेपाली कांग्रेसका नेता कृष्ण सिटौलाले गगन थापा समूहले गराएको बिशेष महाधिवेशन औचित्यहीन भएको बताउनु भएको छ । त्यसैगरी नेपाली कांग्रेसका नेता तथा राष्ट्रियसभा सदस्य जीतजंग बस्नेतले पनि पार्टीमा गरिएको विशेष महाधिवेशनका औचित्य सकिएको बताउनुभएको छ । त्यसैगरी नेपाली कांग्रेसको केन्द्रीय अनुशासन समितिको संयोजक तारामान गुरुङको नेतृत्वमा **बाँकी ८ पेजमा**

## आयोगको प्रतिवेदन सार्वजनिकगर्न माग

काठमाडौं । गत भदौ २३ र २४ गतेको घटनाका बारेमा छानविनगर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक नभएपछि आफूलाई जेनजी बताउने कतिपय समूहहरु फेरि आन्दोलनगर्ने मनस्थितिमा पुगेको थाहाभएको छ । प्रधानमन्त्री सुशीला कार्कीले प्रतिवेदन सार्वजनिक नगरेरै राजीनामा दिने तयारी गरेपछि उनीहरु आक्रोशित भएका हुन् । भनिन्छ प्रधानमन्त्री कार्कीले प्रतिवेदन सार्वजनिकगर्न कुनै बहानाबाजी गरेमा भोली सोमबारदेखि सडकमा उत्रिने उनीहरुको योजना छ । प्रतिवेदन कार्यान्वयनगर्ने जिम्मेवारी अब बन्ने नयाँ सरकारको भएपनि सार्वजनिकगर्ने जिम्मेवारी भने प्रधानमन्त्री कार्कीकै रहेको उनीहरुको भनाई छ । यसैक्रममा जवाफदेहिता निगरानी समितिले पनि गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन तत्काल सार्वजनिकगर्न माग गरेको छ । समितिले आयोगको समग्र प्रतिवेदन सार्वजनिकगरी पीडित समुदाय, नागरिक समाज, मिडियालगायत **बाँकी ८ पेजमा**

## पौडेलको हत्या प्रकरण बल्झिने तिर

काठमाडौं । नेत्रविक्रम चन्द नेतृत्वको ततकालीन नेकपा सर्लाहीका जिल्ला इन्चार्ज कुमार पौडेलको हत्या प्रकरणको मुद्धा फेरी बल्झिने भएको छ । राष्ट्रिय मानव अधिकार आयोगको छानबिन प्रतिवेदनले आत्मरक्षा र दोहोरो भिडन्त कतैबाट पनि पुष्टि नहुने किटान गरेको छ । पौडेललाई प्रहरी नियन्त्रणमा लिएर हत्या गरिएको निष्कर्षसहित आयोगले घटनामा संलग्न पाँच सुरक्षा अधिकारीमाथि तत्काल कारवाही चलाउन सरकारलाई सिफारिससमेत गरेको थियो । आयोगले ०७६ कात्तिक पाँचगते सरकारलाई उपरोक्त सिफारिस गरेको थियो । घटनामा संलग्न दोषी सुरक्षाकर्मीका अतिरिक्त प्रहरीलाई निर्देशन दिने पदाधिकारीलाई समेत कानूनी कारवाहीगर्न आयोगले भनेको थियो । आयोगले उक्त सिफारिस कार्यान्वयनको जानकारी हालसम्म प्राप्त नभएको जनाएको छ । आयोगले घटनामा सर्लाहीका तत्कालीन प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साह तथा हवल्दारद्वय विनोद साह र सत्यनारायण मिश्र प्रत्यक्ष संलग्न रहेको ठहरसहित उनीहरुलाई तत्काल निलम्बनगरी फौजदारी अभियोगमा मुद्धा चलाउन **बाँकी ८ पेजमा**

## बृहत् कम्युनिष्ट एकीकरणका लागि अपिल

काठमाडौं । बिभिन्न पक्षबाट नेपालमा कम्युनिष्ट पार्टी र राजनीति दुबै सखाव बनाउने प्रयास भैरहेको रहस्य खुलेपछि बृहत् कम्युनिष्ट एकीकरणका लागि अपिल हुन थालेको छ । यसैक्रममा नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) ले कम्युनिष्ट एकीकरणका लागि अपिल गरेको छ । उक्त पार्टीको निर्वाचन परिचालन कमिटी, सचिवालयको गतसाता बसेको विस्तारित बैठकले



त्यस्तो निर्णय गरेको कार्यवाहक अध्यक्ष घनश्याम भुसालले बताउनु भएको छ । बैठकपछि भुसालले जारीगरेको विज्ञप्तिमा लोकतान्त्रिक निर्वाचनमा रास्वपाले सफलताका लागि बधाई ज्ञापन गरिएको छ । लोकतान्त्रिक स्थिरता, मुलुकको स्वाधीनता र जनताको समृद्धिका आक्यांक्षालाई कार्यान्वयनगर्न राष्ट्रिय स्वतन्त्र पार्टीलाई सफलता मिलोस्भन्ने कामनासमेत गरेको छ । बक्तब्यमा कम्युनिष्ट आन्दोलनको **बाँकी ८ पेजमा**

## उम्मेदवारहरुको खर्च अपारदर्शी भएको खुलाशा

काठमाडौं । बिभिन्न पार्टीबाट गत २१ गतेको निर्वाचनमा उम्मेदवार भएकाहरुको खर्च अपारदर्शी भएको बताउन थालिएको छ । यसैक्रममा संयुक्त प्रारम्भिक पर्यवेक्षण प्रतिवेदनले प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारहरुको खर्चमा पारदर्शीता नदेखिएको जनाएको छ । राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) र निर्वाचन पर्यवेक्षण समिति नेपाल ( इओसी नेपाल)को संयुक्त प्रारम्भिक निर्वाचन पर्यवेक्षण प्रतिवेदनमा निर्वाचनको अभियान खर्चमा कानूनी सीमा र वास्तविक खर्चबीच ठूलो अन्तर देखिएको उल्लेख छ । प्रतिवेदनमा निर्वाचन आयोगले उम्मेदवारका लागि तोकिएको खर्च सीमाभन्दा व्यवहारमा करोडौं रुपैयाँसम्म खर्च भएको पाइएको उल्लेख छ । काठमाडौंमा हालै आयोजित पत्रकार सम्मेलनमार्फत नियोकका

**समाचार विश्लेषण**

अध्यक्ष डा गोपालकृष्ण शिवाकोटीले अभियान खर्च र प्रचार विधिबारे निर्वाचन खर्च सम्बन्धि विस्तृत अनुसन्धान प्रतिबेदन छुट्टै प्रकाशन गरिने बताउनु भएको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारका लागि भूगोलअनुसार अधिकतम खर्च सीमा ३३ लाख तोकिएको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारका लागि करिब दुईलाख खर्च सीमा निर्धारण गरिएको थियो । तर उच्च प्रोफाइल निर्वाचन क्षेत्रमा वास्तविक खर्च आयोगले तोकेको खर्चको सीमाभन्दा बढी भएको पाइएको डा शिवाकोटीले बताउनुभएको थियो । अन्य क्षेत्रमासमेत तोकिएको सीमाभन्दा १० गुणा बढीसम्म खर्चगरेको पाइएको प्रतिवेदनको दाबी छ । त्यस्तै डिजिटल प्रचारप्रसारमा बढ्दो निर्भरता पनि खर्चको पारदर्शिताका लागि चुनौती बनेको प्रतिवेदनले उल्लेखगरेको छ । उम्मेदवारी दर्तापछि सामाजिक सञ्जाल व्यवस्थापक, कन्टेन्ट क्रिएटर तथा डिजिटल प्रचारसम्बन्धी सेवाको माग उल्लेखनीयरुपमा बढेको र यस्ता सेवाको शुल्क लाखौं रुपैयाँसम्म पुग्नेगरेको उल्लेख गरिएको **बाँकी ८ पेजमा**

## चारवटा कम्युनिष्ट पार्टी संयुक्त संघर्षको तयारीमा

काठमाडौं । क्रान्तिकारी कम्युनिष्ट पार्टी लगायतका बिभिन्न चारवटा कम्युनिष्ट पार्टी बिभिन्न माग अगाडि सारेर संयुक्त संघषर्नमा जाने तयारीमा जुटेको थाहाभएको छ । क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल, नेपाल कम्युनिष्ट पार्टी (ब[redacted] कम्युनिष्ट पार्टी [redacted] समाजवादी कम्युनिष्ट पार्टी, नेपाल सम्मिलित केन्द्रीय संयुक्त संघर्ष समितिका संयोजक सिपि गजुरेलले जारी गर्नुभएको एक बक्तब्यमा उपरोक्त कुरा उल्लेख छ । संयुक्त संघर्ष समितिको बैठक संयोजक सीपी गजुरेलको अध्यक्षतामा गतसाता बसेको थियो । बैठकले केन्द्रीय संयुक्त संघर्ष समितिले सञ्चालन गरेको बहिष्कार आन्दोलनको समीक्षागर्दै बहिष्कार आन्दोलनमा सहयोगगर्ने र सहभागी हुने जनसमुदायप्रति हार्दिक धन्यवाद ज्ञापन गरेको छ । त्यसैगरी संयुक्त मोर्चालाई अझै सुदृढ र व्यापक बनाउँदै लैजान छलफल अघिबढाउने निर्णय गरेको बताइएको छ । त्यसैगरी बैठकले, पेट्रोलियम पदार्थलगायत अत्यावश्यक वस्तुहरुको अभाव हुननदिन र मूल्यवृद्धि रोक्न, खाडीक्षेत्रमा रहेका नेपालीको सुरक्षाको तुरुन्त पहलगर्न, बलात्कारपछि हत्यागरिएकी सुर्खेतकी इनिशा विकका हत्याराहरुलाई तुरुन्त कारवाहीको दायरामा कड्याईकासाथ ल्याउन र गत भाद्र २३ र २४ गतेको प्रकरणको जाँचबुझ आयोगको प्रतिवेदन तुरुन्त सार्वजनिकगर्न राज्यसँग जोडदार माग गरेको बक्तब्यमा उल्लेख [redacted] संयुक्त संघर्ष समिति[redacted] गजुरेलले अब आफू[redacted] कार्यभार पूरागर्न सच्च[redacted] हरुलाई गोलबन्दगर्दै अ[redacted] बताउनु भएको छ । बिभिन्न पार्टी सम्बद्ध तीनवटा महिला संगठनहरु क्रान्तिकारी महिला संगठन नेपाल, अखिल नेपाल महिला संगठन र वैज्ञानिक समाजवादी महिला संगठनले संयुक्तरुपमा आठ मार्चको सन्दर्भमा ास्गतसाता आयोजित 'आठ मार्चको महत्व : महिला मुक्तिको प्रश्न' विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधनगर्दै महासचिव गजुरेलले उपरोक्त कुरा बताउनुभएको **बाँकी ८ पेजमा**

## बालेन..

खारेजगर्ने प्रस्ताव आएको छभने अन्य पक्षले त्यसको बिरोध गरेका छन् । त्यसैगरी एकथरीले रक्षा, गृह, परराष्ट्र, अर्थ र सूचना तथा सञ्चार मन्त्रालयमा प्रधानमन्त्रिको अनुकूल हुनेलाई मन्त्रि बनाउनुपर्ने प्रस्ताव गरेका छन्भने अन्य पक्षहरुले उक्त मन्त्रालय प्रधानमन्त्रिको समूह बाहिरबाट हुनुपर्ने माग गरेका छन् । सरकार गठन प्रक्रिया शुरु नभए पनि रास्वपाले सरकारमा गएपछि गर्ने कामकाबारेमा अहिलेदेखिनै बिवाद शुरुभएको छ । गत फागुन २१ गते सम्पन्न निर्वाचनबाट रास्वपाले दुई तिहाइ नजिक बहुमत पाएको छ । उसले प्रत्यक्ष निर्वाचनतर्फ १२५ र समानुपातिकतर्फ ५७ सिट जितेको छ । प्रतिनिधिसभा २७५ सदस्यीय छ । रास्वपाले चुनावी वाचापत्रमा मन्त्रालयको संख्या घटाउने र दलैपिच्छे खोलिएका कर्मचारी संघसंगठन खारेजीका लागि अध्ययनगर्ने उल्लेख छ । बालेन पक्षले मन्त्रालयको संख्या १८ मा झार्नेगरी गृहकार्य थालेको बताइन्छ । तर अन्य पक्षले मन्त्रालय कम्तिमा २५ हुनुपर्ने र सबै पक्षलाई भाग दिनुपर्ने दबाव सिर्जना गरेका छन् । मन्त्रालयहरुको संख्या घटाउने विषयमा विज्ञसहितको टोलीले अध्ययन गरिरहेको कतिपयको भनाई छ । रास्वपा सचिवालय सदस्य शिशिर खनालले यस काममा अगुवाइ गरेको समाचार श्रोतको दाबी छ । रास्वपाको वाचापत्रको १७ नम्बर बुँदामा संघीय मन्त्रालयहरुको संख्या १८ मा सीमितगर्दै विज्ञ मन्त्री र विशेषज्ञतामा आधारित कर्मचारी प्रशासनको नयाँ मानक स्थापित गर्नेछौं। प्रधानमन्त्री कार्यालयलाई केवल प्रशासनिक निकायमात्र नभई अन्तर-मन्त्रालय समन्वय, जलवायु परिवर्तन र ठूला आयोजनाहरुको प्रत्यक्ष अनुगमनगर्ने नतिजा केन्द्रकारुपमा रुपान्तरण गर्नेछौं। नीति निर्माणमा नियामकीय प्रभाव विश्लेषणलाई अनिवार्य गर्नेछौं भनिएको छ । त्यसैले सो कुराको पालना हुनुपर्छभन्ने माग पनि उठेको छ । रास्वपा हिजोबाट समानुपातिक उम्मेदवार छान्ने गृहकार्यमा जुटेको छ । त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले आफूहरुसँग मिलेर जान रास्वपामा दबाब बढाएको बताइन्छ । दाहालले गत केही दिनदेखि आफू रास्वापको संरक्षक भएको बताउँदै आउनु भएको छ । पार्टीका सभापति रवि लामिछाने केही दिनदेखि अस्वस्थ भएर घरमै स्वास्थ्य लाभ गरिरहेकाले बैठक बस्न ढिलाइ भइरहेको जानकारहरुको भनाई छ । उपरोक्त सबै कारणलेगर्दा बालेन साहलाई प्रधानमन्त्रि बन्न महाभारत सिर्जना भएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ ।

## रबि..

हेर्न नहुनेबाहेक गरी पेशी स्थगित नहुनेगरी प्रस्तुत मुद्धामा आगामी चैत एकगतेनै पूर्ण सुनुवाइका लागि पेशीतोकी नियमानुसार पेशगर्नु भनिएको छ । महान्यायाधिवक्ता सविता भण्डारीले गत पुस ३० गते सभापति लामिछानेमाथि अदालतमा बिचाराधीन अवस्थामा रहेको सहकारी र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्धा संशोधनसहित फिर्ता लिने निर्णय गर्नुभएको थियो । उक्त निर्णयविरुद्ध वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीसहितका कानून व्यवसायीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको सन्दर्भमा सो आदेश आएको बताइन्छ । महान्यायाधिवक्ता भण्डारीले लामिछानेमाथि बिभिन्न जिल्लामा विचाराधीन रहेको सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्धा संशोधनगर्न जिल्ला सरकारी वकिल कार्यालयलाई निर्देशन दिनुभएको थियो । सो विरुद्ध सर्वोच्च अदालतमा रिट परेको थियो । शुरुवाती अभियोगमा लामिछाने विरुद्ध सहकारी ठगीको अभियोगमात्रै थियो/ । तत्कालीन सरकारले पूरक मुद्धा लगेर सम्पत्ति शुद्धीकरण र संगठित अपराधको अभियोग पनि थपेको थियो/ तर महान्यायाधिवक्ता कार्यालयले लामिछानेको हकमा कम्पनीमा आएको रकम खर्चगर्ने भूमिकामात्र देखिएकाले उनलाई संगठित अपराधको घेरामा राख्नुभन्दा सहकारी ठगीको दायरामा मात्र राख्नु उपयुक्त हुने निष्कर्ष निकालेको थियो । तर कतिपय जिल्लाले महान्यायाधिवक्ता भण्डारीको आदेश तत्काल कार्यान्वयनगर्न नसकिने बताएका छन् । लामिछानेले सहकारी ठगी प्रकरणमा कतिपय जिल्लामा मागिएको धरौटी दाखिलासमेत हुन सकिरहेको छैन ।

## बिभिन्न..

जिल्लामा जापनिज इन्सेफलाइटिसका १५ संक्रमित फेला परेका छन् । तीमध्ये छजनाको मृत्यु समेत भइसकेको छ । संक्रमण दर बर्सेनि बढ्दै जान थालेपछि नवलपरासी ( बर्दघाट सुस्तापूर्व)लाई मात्र लक्षित गरेर खोप अभियान सञ्चलनगर्न लागिएको हो । त्यसैगरी पर्वतमा अफ्रिकन स्वाइनफ्लुको प्रकोप देखिएको छ । पर्वतका बिभिन्न पालिकामा व्यावसायिकरुपमा पालिएका बंगुरमा अफ्रिकन स्वाइनको संक्रमण बढेको हो । सदरमुकाम आसपासका क्षेत्रमा गरिएको परीक्षणमा अफ्रिकन स्वाइन फिभर पुष्टिभएपछि किसान तथा बंगुरपालकलाई सतर्कता अपनाउन आग्रह गरिएको छ । पर्वतमा अहिलेसम्म उक्त रोगको संक्रमणका कारण ४६ वटा बंगुर मरिसकेका छन् । भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय पर्वतकाअनुसार कुश्मा नगरपालिका क्षेत्रमा पालिएका केही बंगुरमा ज्वरो आउने, कान, पुच्छर र पेटको तल्लो भाग निलो हुने, खाना नखाने र अचानक मृत्यु हुनेजस्ता लक्षण देखिएपछि परीक्षण गरिएको थियो । नमूना संकलनगरी गरिएको र्‍यापिड किट परीक्षणमा अफ्रिकन स्वाइन फिभर पोजेटिभ देखिएको सो कार्यालयले जनाएको छ । थप पुष्टिगर्न नमूना केन्द्रीय पशुपक्षी रोग अन्वेषण प्रयोगशाला, पोखरा पठाइएको कार्यालय प्रमुख सुरेशकुमार श्रेष्ठले जानकारी दिनुभएको छ । त्यसैगरी अन्य कतिपय जिल्लाहरुमा दादुराको प्रकोप पनि देखिएको छ । अब गर्मियाम शुरु भएपछि फेरी डेंगुको संक्रमण बढ्ने जानकारहरुले बताएका छन् ।

## आगजनीमा..

पठाउनेबारे कुराकानी भएको थियो । पछि सरकारले भारत पठाएको थियो । अमेरिकी पत्रिका 'द न्यूयोर्क टाइम्स'ले २४ भदौमा भएको आगजनीका क्रममा रसायनिक पदार्थ प्रयोग भएको शंकागर्दै समाचार लेखेपछि जाँचबुझ आयोगले त्यसबारे चासो देखाएको थियो । त्यसैले घटनाको झण्डै डेढ महिनापछि प्रहरीले नमूना संकलन थालेको थियो । फरेन्सिक परीक्षणका लागि प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत, संसद भवन, राष्ट्रपति कार्यालय र निजी क्षेत्रबाट कान्तिपुर पब्लिकेशन्स् तथा भाटभटेनी सुपरमार्केटबाट प्रहरीले खरानी संकलन गरेको थियो । एउटै आगजनी स्थलमासमेत फरक,फरक ठाउँका नमूना संकलन गरिएको थियो । सोही विषयमा अनुसन्धानगर्न उपत्यका अपराध अनुसन्धान कार्यालयका तत्कालीन एसपी काजीकुमार आचार्यको नेतृत्वमासमेत छानबिन समिति बनेको थियो । त्यसपछि प्रहरीको समिति र जाँचबुझ आयोग दुवैले यसको परीक्षण प्रतिवेदनबारे चासो देखाएका थिए । तर, नेपालमा ती नमूनाको परीक्षण हुननसकेपछि प्रहरीको विधि विज्ञान प्रयोगशालाहुँदै गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र भारतस्थित नेपाली दूतावासको सहयोगमा नमूना परीक्षणको प्रक्रिया अघिबढाइएको थियो । उक्त घटनामा संलग्न व्यक्ति तथा समूह र प्रयोगभएका औजारबारे हालसम्म नखुलेकाले त्यसबारे फेरी अर्को आयोग बनाउनुपर्ने माग हुनथालेको छ ।

## इरानी....

मध्यनजरगर्दै इरानी नागरिकलाई आगमन भिसा नदिने निर्णय गरेको बताइन्छ । अमेरिका र इजरायलले इरानमा आक्रमण गरेपछि मध्यपूर्वी क्षेत्रमा तनाव बढेको छ । अमेरिकी आक्रमणमा इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनेई मारिएपछि तनाव झन् बढेको हो । यसबीचमा अमेरिका र इजरायलले निरन्तर आक्रमण गरिरहेका छन् । इरानले पनि मध्यपूर्वी क्षेत्रमा रहेको अमेरिकी बेसक्याम्पहरुमा आक्रमण जारी राखेको छ । नेपालले इरान लगायतका १३ वटा मुलुकलाई आगमन भिसामा अवरोध गरेपनि त्यहाँ रहेका नेपाली निष्काशनमा पुर्ने संभावना बढेको बताइन्छ ।

## नेपाली....

सानेपामा हालै बसेको बैठकले नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिमा प्राप्तभएका अनुशासन उल्लंघनका उजुरीहरुको प्रारम्भिक अध्ययनगर्ने निर्णय र नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिको कार्यविधि – ०८२ को उपदफा (१.१) बमोजिम केन्द्रीय कार्यालयका सहसचिव दिनेश थापा मगरलाई समितिको सचिवमा नियुक्तगर्ने निर्णय दुईवटा निर्णय गरेको छ । कांग्रेसका प्रवक्ता देवराज चालिसेले चैत पहिला साताभित्रै केन्द्रीय कार्यसमिति बैठक बोलाउने तयारीमा आफूहरु रहेको जानकारी पनि दिनुभएको छ । गगन थापा र बिश्व प्रकाश शर्माका कारण नेपाली कांग्रेस अस्तब्यस्त भएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजय व्यहोरेसँगै सभापति गगन थापाले सभापति पदबाट पनि राजीनामा दिने तयारी पनि गर्नुभएको छ । थापालाई धेरैले गत २१ गते भएको प्रतिनिधिसभा चुनावको पराजयको जिम्मेवारीलिँदै पद त्याग्नु उचित हुने सुझाव दिएको बताइन्छ । उता संस्थापन पक्षलेभने नियमित महाधिवेशनका लागि अब आफ्नो तयारी थाल्ने बताइएको छ । जसलेगर्दा यदि गत बिशेष महाधिवेशन अघिको अवस्थाबाट अगाडि नबढ्ने होभने नेपाली कांग्रेसको देउवा र गगन थापा समूह औपचारिकरुपमै अलग हुने अवस्था सिर्जना भएको जानकारहरुले बताएका छन् ।

## आयोगको...

आम नागरिकको सुसूचित हुनपाउने अधिकारको सम्मानगर्न मागगरेको छ । समितिका संयोजक राजुप्रसाद चापागाईंले एक प्रेस विज्ञप्ति जारीगरी उक्त आयोगको प्रतिवेदन तत्काल सार्वजनिकगर्न माग गर्नुभएको हो । विज्ञप्तिमा प्रतिवेदन सार्वजनिकगर्ने वा नगर्नेभन्ने कुरा सरकारको तजबिजको विषय होइन प्रतिवेदनबारे जानकारी पाउने आम नागरिकको संविधानप्रदत्त अधिकार होभने छानबिन प्रतिवेदनलाई यथाशीघ्र सार्वजनिक जानकारीमा ल्याउनु सरकारको दायित्व हो भनिएको छ । जेनजी भनिने केही समूहहरुले तत्कालीन सरकारका प्रधानमन्त्रि केपी ओलीमाथि जसरी पनि कारवाही गराउने र जेलमा पुर्‍याउने प्रयास गरिरहेका छन्भने ओलीले सो घटनाका लागि आफूले कुनै आदेश नदिएकोभन्दै आदेश दिएको भए प्रमाणित गरेर देखाउन चुनौती दिनुभएको छ । उहाँले भदौ २३ र २४ मा घटना गराउने व्यक्ति र समूह, उनीहरुले प्रयोग गरेका औजार र त्यसको श्रोतबारे छानविन हुनुपर्ने माग गर्नुभएको छ । तर भनिन्छ गौरीबहादुर कार्की आयोग उपरोक्त विषयमा मौन छ ।

## पौडेलको...

सिफारिस गरेको थियो । अर्का प्रहरी निरीक्षकद्वय किरणप्रसाद न्यौपाने र सूर्यकुमार कार्कीलाई घटनाको मुचुल्कामा त्रुटिपूर्ण कार्य गरेकोभन्दै सचेत गराउन भनिएको थियो । आयोगले सरकारलाई सिफारिसगर्दै घटनामा प्रहरीलाई निर्देशन दिने तालुक निकायका पदाधिकारी तथा कर्मचारी, आदेश दिने अधिकारी तथा दुरुत्साहन गर्ने व्यक्तिमाथि अनुसन्धान गरी कानुनको दायरामा ल्याई सोहीबमोजिम कारवाहीगर्न माग गरेको छ । पौडेलको बाँच्न पाउने न्यूनतम अधिकारको हनन भएको आयोगको ठहर छ । पौडेलको ०७६ असार चारगते मृत्यु भएको थियो । सर्वोच्च अदालतले समेत छ वर्षअघि सर्लाहीमा भएको उपरोक्त घटनामा तत्कालीन गृहमन्त्रीदेखि इलाका प्रहरीका इन्चार्जसम्मलाई फौजदारी मुद्धा अघि बढाउन आदेश दिएको छ । न्यायाधीशद्वय मनोजकुमार शर्मा र श्रीकान्त पौडेलको इजलासले गत शुक्रबार तत्कालीन गृहमन्त्री रामबहादुर थापा र प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालसहित १२ जनाविरुद्ध फौजदारी अनुसन्धान अघि बढाउन परमादेश जारीगरेको थियो । सर्लाही जिल्ला प्रहरी कार्यालयमा तत्कालीन गृहमन्त्री थापा, तत्कालीन आईजीपी खनालसहित १२ जनाविरुद्ध जाहेरी दर्ता भएको थियो । राजनीतिक कार्यक्रम सकेर फर्कदै गर्दा लालबन्दी-१ लखन्ती खोलामा भएको भिडन्तमा परी कुमारको मृत्यु भएको प्रहरीको दाबी छ । तर चन्द समूहलेभने पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर हत्या गरेको आरोप लगाउँदै आएको छ । कुमारकी आमा दुर्गादेवी पौडेलले तत्कालीन गृहमन्त्री थापा, तत्कालीन आइजिपी खनाल, तत्कालीन प्रदेश-२ का डिआईजी हरिबहादुर पाल, सर्लाहीका तत्कालीन सिडिओ कृष्णकुमार राउत र तत्कालीन एसपी गोपालचन्द्र भट्टराईविरुद्ध जाहेरी दिनुभएको थियो ।

## बृहत..

पुनर्गठन, एकीकरण र पुनर्जागरणको आवश्यकताबारे आम जनसाधारण तथा कार्यकर्ताको चासो र चिन्ताबारे हामी सबै जानकार छौं । यस परिस्थितिमा कम्युनिष्ट आन्दोलनको गौरवलाई बचाउन र अगाडि बढाउन देशभरिका सबै कम्युनिष्टहरु विशेषरुपले गम्भीर हुन हाम्रो पार्टी आह्वान गर्दछ भनिएको छ । बक्तब्यमा त्यसका लागि विगतको वस्तुनिष्ठ समीक्षागर्न, कमजोरीहरुको खुलस्त आत्मालोचनागर्न र कम्युनिष्ट आन्दोलनको व्यापक पुनर्गठन, एकीकरण र पुनर्जागरणबारे छलफल चलाउन, संगठित हुन र आवश्यक पहलकदमी लिनका लागि सम्बन्धित सबैमा हार्दिक अपिल गरिएको उल्लेख छ । अन्य कम्युनिष्ट पार्टीहरुले पनि संयुक्त बाममोर्चा बनाउन पहल थालेका समाचारहरु बाहिर आएका छन् ।

## चारवटा...

हो । उहाँले गत निर्वाचनपछि नेपालमा साम्राज्यवादी शक्ति हावी हुनपुगेको बताउँदै देशको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको निम्ति सच्चा देशभक्त र क्रान्तिकारी शक्तिहरुबिच सदृढ एकता आजको आवश्यकता बनेको पनि बताउनु भएको थियो । उहाँले विकसित राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिक परिस्थितिमा अब सच्चा कम्युनिष्ट क्रान्तिकारीहरु एकताबद्ध भएर अगाडि बढ्नुको विकल्प छैन भन्नुभएको थियो । महासचिव गजुरेलले आफूहरुले क्रान्तिको दायित्व नछाडेको बताउनुहुँदै आठ मार्च पनि केवल दिवस नभएर क्रान्तिको उपलब्धि भएको दाबि गर्नुभएको थियो । उहाँले वर्गमुक्तिसँगै श्रमिक महिलाहरुको पनि मुक्ति हुन्छ । त्यसका लागि श्रमिक महिलाहरु क्रान्तिकारी आन्दोलनमा संगठित भएर अगाडि बढ्न जरुरी छ भन्नुभएको थियो । त्यसैगरी सोही कार्यक्रमलाई सम्बोधनगर्दै वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपालका महासचिव बिश्वभक्त दुवालले राष्ट्रिय अन्तर्राष्ट्रियरुपमा विकसित नवीन परिस्थितिको ठोस विश्लेषणगर्दै क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन विचार मिल्ने कम्युनिष्टहरु एकताबद्ध भएर अगाडि बढ्नुपर्ने बताउनु भएको थियो । त्यसैगरी क्रान्तिकारी कम्युनिष्ट पार्टीले नेपालमा विदेशी हस्तक्षेप तीब्र भएकोभन्दै तत्काल साम्राज्यवाद विरोधी संयुक्त मोर्चा निर्माणमा जोड दिएको छ । सो पार्टीको हालै भएको स्थायी समितिको बैठकपछि जारी बक्तब्यमा उपरोक्त कुरा उल्लेख छ । बैठकपछि सो पार्टीका प्रबक्ता हेमन्तप्रकाश ओलीद्वारा जारी बिज्ञप्तिमा बैठकले गत केन्द्रीय समितिको चौथो पूर्ण बैठकद्वारा पारित संसदीय चुनाव बहिष्कारको कार्यनीति कार्यान्वयनगर्न तयगरिएको कार्यक्रमवारे समीक्षा गरेको उल्लेख छ ।

## उम्मेदवार...

छ । तर ति खर्चहरु प्राय: औपचारिक खर्च विवरणमा समावेश नहुने भएकाले अदृश्य खर्च बढिरहेको प्रतिवेदनले औंल्याएको छ । प्रतिवेदनमा पर्यवेक्षणकाक्रममा निर्वाचन आयोगप्रति सरोकारवालाको भरोसा उच्च रहेको तर मतदाता शिक्षामा कमी र दुर्गम क्षेत्रमा सूचनाको असमान पहुँच व्यापकरुपमा देखिएको उल्लेख छ । कतिपय उम्मेदवारले उठाएको सहयोग रकम खर्च नगरी बचाएर राखिएको छभने कतिपय उम्मेदवारले ठूलो रकम खर्च गरेको भएपनि त्यसलाई छिपाउने प्रयास गरेको देखिएको छ ।

## गत....

प्रत्यक्षतर्फ त ऊ झनै खुम्चन पुग्यो । अघिल्लो निर्वाचनमा प्रत्यक्षतर्फ ४४ स्थानमा जित हासिल गरेको एमालेले यसपटक ९ स्थान मात्र जित्यो। एमालेले यसपटक ताप्लेजुङ, इलाम-२, संखुवासभा, धनकुटा, बाँके-२, दैलेख-२, अछाम-२, बझाङ, दार्चुलाबाहेक अन्यत्र जित निकाल्न सकेन। निर्वाचन आयोगको विवरण अनुसार एमाले ४१ स्थानमा निकटतम प्रतिस्पर्धी अर्थात् दोश्रो बन्यो। एमाले झापा-२, ४, ५, तेह्रथुम, भोजपुर, मोरङ-२, खोटाङ, उदयपुर-२ मा दोश्रो बन्यो। त्यस्तै, सिराहा-३, रौतहट-१, बारा-४, पर्सा-१, दोलखा, रामेछाप, सिन्धुली-१, धादिङ-१, भक्तपुर-२, मकवानपुर-२, लमजुङ, कास्की-२, नवलपुर-२, मुस्ताङ, म्याग्दीमा पनि दोश्रो बन्यो। गुल्मी-१ र २, पाल्पा-१, अर्घाखाँची, रुपन्देही-२, ४, ५, रुकुमपूर्व, दाङ-२ मा पनि एमाले दोश्रो बन्यो । बाँके-३, बर्दिया-१, डोल्पा, मुगु, कालिकोट, दैलेख-१, सुर्खेत-१, बाजुरा, डोटीमा पनि दोश्रो बन्यो । निर्वाचन परिणामअनुसार एमाले ६२ ठाउँमा तेस्रो भएको छ भने ४२ स्थानमा चौथो भयो । मोरङ-५, उदयपुर-१, सप्तरी-४, रौतहट-२, नवलपरासी बर्दघाट सुस्तापूर्व-२, कैलाली-३ गरी ६ ठाउँमा पाँचौं बन्यो। मधेस प्रदेशअन्तर्गत सप्तरी-२, महोत्तरी-३, सर्लाही-२ मा एमाले सातौं भयो । एमालेले यो निर्वाचनमा झापा, मोरङ, सुनसरी लगायत तराई-मधेसको ठूलो मताधार गुमायो। काठमाडौं उपत्यका लगायत शहरी क्षेत्रको मताधार गुमाएको छ । ती स्थानका निर्वाचन क्षेत्रमा एमालेका उम्मेदवारहरुलाई धरौटी जोगाउन पनि सकस देखियो । झापा-१, झापा-३, मोरङ-३, ४, ५, ६, सुनसरी-१, २, ४, सप्तरी-२, ३, ४, सिराहा-२, ४, महोत्तरी १, २, ३, सर्लाही १, २, ३, रौतहट-२, ३, ४, बारा-३, काठमाडौं-१, २, ३, ५, ७, ८, ९, १०, भक्तपुर-१, ललितपुर-२, ३, चितवन-२, ३, गोरखा-१, २, तनहुँ-१, रुपन्देही-१, ३, कपिलवस्तु-२, दाङ-१, नवलपरासी-१, २, कैलाली-१, ३, डडेलधुरागरी ४९ स्थानमा एमालेको जमानत जफत भएको छ । उम्मेदवारी दर्तागर्न निर्वाचन आयोगले १० हजार रुपैयाँ दस्तुर लिने गर्छ । कुल सदर मतको १० प्रतिशत कटाउने उम्मेदवारले जमानत बापतको उक्त रकम फिर्ता पाउँछन्। उक्त मत नकटाउने उम्मेदवारको १० हजार रुपैयाँ जफत हुन्छ । धरौटी जफत त्यसैलाई भनिएको हो । ०७९ सालको निर्वाचनमा एमालेको प्रत्यक्ष र समानुपातिक गरी ७८ जना सांसदको प्रतिनिधित्व थियो। निर्वाचन आयोगको अद्यावधिक विवरणअनुसार आगामी संसदमा एमालेको २५ सांसदको प्रतिनिधित्व रहने देखिएको छ। एमालेका ९ जना उम्मेदवार प्रत्यक्ष जितेका छन् । समानुपातिकबाट १६ जनाको प्रतिनिधित्व रहने देखिएको छ । **( उपरोक्त तथ्यांक र बिवरण राससबाट लिइएको हो । )**

पानीको स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं-२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर-१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# हालै सम्पन्न प्रतिनिधिसभाको निर्वाचन र आगामी सरकारको प्रतिक्षा

**नेपालमा खासगरी राजनीतिक क्षेत्रमा बिचित्रका घटनाहरु हुनेक्रम जारी रहेको छ। त्यसैक्रममा गत फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन ०८२ सम्पन्न भएर नयाँ संसद र सरकार गठन हुनेक्रम शुरुभएको छ। तर हालसम्म पनि देशको राष्ट्रिय राजनीति कसरी अगाडि बढ्छभनेर कसैले पनि बताउन सकेका छैनन्। किनकी गत भदौ २३ र २४ गते नेपालमा अप्रत्याशितरुपमा बिध्वंश भएको थियो। जसले बिद्यमान राजनीतिक ब्यवस्था र सरकार दुबैको परिवर्तनको माग गरेको थिएन। त्यतिबेलाको अवस्थामा सामाजिक सञ्जालमाथि लागेको प्रतिबन्ध खुल्ला हुनुपर्ने माग तत्कालीन सरकारले नै पूरागरेको थियोभने भ्रष्टाचारको छानविन हुनुपर्ने माग बर्तमान सरकारले पनि पूरा गर्न/गराउन सकिरहेको छैनभने अब बन्ने सरकारले पनि सहजै पूरा गराउन सक्ने अवस्था देखिएको छैन। तर संसदको बैठक चलिरहेकै अवस्थामा भदौ २३ र २४ गतेको घटनालाई बहाना बनाएर भदौ २७ गते मनोनित प्रधानमन्त्रिको सिफारिसमा निर्वाचित संसद बिघटन गरेर नयाँ निर्वाचनको घोषणा गरिएका कारण गलत नजिर बन्न पुगेको थियो। त्यतिबेलैबाट नेकां र एमालेलगायतका बिघटित संसदमा रहेका प्रमुख दलहरुलाई किनारा लगाउने प्रयास भएको पनि सबैले अनुभव गरेका थिए। नभन्दै गत फागुन २१ गते निर्वाचन भयो। जसले पुराना र स्थापित दलहरुलाई किनारा लगाएर नयाँ दललाई अगाडि ल्याएको छभने संसदमा दलहरुको संख्या सीमितगर्ने प्रयास पनि गरेको छ।**

**यसअधिको संसदमा १४ दल रहेकोमा अब छवटा दलहरुमात्र संसदमा रहने भएका छन्। तर सत्ता राजनीतिमा पुनारा दलहरुको बर्चश्वभने कायमै रहेको छ। किनकी अब पनि नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी दल हुने छभने एमालेपनि सिटसंख्या कमै भएपनि सशक्तरुपमा प्रस्तुत हुने संकेतहरु देखिएका छन्। राजावादी दल मानिएको राप्रपालाई पनि किनारा लगाइएका कारण राजतन्त्रको पुनर्स्थापना सम्बन्धी माग पनि किनारा लागेको देखिएको छ। स्वतन्त्र पार्टीले पुराना मूल्य, मान्यता र आदर्श सबै छाडेर स्वतन्त्ररुपमा कामगर्ने प्रयास गरेको देखिएको छ। गत भदौ २३ र २४ को घटना, भदौ २७ को घोषणा र फागुन २१ को प्रतिनिधिसभाको निर्वाचन सबैमा दुई छिमेकीमध्ये भारतले बढी चासो राखेको देखिएको छ। त्यसैले अबका दिनमा रास्वपाले भारतीय चाहनाअनुसार काम गरेको खण्डमा फेरी नेपाली जनताको तीब्र बिरोधको सामना गर्नुपर्ने र भारतीय चाहना बिपरित काम गरेको खण्डमा भारतको असहयोगको सामना गर्नुपर्ने देखिएको छ। त्यसैगरी नेपालमा अमेरिकी चासो पनि यसअधिकोभन्दा बढेको देखिएको छ।**

**यसअघि नेकां र एमाले तथा तत्कालीन माओवादी केन्द्रकाबीचमा कुनै न कुनै किसिमको गठबन्धन रहने गरेको थियो। जसलेगर्दा उनीहरुले राष्ट्रिय र अन्तराष्ट्रिय एजेण्डाहरुमा सन्तुलन गर्ने/गराउने प्रयास गर्दैआएका थिए। तर अब त्यो अवस्था रहेको छैन। त्यसैले घटनाक्रमहरुले के देखाएका छन्भने नेपालमा फेरी पनि भदौ २३ र २४ को बिध्वंश तथा भदौ २७ को घटना दोहरिन सक्ने प्रबल संभावना रहेको छ। उक्त बिध्वंश र घोषणाको जगमा अबको संसद र सरकार बन्ने भएका कारण त्यस्तो संसद र सरकारले बलको राजनीतिलाई टार्न सक्ने अवस्था रहँदैन। त्यसैले रास्वपाको बहुमत आएको भएपनि उसले पुराना दलहरुको साथसहयोग बिना देशको शासन सत्ता सञ्चालनगर्न सक्ने कुनै संभावना देखिएको छैन। नयाँ सरकारका सामु भ्रष्टाचार नियन्त्रण, बेरोजगारीको अन्त्य र युवा रोजगारी सिर्जना तथा आर्थिक विकास लगायतका चुनौतीहरु रहने निश्चित छ। त्यसैगरी नेपालमा आवश्यकताभन्दा बढी चासो राख्दैआएका भारत र चीनमात्र नभएर अमेरिकालगायतका पश्चिमा राष्ट्रलाई पनि सन्तुलनमा राख्नसक्नुपर्ने अवस्था छ। त्यसैले अब आउने सरकारले राष्ट्रिय एकता र सहमतीय राजनीतिलाई प्रमुख एजेण्डा बनाउन सक्नुपर्ने अवस्था छ। अब पनि अन्य दलहरुलाई किनारा लगाएर आफूमात्र अगाडि बढ्ने प्रयास गरियोभने त्यसले राम्रो उपलब्धी दिँदैन। यो आजको प्रमुख बिचारणिय पक्ष हो।**

# सम्पन्न प्रतिनिधिसभाको निर्वाचन र सिर्जना भएका नयाँ समस्या

**देश/परिवेश** डा. केशव देवकोटा

नेपालमा बिद्यमान राजनीतिक ब्यवस्थामा समस्या रहेको र विदेशी हस्तक्षेप झन झन बढ्दैगएका कारण गत फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भए पनि समस्या सुल्झिनुको साटो झन बढ्दै गएको देखिएको छ। अब संभवत यसैसाता नयाँ संसद र सरकार गठन हुने भएपछि दलहरुका बीचमा खिचातानी बढेर गएको देखिएको छ। कतिपयले नयाँ निर्वाचनका कारण राजनीतिक समस्याको समाधान भएको ठानेका छन्भने कतिपयले फेरी ठूलो संकट सन्निकट बन्दैगएको बताउन थालेका छन्। नेपालको राष्ट्रिय राजनीतिका प्रमुख खेलाडी नेकपा(मसाल) का महामन्त्रि मोहन बिक्रम सिंह, एमालेका अध्यक्ष केपी ओली र नेपाली कांग्रेसका नेता पूर्णबहादुर खड्का लगायतका पछिल्ला प्रतिक्रियाहरुले उपरोक्त कुराको संकेत गरेका छन्। गत भदौ २३ र २४ गते देशमा जुन ढंगको बिध्वंश भयो, त्यसको रहस्य हालसम्म खुल्न सकेको छैन। सो घटना दरबार हत्याकाण्ड र दासढुंगा हत्या काण्डजस्तै सधै रहस्यमै रहने अवस्था छ। उक्त बिध्वंश मच्चाउनेहरुले बिद्यमान राजनीतिक ब्यवस्था र तत्कालीन सरकार कुनैको पनि परिवर्तन मागेका थिएनन्।

तर भदौ २७ गते उक्त बिध्वशलाई कारण जनाएर संसदको बैठक चलिरहेकै बेला संसद बाहिरबाट त्यो पनि ०७२ को संविधानलाई चुनौतीदिँदै पूर्ब प्रधानन्यायाधिशलाई प्रधान मन्त्रिमा नियुक्तगरी अनिर्वाचित प्रधानमन्त्रिको एकल सिफारिसमा निर्वाचित संसद बिघटनगर्ने र नयाँ निर्वाचनको घोषणा गर्ने/गराउने काम भयो। खासमा त्यो पनि एक प्रकारको राजनीतिक बिध्वंश नै थियो। भदौ २३ र २४ को बिध्वंशले देशको भौतिक क्षति भएको थियोभने भदौ २७ को घोषणाले राजनीतिक क्षति भएको थियो। त्यसपछि पार्टीको सभापति र प्रधानमन्त्रि दुबै हत्याउन नेपाली कांग्रेसमा अर्को बिध्वंश भयो। जसले नेपाली कांग्रेस यतिबेला ८९ सिटबाट घटेर १८ सिटमा खुम्चिनु परेको छ। कूल १६५ वटै निर्वाचन क्षेत्रको मतगणना सम्पन्न भएर सार्वजनिक भएको परिणामअनुसार एमालेले ७८ बाट ९ र नेपाली कम्युनिष्ट पार्टी ४२ बाट ८ सिटमा खुम्चिनु परेको छ। तत्कालीन माओवादी केन्द्र र एकीकृत समाजवादी सहितका २६ दल मिलेर बनेको भनिएको नेपाली कम्युनिष्ट पार्टीले ८ सिटमात्र ल्याउनु आफैमा ब्याख्या र बिश्लेषणलायक बिषय भएको छ। समानुपातिकतर्फको मतगणनामा पनि रास्वपाले ५० लाख मत प्राप्तगरेको छ। नेपाली कांग्रेसले १६ लाख ९२ हजार, एमालेले १४ लाख ११ हजार, नेपाली कम्युनिष्ट पार्टीले ७ लाख ६६ हजार, श्रम संस्कृति पार्टीले ३ लाख ५८ हजार, राष्ट्रिय प्रजातन्त्र पार्टीले ३ लाख २४ हजार मत प्राप्तगरेको देखिन्छ। यसअघिको संसदमा १४ दल रहेकोमा अब केवल छवटा दलमात्र रहने भएका छन्। रास्वपाले त्यसरी बहुमत ल्याउनुमा सो पार्टीको संगठन राम्रो भएर होइन, नेकां र तत्कालीन माओवादी केन्द्रमा देखिएको कलहका कारणले हो भन्ने कुराहरु पनि खुलिसकेका छन्। त्यसैले हालको अवस्थामा रास्वपालाई बिभिन्न पार्टीका असन्तुष्ठ र बिद्रोहीहरुको संयुक्त मोर्चा भनेपनि हुनेभएको छ।

हाल संसदमा आएका मुख्य तीन दलमध्ये एमालेको अवस्था तुलनात्मकरुपमा बढी सुदृढ देखिएको छ। किनकी सो पार्टीले गत निर्वाचन अगाडि बिभाजन र पुनरगठनको अवस्था ब्यहोर्नु परेको थिएन। त्यसैले अबको संसदमा संख्याका हिसावले नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी दल हुने भएपनि बिचार र संगठनका हिसावले एमालेले प्रमुख प्रतिपक्षी दलको भूमिका निर्वाह गर्नुपर्ने अवस्था रहेको छ। अब पनि समस्याको समाधान हुने र देशमा राजनीतिक स्थायित्व कायम हुने कुनै संभावना देखिएको छैन। किनकी दलीय राजनीति भएको मुलुकमा जब दलहरुमा संकटको अवस्था सिर्जना हुन्छ, त्यसले देशमा पनि संकटको सिर्जना गर्दछ। राजनीति बिचार र दर्शनका आधारमा सञ्चालन भएको हुनुपर्छभन्ने राजनीतिक शास्त्रको मान्यता छ। राजनीति जब बिचारबाट नभएर बल प्रयोगका आधारमा चल्नथाल्छ, तब देशमा गंभिर प्रबृतिका राजनीतिक दुर्घटनाहरु हुन थाल्दछन्। जसको उदाहारण नेपालका पछिल्ला राजनीतिक घटनाक्रमहरुनै रहेका छन्। गत २१ गतेको निर्वाचनका अधिकांश परिणामहरु सार्बजनिक भैसकेका छन्। सो परिणामले अब संसदमा छवटा पार्टीको प्रतिनिधित्व हुने र छवटै पार्टी राष्ट्रिय दल बन्नेभएका छन् संख्यामा केही धेरथोर भएपनि सबै राष्ट्रिय दल हुनु अर्को बिचारणिय कुरा हो। गत २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा सहभागी भएका ६५ वटा दलमध्ये जम्मा छवटा पार्टी राष्ट्रिय दल बन्नुभनेको आफैमा राजनीतिक संकटको सूचक पनि हो। किनकी सदनमा आउन नसकेका दलहरु स्वतह सडकमा प्रस्तुत हुन्छन्। यो नेपालको परंपरा पनि रहँदैआएको छ। जो जसले गत २१ को निर्वाचनलाई भित्रीरुपमा परिचालन गरेका थिए, उनीहरुले नेपालमा ठूलै राजनीतिक कलहको शुरुवात गराउने प्रयास गरिरहेको देखिएको छ। क्रमका हिसावले रास्वपा पहिलो, दोश्रो स्थानमा नेपाली कांग्रेस, तेश्रोमा एमाले, चौथोमा नेपाली कम्युनिष्ट पार्टी, पाँचौमा श्रम संस्कृति पार्टी र छैठौंमा राप्रपाले समानुपातिकको थ्रेसहोल्ड पारगरेको निर्वाचन आयोगको तथ्यांक छ। यीबाहेकका अन्य दलले प्रत्यक्षतर्फ एकसिट पनि जित्नसकेका छैनन् र समानुपातिकमा पनि थ्रेसहोल्ड पारगर्न सक्ने देखिएको छैन। त्यसैले अब ५९ वटा दलका लागि देशको शासन सत्तामा प्रभावपार्न अन्य उपाय अपनाउनुको कुनै बिकल्प देखिएको छैन। अब संसदको सबैभन्दा ठूलो पार्टीको हैसियतमा रास्वपाले संसद र सरकार गठनगर्ने संभावना प्रबल रहेको छ। प्रबल यस मानेमाकि रास्वपाले गत निर्वाचनमा नवप्रबेशी नेता बालेन साहलाई भाबि प्रधानमन्त्रिकारुपमा अगाडि सारेको थियो। अब निर्वाचन सकिएपछिको अवस्थामा उक्त शोचमा केही परिवर्तन हुने संभावनाहरु पनि देखापरेका छन्। रास्वपाको विधानले पार्टीका सभापति प्रतिनिधिसभाको सदस्य रहेको खण्डमा सभापतिलाईनै संसदीय दलको नेता बनाउनुपर्ने किटानी गरेको छ। त्यसैगरी प्रधानमन्त्रि हुनका लागि कुनैपनि दलको संसदीय नेता भएको हुनुपर्छभन्ने संवैधानिक ब्यवस्था पनि रहेको छ। गत २१ गतेको निर्वाचनमा रास्वपाले बहुमत हाँशिल गरेको भनिएपनि सरकार गठनका लागि केही बिवाद र बिलम्ब हुनसक्ने अवस्था छ। हाल रास्वपामा जुन लहर आएकोजस्तो देखिएको छ, त्यो पार्टीको उपलब्धीमात्र नभएर संकट पनि हो। किनकी रास्वपाले अन्य पार्टीबाट बिद्रोह गरेकालाई आफ्नो पार्टीबाट उम्मेदवार बनाएर सांसदमा ल्याएको छ। त्यसैगरी रास्वपाले अन्य पार्टीका असन्तुष्ठहरुकै मतबाट बिजय प्राप्त गरेको स्पष्ट छ। अब नयाँ सरकार गठन भएर काम थाल्नासाथ सबै सन्तुष्ठ हुन्छन्भन्ने छैन।

शुरुमै रवि लामिछाने र बालेन साहको समूह देखिएको छभने अब रास्वपामा नेकां, एमाले, नेपाली कम्युनिष्ट पार्टी र अन्य दलका बिद्रोहीहरुको अलग, अलग समूहहरु देखिने संभावनाहरु पनि रहेका छन्। त्यसैले संसदमा धेरैसिट ल्याउँदैमा रास्वपाले दम्भ प्रदर्शनगर्नुको कुनै अर्थ छैन। त्यसैगरी हालको अवस्थामा नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी पार्टी हुने प्रबल संभावना छ। सो पार्टीका गगन थापा बिशेष महाधिवेशनबाट सभापति तोकिनु भएको छ। तर प्रतिनिधिसभाका पराजित हुनुभएकाले एकातिर संसदीय दलको नेता अर्कै बनाउनुपर्ने अवस्था छभने अर्कातिर सोहि पार्टीको संस्थापन पक्ष (देउवा समूह) ले थापालाई सभापतिको मान्यतासमेत दिएको छैन। कतिपयले उहाँलाई निर्वाचनमा पराजय भोग्नुपरेकाले नैतिकताका आधारमा पार्टीको सभापति पदबाट राजीनामा दिन **बाँकी ७ पेजमा**

# निर्वाचनको सम्पूर्ण कार्य सम्पन्न, दलहरुको बाघचाल शुरु

काठमाडौं। निर्वाचनको सम्पूर्ण प्रक्रिया सम्पन्न भएको छभने दलहरुले आआफ्नो तवरले बाघचाल शुरुगरेका छन्। निर्वाचनको सम्पूर्ण मतपरिणम सार्बजनिकहुँदा रास्वपालाई सामान्य बहुमतमात्र प्राप्तभएको देखिएको छ। जसलेगर्दा दुईतिहाइ पुऱ्याउने होभने अर्को दल मिलाउनुपर्ने अवस्था सिर्जना भएको छ। गोरखा-१ र इलाम-१ को मतगणना सकिएसँगै गतसाता बुधबार समानुपातिकको परिणाम सार्बजनिक भएको थियो। समानुपातिकतर्फको मतगणना सकिएसँगै समानुपातिकतर्फ राजनीतिक दलले पाउने सिट संख्या निर्धारणको गृहकार्य थालिएको छ। समानुपातिक निर्वाचनतर्फ एककरोड सात लाख ३९ हजार ११५ मत गणना भएको निर्वाचन आयोगले जनाएको छ। गणना भएकामध्ये रास्वपा ५१ लाख ३९ हजार २३५ सहित अग्रता कायम गरेको देखिएको छ। नेपाली काँग्रेसले १७ लाख ४९ हजार ५८३, एमालेले १४ लाख ४८ हजार ८५४, नेपाली कम्युनिष्ट पार्टीले आठ लाख पाँच हजार ७७३, श्रम संस्कृति पार्टीले तीन लाख ७८ हजासर ६४९ र राप्रपाले तीन लाख २९ हजार ४७२ मत हाशिल गरेका छन्। अन्य दल थ्रेसहोल्ड कटाउने स्थितिमा देखिएका छैनन्। दलहरुले पाएको मतको आधारमा सिट बाँडफाँटगर्दा छवटा दलले समानुपातिक सिट पाउने भएका छन्। छवटै दलले प्रत्यक्षतर्फ पनि कम्तीमा एक सिट जितेको हुनाले तिनै दलले राष्ट्रिय दलको मान्यता पाउने भएका छन्। मतअनुसार सिट बाँडफाँटगर्दा सबैभन्दा ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टीले ५७ सिट पाउने भएको छ। नेपाली कांग्रेसले २० सिट, एमालेले १६ सिट, नेपाली कम्युनिष्ट पार्टीले नौ सिट, श्रम संस्कृति पार्टीले चार सिट र राष्ट्रिय प्रजातन्त्र पार्टीले चार सिट पाउनेछन्।

यो सिट जोडिँदा रास्वपाको १८२ सिट हुनेछ। यो सिट संख्या दुई तिहाइका लागि दुईसिट कम हो। त्यसैले अब दलहरुको गठजोड कसरी बन्छ ? त्यो हेर्न बाँकी रहेको छ। यस पटकको निर्वाचनमा कमजोर परिणाम आएपछि खासगरी नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीजस्ता दलभित्र आन्तरिक विवाद थप बढ्ने सम्भावना देखापरेको छ। नेतृत्व बर्गलेभने उक्त विवादलाई स्वभाविकरुपमा लिनुपर्ने बताउने गरेका छन्। जब कुनै पार्टीले अपेक्षाअनुसार परिणाम ल्याउन सक्दैन, त्यहाँ नेतृत्व र रणनीतिबारे प्रश्न उठ्छ। कांग्रेस र एमाले दुवै दलभित्र अहिले त्यही प्रक्रिया शुरु भइसकेको देखिएको छ। एमालेभित्र पनि महाधिवेशनपछि नयाँ नेतृत्वले पार्टीलाई बलियो बनाउने दाबी गरेपनि परिणाम अपेक्षाअनुसार नआएकोभन्दै प्रश्न उठ्नथालेको देखिन्छ। त्यसैगरी नेपाली कांग्रेसभित्र पनि कांग्रेस बदल्यौं अब देश बदल्छौंभन्ने नारासहित आएको गगन थापा समूहको नयाँ नेतृत्वले पार्टीलाई अपेक्षितरुपमा मजबुत बनाउन सकेनभन्ने आलोचना शुरुभएको छ। निर्वाचनको परिणाम सार्बजनिक भएपछि कांग्रेसभित्र सभापति पदबाट गगन थापाको राजीनामाको बहस पनि शुरुभएको छ। यस्तो बहस स्वाभाविक भए पनि राजीनामानै समाधान होइन भन्ने पनि कतिपय निस्केका छन्। राजीनामा नैतिक प्रश्न हुनसक्छ, तर त्यो समाधान होइन भन्नेहरु पनि देखिएका छन्। गगन थापाले नैतिक जिम्मेवारीलिँदै राजीनामा दिने र केन्द्रीय समितिले त्यसलाई अस्वीकारगर्ने नाटकको मञ्चन पनि हुनसक्छ। गगन थापाले सभापति पदबाट राजीनामा दिएपनि, नदिए पनि सो समूहमा आन्तरिक बिवाद अझै चुलिएर जाने संभावना रहेको छ।

गगन थापा समूहले काठमाडौंको भृकुटीमण्डपमा विशेष महाधिवेशन गरेर नेतृत्व परिवर्तन भएको घानेषणा गरेको थियो। सो महाधिवेशनबाट गगन थापा सभापति र विश्वप्रकाश शर्मा उपसभापति बनेको घोषणा गरिएको थियो। महाधिवेशन, निर्वाचन आयोगको मान्यता, सर्वोच्च अदालतको मान्यता र टिकट वितरणजस्ता प्रक्रियाहरु निकै छोटो समयमा सम्पन्न भएको देखिनु आफैमा रहस्यको बिषय थियो। बिशेष महाधिवेशनपछि नेतृत्वले टिकट वितरणगर्न र चुनावी तयारीगर्न पनि निकै कमसमय लिएको देखिन्थ्यो। त्यसैले निर्वाचनको परिणामलाई लिएर नयाँ नेतृत्वमाथिनै दोष थोपर्ने अवस्था सिर्जना भएको छ। कतिपय जानकारहरुले नेपाली कांग्रेस कमजोर बन्नुका पछाडि दुई प्रमुख कारण रहेको बताउने गरेका छन्। पहिलो नियमित र विशेष महाधिवेशनको बिवाद हो। त्यसको छिनोफोना समयमै हुननसक्दा संगठन सुदृढगर्ने पर्याप्त समयनै भएन। कतिपयले यदि गत असोजमै विशेष महाधिवेशन भएको भए फागुनसम्म आइपुग्दा सो पार्टीले राम्रो तयारीगर्न सक्थ्यो पनि भन्ने गरेका छन्। दोश्रो कांग्रेसभित्रको आन्तरिक विभाजन रहेको बताइन्छ। सोही बिवादका कारण पार्टीको शक्तिशाली धार चुनावी अभियानमा सक्रियरुपमा देखिएन। कांग्रेसका केही प्रभावशाली नेताहरुले पार्टीका उम्मेदवारलाई मतदिन आग्रह पनि गरेनन्। संस्थापन पक्षका सभापति शेरबहादुर देउवा त फागुन २१ को निर्वाचन अघिनै सिंगापुर प्रस्थान गर्नुभएको थियो। यसरी नेकां, एमाले र तत्कालीन माओवादी केन्द्रका असन्तुष्ठहरुलाई समेटेर रास्वपाले गत फागुन २१ गतेको निर्वाचनमा बहुमत हाँशिल गरेका कारण सो पार्टीका लागि दर्जनौं चुनौतीहरु पनि रहेका छन्। नेपाली जनताले ठूलो अपेक्षासहित मत दिएकोहुँदा अब रास्वपाले सुशासन, पारदर्शिता र प्रभावकारी शासन देखाउनुपर्ने अवस्था छ। जुन कार्य सो पार्टीका लागि फलामको च्युरा साबित हुने देखिएको छ। सो पार्टीले आगामी पाँचबर्षसम्म स्थिर सरकार चलाएर जनताको अपेक्षा पूरागर्न नसकेमा नेपाली राजनीतिमा फेरी नयाँ अध्याय शुरुहुने छ। पछिल्लो चुनावी परिणामले नेपालको सत्ता राजनीतिलाई नयाँ चरणमा प्रवेश गराएको देखिन्छ। त्यसैले नयाँ पुराना सबैदलले गंभिरताकासाथ सोच्नु र होशियारीकासाथ पाइला चाल्नु जरुरी भएको छ।

# गत निर्वाचनको भित्री परिणाम र आगामी राजनीतिको संकेत

**यो साताको बिशेष**

**अब छदल मात्र :** संसदमा अब छदल मात्र रहने भएका छन्। गत फागुन २१ मा भएको प्रत्यक्ष र समानुपातिक मतगणनापछि प्रतिनिधिसभामा ६ दल हुने निश्चित भएको हो। रास्वपा पहिलो दल बनेको छ। रास्वपाको प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सहित १८२ सांसद रहने छन्। त्यसैगरी नेपाली कांग्रेसको प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० गरी ३८ सांसद रहने छन्। एमालेको प्रत्यक्षतर्फ ९ र समानुपातिकतर्फ १६ गरी २५ सिट रहनेछ भने नेपाली कम्युनिष्ट पार्टीको प्रत्यक्षतर्फ आठ र समानुपातिकतर्फ ९ गरी १७ सांसद संसदमा रहने छन्। श्रम संस्कृति पार्टीको प्रत्यक्षतर्फ तीन र समानुपातिकतर्फ चारगरी सात सांसद रहँदा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्रत्यक्षतर्फ एक र समानुपातिकतर्फ चार गरी पाँच सांसद रहने छन्। त्यस्तै, स्वतन्त्र एक सांसद रहने छन्। संसदका (प्रतिनिधि सभा २७५ र राष्ट्रिय सभा ५९) ३३४ सदस्यमा ११० जना महिला हुनुपर्ने बाध्यकारी व्यवस्था छ। निर्वाचन आयोगले हिजो ३० फागुनभित्र समानुपातिकतर्फ ३ प्रतिशत थ्रेसहोल्ड कटाएका रास्वपा, कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति र राप्रपासँग समानुपातिक सांसदको नाम मागेको थियो। दलबाट सांसदको नाम प्राप्त भएपछि दुई दिनभित्रै समावेशी समूह र बन्दसूचीको क्रम मिले-नमिलेको आयोगले छानबिन गर्नेछ। त्यसमा कैफियत देखिए मिलाएर पठाउन सम्बन्धित दललाई आयोगले पुनः निर्देशन दिनेछ। त्यसपछि प्राप्त समानुपातिक सांसदको टुंगो लगाएर आयोगले राष्ट्रपति रामचन्द्र पौडेललाई प्रतिवेदन बुझाउने छ। संविधानअनुसार राष्ट्रपतिले प्रतिनिधि सभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र संसदको अधिवेशन आह्वानगर्ने उल्लेख छ।

**९९ स्थानमा जमानत जफत :** गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा रास्वपा करिब दुई तिहाइ सिट जित्दा नेपाली कांग्रेस ३८ सिट खुम्चिएर प्रतिपक्ष कित्तामा पुगेको छ। प्रतिनिधि सभाका १६५ क्षेत्रमध्ये ८४ स्थानमा दोश्रो भएको कांग्रेस ६३ स्थानमा मुख्य प्रतिस्पर्धी बन्न असफल रह्यो। त्यस्तै १८ निर्वाचन क्षेत्रमाभने कांग्रेसको जमानत जफत भएको छ। कांग्रेस उम्मेदवारको झापा २, झापा ३, झापा ५ र सुनसरी १ , सप्तरी १, सप्तरी २, सिराहा ४, महोत्तरी १, महोत्तरी ३, सर्लाही २, सर्लाही ३, रौतहट ३ र बारा ४, काठमाडौं ७, काठमाडौं ८, भक्तपुर १, चितवन ३, रुपन्देही ३ गरी १८ ठाउँमा जमानत जफत भएको छ। १६३ क्षेत्रमा उम्मेदवारी दिएको रास्वपाले चुनाव जितेका १२५ स्थानमध्ये ७३ स्थानमा कांग्रेस दोश्रो भएको छ। कांग्रेसले चुनाव जितेका १८ स्थानमध्ये ८ स्थानमा एमाले, ६ स्थानमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा), २-२ स्थानमा रास्वपा र श्रम संस्कृति पार्टी दोश्रो भएका छन्। ०७९को निर्वाचनमा कांग्रेस प्रत्यक्षमा ५७ र समानुपातिकमा ३२ सहित ८९ सिट जितेर पहिलो दल बनेको थियो। अहिले प्रत्यक्षमा १८ र समानुपातिकमा २० गरी ३८ सिटमा खुम्चिएको छ। त्यस्तै, प्रत्यक्षतर्फ ९ सिटमा खुम्चिएको एमाले उम्मेदवार उठाएको १६४ (मनाङ बाहेक) क्षेत्रमध्ये ४१ स्थानमा दोश्रो भएको छ। रास्वपाले जितेका १२५ सिटमा एमाले २७ स्थानमा दोश्रो बनेको छ। एमालेले जितेका ९ स्थानमध्ये २ ठाउँमा रास्वपा दोश्रो भएको छ। कांग्रेसले जितेका १८ मध्ये ८ र नेकपाले चुनाव जितेका ३ स्थानमा एमाले दोश्रो भएको छ। स्वतन्त्र सांसद महावीर पुनले चुनाव जितेको म्याग्दीमा पनि एमाले दोश्रो बनेको छ। श्रम संस्कृति पार्टीले चुनाव जितेका २ ठाउँमा एमाले दोश्रो बनेको छ। एमालेको ४९ क्षेत्रमा एमालेको जमानत जफत भएको छ। ०७९ को चुनावमा प्रत्यक्षतर्फ ४४ र समानुपातिकमा ३४ गरी ७८



सिटसहित एमाले दोश्रो भएको थियो। अहिले एमाले प्रत्यक्षमा ९ र समानुपातिकमा १६ गरी २५ सिटमा सीमित भएको छ। त्यस्तै नेकपा १५ ठाउँमा दोश्रोहुँदा ९९ स्थानमा जमानत जफत भएको छ। प्रत्यक्षतर्फ ८ ठाउँ (धनुषा १) मा चुनाव जितेको नेकपा १७ ठाउँमा दोश्रो भएको छ। रास्वपाले चुनाव जितेका १२५ मध्ये १० ठाउँमा नेकपा दोश्रो भएको छ। कांग्रेसले चुनाव जितेका १८ मध्ये ६ ठाउँमा नेकपा दोश्रो बन्दा एमालेले चुनाव जितेको कुनै पनि ठाउँमा नेकपा दोश्रो भएको छैन। ०७९ सालको चुनावमा प्रत्यक्षतर्फ १८ र समानुपातिकमा १४ गरी ३२ सिट ल्याएर तत्कालीन माओवादी तेस्रो बनेको थियो। गत निर्वाचनमा प्रत्यक्षतर्फ १० सिट जितेको तत्कालीन एकीकृत समाजवादी पनि नेकपामा समाहित थियो। विभिन्न पार्टी र समूह गरी १९ वटा कम्युनिष्ट घटक मिलेर बनेको नेकपा ०७९ को तत्कालीन माओवादीभन्दा पनि खुम्चिएको छ। नेकपाले अहिले प्रत्यक्षमा ८ र समानुपतिकमा ९ सिट प्राप्तगरेको छ। जितविहीन जसपा ६ ठाउँमा दोश्रो भएको छ। यसअघिको चुनावमा प्रत्यक्षमा ७ र ५ गरी समानुपातिकमा १२ सिट जितेको थियो। गत निर्वाचनमा सीके राउत नेतृत्वको जनमत पार्टीले प्रत्यक्षतर्फ १ र समानुपातिकतर्फ ५ गरी ६ सिट हासिल गरेको थियो। समानुपातिकतर्फ थ्रेसहोल्ड नकटाए पनि लोसपाले प्रत्यक्षतर्फ ४ र नागरिक उन्मुक्ति पार्टीले ३ सिट जितेका थिए। थ्रेसहोल्ड पारगर्न नसकेका राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीले एक,एक सिट जितेका थिए। अहिले हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टी प्रत्यक्षमा ३ र समानुपातिमा ४ गरी ७ सिटका साथ संसदमा प्रवेश गरेको छ। ०७९ मा प्रत्यक्षतर्फ ७ र समानुपातिकतर्फ ७ गरी १४ सिट जितेको राप्रपा अहिले प्रत्यक्षमा १ र समानुपातिकमा ४ गरी ५ सिटमा खुम्चिएको छ। ०७९ को निर्वाचनमा मोरङ ५ बाट योगेन्द्र मण्डल, सर्लाही ४ बाट अमरेशकुमार सिंह, रौतहट २ बाट किरणकुमार साह, रौतहट ३ बाट प्रभु साह र बर्दिया २ बाट लालवीर चौधरी स्वतन्त्र सांसदका रुपमा निर्वाचित भएका थिए। यसपटक रास्वपाको समर्थन पाएका महावीर पुन बाहेक कुनै पनि स्वतन्त्र उम्मेदवारले चुनाव जित्न सकेनन्। गत निर्वाचनपछि खुलेको प्रभु साह नेतृत्वको आम जनता पार्टी जितविहीन भयो। १२५ क्षेत्रमा जितेको रास्वपा अन्य पार्टीले जितेका ४० स्थान मध्ये ६ स्थानमा दोश्रो भएको छ। रास्वपाले चुनाव जितेका १२५ सिटमा कांग्रेस ७३, एमाले २७, नेकपा १०, जसपा ६, श्रम संस्कृति पार्टी २ तथा राप्रपा, उज्यालो नेपाल पार्टी, नेपाल मजदुर किसान पार्टी, नेपाल समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय स्वाभिमान पार्टी तथा स्वतन्त्र एक,एक ठाउँमा दोश्रो भएको देखिन्छ। रास्वपाको लहरका बाबजुद उसको उम्मेदवारका १३ निर्वाचन क्षेत्रमा जमानत जफत भएको छ। मनाङ र म्यादीमा भने उसले उम्मेदवारी दिएको थिएन। रुकुम पूर्व, जुम्ला, अछाम-१, डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, रुकमपश्चिम, पाँचथर, सोलुखुम्बु र खोटाङमा रास्वपाको जमानत जफत भएको निर्वाचन आयोगको तथ्यांक छ।

**समानुपातिक सिट संख्या :** निर्वाचन आयोगले समानुपातिकतर्फ निर्वाचित हुनेगरी दलले प्राप्तगर्ने सिट संख्या निर्धारण गरी सार्वजनिक गरेको छ। आयोगले गतसाता एक विज्ञप्ति जारीगरी समानुपातिक निर्वाचन प्रणालीतर्फको सम्पूर्ण मतगणना सम्पन्नगरी प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन-०७४ को दफा ६०(२) अनुसार सम्बन्धित दलहरुले प्राप्त गरेको कूल सदर मत संख्याका आधारमा प्रचलित निर्वाचन कानुन बमोजिम तोकिएको थ्रेसहोल्ड (तीन प्रतिशत) पारगर्ने देहायका ६ दलबाट निम्नानुसारको संख्यामा उम्मेदवार निर्वाचित हुनेगरी दलले प्राप्तगर्ने सिट संख्या निर्धारण भएको जनाएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले ५७ सिट, नेपाली कांग्रेसले २०, एमालेले १६, नेपाली कम्युनिष्ट पार्टीले नौ तथा श्रम संस्कृति पार्टीले र राष्ट्रिय प्रजातन्त्र पार्टीले चार/चार सिट प्राप्त गरेका छन्। समानुपातिक निर्वाचन प्रणालीतर्फको सम्पूर्ण मतगणना सम्पन्न भई प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन-०७४ को दफा ६० अनुसार आयोगको आजको निर्णय बमोजिम सिट बाँडफाँटसमेत गरिएको हो। प्रतिनिधिसभा सदस्य निर्वाचन-०८२ मा कूल एक करोड ८९ लाख ३ हजार ६८९ मतदातामध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक करोड ११ लाख ६८ हजार ३२ जनाले मतदान गरेका र त्यसमध्ये एक करोड ५ लाख ५९ हजार १७ (९४.५५%) मत सदर भएको छ। त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ एक करोड १२ लाख ८० हजार ६१७ जनाले मतदान गरेकामा एक करोड ८ लाख ३५ हजार २५ (९६.०५%) मत सदर भएको छ। उल्लिखित सिट संख्याअनुसार ऐनको दफा ६०(४), प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली-०७४ को नियम ४१ तथा प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका-०८२ को दफा ३५ बमोजिम उम्मेदवारको नाम छनोटगरी आयोगसमक्ष पेशगर्न सम्बन्धित राजनीतिक दललाई पत्राचार गरिएको थियो। जसअनुसार हिजो शनिबारसम्ममा छनोट भएको छभने आज आइतबार पेश हुँदैछ।

**कांग्रेसको कन्तबिजोग :** यसपालिको चुनावमा नेपाली कांग्रेसले प्रत्यक्षतर्फ १६५ क्षेत्रमै उम्मेदवारी दिएकोमा १८ क्षेत्रमा मात्रै जित्यो। गत फागुन २१ गते भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा कांग्रेसका उम्मेदवारहरु १४७ क्षेत्रमा पछि परे। यीमध्ये ८४ स्थानमा कांग्रेस उम्मेदवारले दोश्रो बढी मत ल्याउँदा ६३ स्थानमाभने अझै पछि परेको देखिन्छ। नयाँ सभापति गगन थापा र चुनाव उठेका सबै पदाधिकारी यो चुनावमा पराजित भएका छन्। पहिले कांग्रेसले जितेका १८ ठाउँबारे प्रदेशअनुसार चर्चा गरौं। कांग्रेसले कोशी प्रदेशका ४ ठाउँ जित्यो। पाँचथरमा नरेन्द्रकुमार केरुङ, इलाम १ मा निश्कल राई, तेह्रथुममा सन्तोष सुब्बा, सोलुखुम्बुमा प्रकाशसिंह कार्की विजयी भएका छन्। मधेसका ३२ मध्ये कांग्रेसले जम्मा १ क्षेत्र जित्यो। रौतहट २ मा मो. फिरदोश आलम निर्वाचित भए। बागमतीमा पनि कांग्रेसले १ क्षेत्र मात्रै जित्यो, रसुवा। रसुवामा मोहन



आचार्य विजयी भएका हुन्। गण्डकीका २ ठाउँमात्रै जितेको छ। मनाङमा टेकबहादुर गुरुङ र मुस्ताङमा योगेश गौचन थकालीले जिते। लुम्बिनीमा कांग्रेसले २ सिट जित्यो। पाल्पा १ मा सन्दीप राना र कपिलवस्तु ३ मा अभिषेकप्रताप शाह निर्वाचित हुनुभयो। कर्णालीमा भने कांग्रेसले ५ क्षेत्र जित्यो। मुगुमा खड्ग शाही, हुम्लामा जयपति रोकाया, जाजरकोटमा खडकबहादुर बुढा, दैलेखमा बासना थापा र सुर्खेत १ मा विष्णुबहादुर खड्का विजयी हुनुभएको हो। सुदूरपश्चिममा कांग्रेसले ३ क्षेत्र जित्यो। बाजुरामा जनकराज गिरी, अछाम १ मा भरतकुमार स्वार र डोटीमा भरतबहादुर खड्का विजयी हुनुभएको हो। कांग्रेसका उम्मेदवारले ८४ क्षेत्रमा दोश्रो मत ल्याए। कोशीमा १२, मधेसमा १५, बागमतीमा २०, गण्डकीमा १२, लुम्बिनीमा १२, कर्णाली ३ र सुदूरपश्चिम १० क्षेत्रमा कांग्रेस उम्मेदवारले दोश्रो बढी मत ल्याएको देखिन्छ। अब कुरा गरौं कांग्रेसका उम्मेदवारहरुको जमानत जफत भएका क्षेत्रहरुको। सबैभन्दा पहिला कोशी प्रदेशबाट चर्चा शुरुगरौं- कोशी प्रदेशमा कांग्रेसले ४ क्षेत्रमा जमानत जोगाउन सकेन। झापाका ३ र सुनसरीका १ गरी कूल ४ क्षेत्रमा कांग्रेस उम्मेदवारको जमानत जफत भएको देखिन्छ। झापा २, झापा ३, झापा ५ र सुनसरी १ मा कांग्रेसका उम्मेदवारहरुले सदर मतको १० प्रतिशत मत ल्याउन नसकेका हुन्। रास्वपा वरिष्ठ नेता बालेन साह झापा-५ बाट चुनाव जितेका थिए। कांग्रेसको जमानत जफत भएका झापाका सबै क्षेत्र रास्वपाले र सुनसरी-१ श्रम संस्कृति पार्टीले जितेको छ। कोशीका अन्य क्षेत्रमा कांग्रेस उम्मेदवारले जमानत जोगाएका छन्। निर्वाचनमा उम्मेदवारी दर्तागर्दा राखेको रकमलाई धरौटी भनिन्छ। १० प्रतिशत मत नल्याउने उम्मेदवारले यस्तो धरौटी रकम फिर्ता पाउँदैनन, निर्वाचन आयोगले जफत गर्छ। मधेसका ९ क्षेत्रमा कांग्रेसका उम्मेदवारको जमानत जफत भएको छ। सप्तरी १, सप्तरी २, सिराहा ४, महोत्तरी १, महोत्तरी ३, सर्लाही २, सर्लाही ३, रौतहट ३ र बारा ४ मा कांग्रेसका उम्मेदवारको जमानत जफत भएको हो। यी सबै क्षेत्रमा रास्वपाका उम्मेदवारले जितेका थिए। बाँकी क्षेत्रमाभने कांग्रेस उम्मेदवारको जमानत जोगिएको देखिन्छ। बागमतीका ४ क्षेत्रमा कांग्रेस उम्मेदवारको जमानत जफत भयो। काठमाडौंका १० मध्ये २ क्षेत्रमा कांग्रेस उम्मेदवारको धरौटी जफत भयो- काठमाडौं क्षेत्र नम्बर ७, काठमाडौं क्षेत्रनम्बर ८ मा। भक्तपुर १ र चितवन ३ मा कांग्रेस उम्मेदवारको जमानत जफत भएको छ। यी सबै ठाउँमा रास्वपा उम्मेदवार विजयी भएका छन्। बागमतीका अन्य क्षेत्रमा भने कांग्रेस उम्मेदवारले जमानत जोगाएका छन्। अधिकांश ठाउँमा दोश्रो बढी मत ल्याएका छन्। गण्डकी प्रदेशमा कांग्रेसले २ सिट जित्यो, मनाङ र मुस्ताङमा। मनाङमा भने एमाले र राप्रपाले चिट्ठा हारेपछि कांग्रेस उम्मेदवारलाई सहयोग गरेका थिए। गण्डकीका अरु क्षेत्र कांग्रेसले जित्न नसके पनि उम्मेदवारहरुले धरौटी जोगाए। यहाँ पनि अधिकांश स्थानमा कांग्रेसका उम्मेदवार दोश्रो भएका छन्। लुम्बिनी प्रदेशमा पनि कांग्रेसले २ सिट जित्यो- पाल्पा र कपिलवस्तुका एक,एक क्षेत्र। लुम्बिनीभर रुपन्देही ३ मामात्रै कांग्रेस उम्मेदवारको जमानत जफत भएको छ, अरु अधिकांश क्षेत्रमा दोश्रो मत ल्याएका छन्। कांग्रेसले नजितेका लुम्बिनीका बाँकी क्षेत्र रास्वपा, एमाले र नेकपाले जितेका छन्। कर्णालीमा कांग्रेसका ५ उम्मेदवारले चुनाव जितेभने कुनै पनि उम्मेदवारको धरौटी जफत भएन। दोश्रो धेरै मत ल्याएको देखिन्छ। समानुपातिकतर्फ पनि ७ प्रदेशमध्ये कर्णालीमा मात्रै कांग्रेसले रास्वपालाई जितेको छ। कर्णालीमा रास्वपाको प्रभाव कम देखिँदा कांग्रेस, एमाले र नेकपाकै उम्मेदवारबीच प्रतिस्पर्धा देखिन्थ्यो। सुदूरपश्चिम प्रदेशमा कांग्रेसका ३ जना उम्मेदवारले जिते भने बाँकी अधिकांश क्षेत्रमा दोश्रो भयो। सुदूरपश्चिमको पहाडी र हिमाली क्षेत्रमा रास्वपाको प्रभाव कम देखिँदा कांग्रेस र एमालेबीच नै प्रतिस्पर्धा भयो। सुदूरपश्चिममा नजितेका क्षेत्रमा पनि कांग्रेस उम्मेदवारको जमानत जफतभएको छैन। गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा कांग्रेसका उम्मेदवारको जमानत जफत भएको छैन। सबैभन्दा बढी मधेसमा ९ क्षेत्र, कोशीमा ४, बागमतीमा ४ र लुम्बिनीका १ क्षेत्रमा कांग्रेस उम्मेदवारको धरौटी जफत भयो। विगतका चुनावमा कांग्रेसले गठबन्धन गरेर लड्ने भएको थियो। ०७९ को प्रतिनिधि सभा चुनावमा कांग्रेसले तत्कालीन सत्ता गठबन्धनसँग तालमेलगरी ८९ सिटसहित पहिलो पार्टी बनेको थियो। । संस्थापन पक्षका सभापति शेरबहादुर देउवा र उहाँ पक्षका नेताहरुको असहमतिबीच पनि विशेष महाधिवेशनगरी 'बदलियो कांग्रेस, बदल्छौं देश' भनेर गगन थापा नेतृत्वमा कांग्रेस यसपालि चुनावमा होमिएको थियो। तर अपेक्षाकृत मत ल्याउन सकेन। रास्वपाले प्रत्यक्ष र समानुपातिकगरी झन्डै दुईतिहाइ सिट जित्दा कांग्रेसले प्रत्यक्ष र समानुपातिकगरी ३८ सिटमा रोकियो। निर्वाचनको परिणामपछि कांग्रेसभित्र सभापति थापाले राजीनामा दिनुपर्ने र दिन नहुनेभन्दै बहस भइरहेका छन्।

**एमालेको नाजुक अवस्था :** एमाले यसपटक तेस्रोमा खुम्चिन पुगेको छ। अघिल्लो पटक २८ लाख ४५ हजार ६४१ मत ल्याएको एमालेले यसपटक झन्डै आधा हिस्सा गुमाउँदै १४ लाख ५५ हजार ८८५ मत ल्याएको छ। **बाँकी ८ पेजमा**

# नेपालमा बढ्दो अमेरिकी दबदबा र नयाँ बन्न लागेको सरकार

**मोहनबिक्रम सिंह**



नेपालमा गत फागुण २१ गतेको प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएर नयाँ संसद र सरकार गठन हुनेक्रम शुरुभएको छ। हाम्रो शुरुदेखि नै यो मत रहेको थियोकि गत फागुन २१ को चुनाव अनावश्यक थियो र खासगरेर अमेरिकी साम्राज्यवादको नेपालमा आफ्नो कठपुतली सरकार कायमगर्ने रणनीति अन्तर्गतनै संसदको विघटन र नयाँ चुनावको घोषणा गरिएको थियो। त्यो चुनावको परिणाम पनि अमेरिकाको योजनाअनुसार नै सफल भएको छ र अब त्यसको कठपुतली सरकारको निर्माणको लागि चुनावले आधार तयार पारेको छ। यो नेपालको लागि अत्यन्त गम्भीर र चिन्ताको कुरा हो। आफ्ना साम्राज्यवादी स्वार्थ पूरागर्न संसारका बिभिन्न देशहरुका सरकारहरुमा हेरफेरगर्ने अमेरिकाको विश्वव्यापी रणनीति रहेको छ। त्यस सन्दर्भमा हालका ताजा घटनाहरुमा भेनेजुयला र इरानमा अमेरिकाले गरेका आक्रमणहरु उल्लेखनीय छन्। भेनेजुयलामा अमेरिकाले आक्रमण गरेर त्यहाँका राष्ट्रपति मदुरोलाई अपहरण गरेर पनि लग्यो र ट्रम्पले आफूलाई त्यहाँको कार्यबाहक राष्ट्रपतिनै घोषणा गरे। तर इरानी जनताको वीरतापूर्ण प्रतिरोधको कारणले त्यसको इरानमा सत्ता परिवर्तनगर्ने नीति सफल हुनसकेको छैन्। तैपनि अमेरिकाले खुलेयामरुपले नै त्यहाँ सत्ता परिवर्तनगर्ने कुरामा जोड दिइरहेको छ र त्यसका लागि इरानमा अरु कैयौं गुणा आक्रमण बढाएर लैजाने कुरा गरिरहेको छ। भेनेजुयला र इरानमा सत्ता परिवर्तनको लागि अमेरिकाले सैनिक हमलाको नीति अपनाएको थियो तर नेपालमा संसदीय प्रकारले वा चुनावको माध्यमद्वारानै त्यसले त्यो उद्देश्य पूरागर्ने प्रयत्न गऱ्यो र त्यसमा सफल पनि भएको छ। चुनावपछि आएको परिणामबारे बिभिन्न राजनीतिक शक्ति, बुद्धिजीवी वा पत्रकारहरुले बिभिन्न कोणबाट विश्लेषणगर्ने वा आफ्ना प्रतिक्रियाहरु दिने कामहरु गरिरहेका छन्। तर त्यसका पछाडि अमेरिकाको जुन भूमिका रहेको छ र, त्यसबारे कसैले पनि एक शब्द उच्चारण गरेको पाइन्नन्।

त्यो अत्यन्त गम्भीर चिन्ताजनक कुरा हो। त्यसबाट नेपालको राजनीतिमा अमेरिका जसरी हाबी भएर गएको छ, त्यसमाथि पर्दा परिरहनेछ र त्यसका घातक परिणामहरु हुनेछन्। देशको राष्ट्रियता, सार्वभौमिकता र शान्तिमा पनि त्यसबाट दीर्घकालिनरुपले कुठाराघात पुग्नेछ। जेनजी आन्दोलन र पछि चुनावको बेलामा पनि भ्रष्टचार र कुशासनको कुरालाई व्यापकरुपले उठाइयो। त्यो नेपालको गम्भीर र राष्ट्रिय समस्या हो र त्यसबाट राष्ट्रिय विकास र जनजीवनमा पनि अत्यन्त घातक असर परेको छ। जबसम्म देशमा भ्रष्टाचार र कुशासनको अन्त्य हुँदैन, देशको विकास हुननसक्ने कुरा निश्चित छ। यो कुरामा कुनै शंका छैनकि पुराना राजनीतिक पार्टीहरु वा उनीहरुको नेतृत्वमा बनेका सरकारहरुनै त्यस प्रकारको भ्रष्टाचार वा कुशासनका लागि जिम्मेवार छन्। त्यसका साथै प्रशासनिक यन्त्र पनि त्यसका लागि गम्भीर रुपले जिम्मेवार छ। तर मुख्यरुपले राजनीतिक नेतृत्व नै जिम्मेबार छ किनभने राजनीतिक नेतृत्व सही भएको भए प्रशासन यन्त्रको भ्रष्टाचारमाथि नियन्त्रणगर्न सकिन्थ्यो। जेनजी आन्दोलन वा चुनावको बेलामा भ्रष्टाचार वा कुशासनको लागि पुराना राजनीतिक पार्टीहरुका भ्रष्ट नीति र क्रियाकलापबारे निकै आवाज उठेको थियो र त्यो सही पनि थियो। तर सहकारीका क्षेत्रमा गरेको ठूलो पैमानाको आर्थिक अनियमितता वा त्यसबारे अदालतमा भइरहेको कारवाहीलाई पनि राजनीतिकरण गरेर प्रतिशोध वा पूर्वाग्रह बताएर दबाउने प्रयत्न गरियो। त्यस प्रकारको भ्रामक प्रचारबाट जनतामा पनि धेरै भ्रम पर्नगयो र जुन व्यक्तिहरुमाथि सहकारीताको रकमको ठूलो पैमानामा हिनामिनाका आरोपहरु लागेका थिए, उनीहरुनै चुनावमा विजेताकारुपमा प्रस्तुत हुन सफल भए। त्यसको परिणाम यो भयोकि चुनावमा अमेरिकी साम्राज्यवादका लागि भेनेजुयला वा इरानमाजस्तो सैनिक कारवाही नगरिकन नेपालमा चुनावको माध्यमद्वारा आफ्नो कठपुतली सरकारको निर्माणको लागि अमेरिकालाई सजिलैसित मार्गप्रशस्त हुनगयो। अहिले देशमा जुन प्रकारको स्थिति तयार भयो, त्यसका लागि पुराना राजनीतिक पार्टीहरु पनि काफी हदसम्म जिम्मेवार छन्।

उनीहरुले अपनाउने गरेका भ्रष्ट र गैरजिम्मेवार नीति र क्रियाकलापहरुका कारणले जनतामा व्यापकरुपले असन्तोष र निराशाको वातावरण तयार भयो। त्यसको परिणामस्वरुप देशमा व्यापकरुपमा लोकप्रियतावादी जनमत तयार हुनगयो। त्यस प्रकारको जनमतलाई आधार बनाएर एकातिर राजावादीहरुले राजतन्त्रको पुनर्स्थापनाका लागि प्रयत्नगर्न थालेका थिएभने अर्कातिर अमेरिकी साम्राज्यवादले नेपालमा आफ्नो साम्राज्यवादी उद्देश्यलाई पूरागर्नका लागि खेल्ने मौका पायो। उपरोक्त प्रकारको स्थितिलाई हाम्रो पार्टी नेकपा मसालले गम्भीररुपमा लिन्छ। यो स्थितिको गम्भीरतापूर्वक विश्लेषण गरेर आगामी नीति र कार्यक्रम निर्धारित गर्नुपर्ने आवश्यकता छ। हाम्रो पार्टीले देशमा हालै सम्पन्न चुनाव र त्यसपछि उत्पन्न स्थितिको मूल्यांकन गरेर आगामी नीति र कार्यक्रम निर्धारित गर्नेछ। यस सन्दर्भमा यो कुराको पनि उल्लेख नगरिकन रहन सकिन्नकि जेनजीहरुको मुख्यमाग भ्रष्टाचारको उन्मूलन गर्नुपर्ने तथा सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध हटाउने कुरामानै थियो। सामाजिक सञ्जालमा लगाएको प्रतिबन्धलाई पहिलेको सरकारले नै हटाइसकेको थियो। बाँकी रह्यो भ्रष्टाचारको निवारणको कुरा, त्यसको निवारणका लागि कहिल्यै पनि भ्रष्टाचारमा संलग्न नभएको र सँधै निष्कलंक छवि भएको पार्टीनै सही विकल्प हुन सक्दथ्यो। त्यस्तो पार्टी राष्ट्रिय जनमोर्चानै भएको कुरा आमरुपमा थाहाभएको कुरा थियो। यदि भ्रष्टाचारको निवारणनै जेनजी आन्दोलनको मुख्य विषय भएको भए चुनावमा मुख्यरुपले राजमोका उम्मेदवारनै विजय हुनुपर्दथ्यो। तर त्यसका एकजना पनि उम्मेदवारको विजय भएन। त्यसबाट त्यो चुनाव भ्रष्टाचारलाई समाप्तगर्ने उद्देश्यद्वारा निर्देशित नभएको र त्यसको मुख्य उद्देश्य साम्राज्यवादको नै सेवागर्ने भएको कुरामा कुनै शंका रहन्न। जनतामा स्पष्ट राजनीतिक चेतनाभन्दा लोकप्रियतावादी मतको नै बढी असर परेको हुनाले चुनावबाट एउटा अवाञ्छित परिणाम आएको छ र यो स्पष्ट छकि त्यसबाट देशमा गम्भीर प्रकारका दुष्परिणामहरु हुनेछन्। अहिले चुनावपछि देशमा जुन प्रकारको स्थिति उत्पन्न भएको छ, त्यसमाथि गम्भीरतापूर्वक बिचार गर्नुपर्ने आवश्यकता छ।

त्यसको लागि सबैभन्दा महत्वपूर्ण कुरा के होभने जनतामा अत्यन्त गम्भीररुपमा देखापरेको लोकप्रियतावादी मतको ठाँउमा सही र स्पष्ट राजनीति दृष्टिकोणमाथि आधारित जनचेतनाको निर्माण हुनुपर्दछ र त्यसका लागि नेकपा मसालले सम्पूर्ण जनताको ध्यान आकर्षितगर्न चाहन्छ। जेनजी वा जेनजी आन्दोलनबारे पनि देखापरेको भ्रमबाट देशको राजनीतिमा गम्भीर प्रकारको नकारात्मक असर परेको छ। संसारका सबै देशहरुमाजस्तै नेपालमा पनि जेनजी पुस्ताको महत्वपूर्ण योगदान रहने गरेको छ। वास्तवमा, जेनजीहरु समाजका महत्वपूर्ण कडीहरु हुन्। उनीहरुको अभावमा कुनैपनि समाजको विकास अगाडि बढ्न नै सक्दैन। नेपालको राणा शासन, पञ्चायती निरंकुश शासन, राजतन्त्रका विरुद्ध वा स्वाधीनताको रक्षाको संघर्षमा पनि उनीहरुले सँधै अग्रिम पंक्तिमा रहेर संघर्ष गर्नेगरेका छन्। तर नेपालमा, एकातिर, राजावादीहरु र, अर्कातिर, साम्राज्यवादी शक्तिहरुले पनि उनीहरुलाई उपयोग गरेर आफ्ना उद्देश्यहरु पूरागर्ने प्रयत्न गरेका छन्। जेनजीहरु आफ्ना सही र न्यायपूर्ण मागहरुका लागि शान्तिपूर्ण आन्दोलनमा उत्रेका थिए। तर एकातिर, साम्राज्यवादी र, अर्कातिर, प्रतिगामी राजनीतिक शक्तिहरुले त्यो आन्दोलनलाई हाइज्याक गरेर हिंसात्मकरुप दिने र त्यसरी जेनजीहरुलाई आफ्ना प्रतिगामी स्वार्थका लागि उपयोगगर्ने प्रयत्न गरे। त्यसबाट नेपाललाई ठूलो क्षति भयो र त्यसको परिणामस्वरुप देशमा अमेरिकाको कठपुतली सरकारको निर्माणको लागि पनि आधार तयार भयो। गत भाद्र २३ गतेको जेनजीहरुको आन्दोलनमा जुन ठूलो पैमानामा हत्या गरियो, त्यसलाई कुनैपनि अवस्थामा सही भन्न सकिन्न र त्यसका लागि तत्कालीन ओली सरकार जिम्मेवार भएको कुरा पनि प्रष्ट छ।

त्यो दिन कलिला बिद्यार्थीहरुलाई छाती वा टाउकोमा ताकिताकि गोलि हानिएको थियो। त्यो निश्चितरुपले अत्यन्त गम्भीर र जघन्य अपराध थियो। त्यससँग जोडिएको अर्को पक्षप्रति पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ। जेनजीहरुले त्यो आन्दोलनलाई शान्तिपूर्ण तरिकाले अगाडि बढाउने बताएका थिए र जब त्यसले हिंसात्मकरुप लिन थाल्यो, आन्दोलनकारीहरुलाई फर्केर जान भनिएको थियो। तैपनि आन्दोलन कारीहरुलाई प्रहरीको व्यारेक तोडने, संसद भवनमा जबरजस्ती घुस्ने र तोडफोडगर्ने जस्तो हिंसात्मक कार्यको लागि उक्साइयो। स्पस्ट छकि त्यसरी जेनजीहरुलाई हिंसात्मक कार्यमा प्रोत्साहितगर्ने कार्य जेनजीभन्दा बाहिरका तत्वहरुले नै गरेका थिए, जो स्वयं जेनजी थिएनन् र उनीहरुलाई ठूलो संख्यामा शहीद बनाएर आफ्ना उद्देश्यहरु पूरागर्न चाहन्थे। जेनजी भन्नाले २८ वर्ष सम्मका युवाहरुनै आउँछन्। कैयौं २८ वर्षभन्दा माथिका व्यक्तिहरु, जसलाई गैर जेनजी वा कथित जेनजी भन्न सकिन्छ। उनीहरुलेनै त्यो आन्दोलनलाई हिंसात्मकरुप दिने योजनाबद्ध प्रकारले प्रयत्न गरेको सम्भावनालाई पनि अस्वीकारगर्न सकिन्न। गत भाद्र २३ गतेको नरसंहारमाथि बिचारगर्दा ती दुबै पक्षहरु, सरकारकातर्फबाट गरिएको गोली प्रहार र कथित जेनजीहरुद्वारा जेनजीहरुको शान्तिपूर्ण आन्दोलनलाई हिंसात्मकरुप दिन सनियत गरिएको प्रयत्न, ती दुबै पक्षहरुमाथि छानविन गरेर दोषीमाथि **बाँकी ७ पेजमा**

# नेपालको निर्वाचन नीतिका कमजोरीबारे छलफल

काठमाडौं। नेपालको निर्वाचन नीतिबारे छलफल भएको छ। गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन शान्ति, सुरक्षा र व्यवस्थापकीय हिसाबले प्रशंसनीय भएपनि त्यस निर्वाचनको अनुभवबाट केही महत्वपूर्ण विषयमाभने नीतिगत सुधारको आवश्यकता औंल्याइएको छ। निर्वाचन प्रक्रिया र प्रणाली सुधारका क्षेत्रमा कामगर्दै आएको 'चेतना परियोजना'ले निर्वाचनको मिति घोषणा भएपछि गरेको अनुसन्धानबाट निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी तुल्याउन थप केही नीतिगत विषयमा प्रभावकारी सुधारको खाँचो औंल्याएको हो। समग्र विकास सेवा केन्द्र र फ्रिड्म स्टुडियोद्वारा गतसाता आयोजित कार्यक्रममा परियोजना निर्देशक डा प्रेमराज ढुंगेलले आचारसंहिताको पूर्णपालनासहित निर्वाचनसँग जोडिएर आएका केही महत्वपूर्ण विषयमा नीतिगत तहमै सुधार गर्नुपर्ने देखिएको बताउनुभएको थियो। उहाँले संविधानमै आवधिक निर्वाचनको मिति तोक्ने व्यवस्थागर्न तथा हिंसात्मक द्वन्द वा विवादबाट पीडित उम्मेदवार र मतदातालाई क्षतिपूर्ति र राहतको व्यवस्था गरिनुपर्ने धारणा राख्नुभएको थियो। द्वन्दभन्नाले भौतिक आक्रमणभन्ने पाटोलाईमात्र नबुझिदिन आग्रहगर्दै उहाँले निर्वाचनलाई स्वस्थरुपमा अघिबढाउने सिलसिलामा शान्तिपूर्णरुपमै आएका चुनौती, देखिएका असहमति र समस्यालाई समेत सम्बोधनगर्न आवश्यक रहेको बताउनुभएको थियो। उक्त संस्थाले निर्वाचनका बेला अनलाइन माध्यममा आएका घृणात्मक अभिव्यक्ति, दुष्प्रचार र उत्तेजनापूर्ण सामग्री सम्प्रेषण नियन्त्रणगर्न बेग्लै सामाजिक सञ्जाल लक्षित आचारसंहिता तर्जुमा गर्नुपर्ने आवश्यकता औंल्याएको थियो। चुनावको मिति घोषणा भएपछि निश्चित अवधिसम्म उम्मेदवार र दलका सदस्यको राजनीतिक सम्बद्धता परिवर्तनमा निषेधगर्ने कानूनी व्यवस्था मिलाउन तथा लोकतान्त्रिक प्रणाली र नागरिक शिक्षासम्बन्धी विषय बिद्यालय तहदेखिनै पाठ्यक्रममा समावेशगर्न सुझाव दिइएको छ। संस्थाले निर्वाचनमा हुने खर्च विवरण अनिवार्य सार्वजनिकगर्ने पारदर्शी प्रणाली लागूगर्न तथा दलभित्रको पारदर्शिता, आन्तरिक लोकतन्त्र र उत्तरदायित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ। परियोजना प्रतिवेदनमा राजनीतिक दलले महिला उम्मेदवारलाई प्रोत्साहनगर्न सुरक्षा र गोपनीयता सुनिश्चितगर्न तथा आयोगले वार्षिकरुपमा निर्वाचन सम्बन्धी अनुगमन, मूल्यांकन तथा सुधारात्मक कार्यक्रम सञ्चालनगर्ने नीतिगत र कानूनी दायित्वसमेत निर्धारण गर्नुपर्ने देखिन्छ भनिएको छ। कुनै निर्वाचन क्षेत्रमा राजनीतिक तनाव तथा विशेष जोखिम देखिएमा अग्रिम सूचनादिई जानकारी गराउने प्रारम्भिक चेनावनी प्रणाली विकास गरिनुपर्ने तथा निर्वाचन प्रक्रियामा हुने हिंसा, द्वन्द र कानून विपरीत कार्य **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## कच्चा तेलको मूल्यमा भएको वृद्धि र युद्ध रोक्न ट्रम्पमाथि बढेको दबाव

**कर्तव्य**

अमेरिका र इरानबीचको युद्धले बिश्वनै प्रभावित भएको छभने त्यसको अन्त्यका लागि बिभिन्न प्रयासहरु पनि भैरहेका छन्। यसैक्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गतसाता इरानसँगको युद्ध चाँडै अन्त्यहुने बताएर बिश्वलाई आश्वस्त पार्ने प्रयास गर्नुभएको थियो। 'अपरेसन एपिक फ्युरी' नाम दिइएको अमेरिकी-इजरायली संयुक्त सैन्य अभियानले इरानको मिसाइल क्षमता र नौसेनालाई नष्टगर्न र आणविक हतियारको कुनै पनि मार्ग तोड्न आफ्नो युद्धको १२ औं दिनमा प्रवेश गरिसकेपछि एक्सियोससँगको करिब पाँच मिनेट लामो संक्षिप्त फोन संवादमा ट्रम्पले उक्त टिप्पणी गर्नुभएको थियो। उहाँले कुनै पनि बेला म यो अन्त्यगर्न चाहन्छु, यो छिट्टै अन्त्य हुनेछ भन्नुभएको थियो। अन्तर्वार्ताका क्रममा ट्रम्पले युद्ध राम्रोसँग चलिरहेको समेत बताउनुभएको थियो। उहाँले हामी समय तालिकाभन्दा धेरै अगाडि छौं। सोचेको मूल छ हप्ताको अवधि भन्दापनि छोटो समयमा भन्दा हामीले बढी क्षति गरेका छौं भन्नुभएको थियो। इरानले ४७ वर्षसम्मको मृत्यु र विनाशको मूल्य अहिले चुकाइरहेको पनि राष्ट्रपति ट्रम्पले बताउनुभएको थियो। त्यसैगरी मध्यपूर्वको युद्धले मानवीय सहायता आपूर्तिगर्ने मार्गहरुलाई असर गरिरहेकोभन्दै संयुक्त राष्टसंघका सहायता प्रमुखले पनि मानवीय सहायता आपूर्तिहरु ढुवानी छूटगर्न आग्रह गर्नुभएको छ। मध्य पूर्वमा युद्धले हर्मुजको स्ट्रेट प्रभावकारीरुपमा बन्द गरेको छ, इन्धन आपूर्ति अवरोधले मालभाडाको दरहरु बढाइरहेको छ। संयुक्त राष्टसंघका सहायता प्रमुख टम फ्लेचरले बढ्दो युद्ध र स्ट्रेट अफ हर्मुजमा परेको प्रभावले हाम्रो मानवीय सहायताका लागि हुने आपूर्तिमा प्रत्यक्ष प्रभाव पारिरहेको छ। यसले तत्काल खासगरी उप-सहारा अफ्रिकाका प्रमुख आवश्यकता भएका क्षेत्रहरुको आपूर्तिमा असर परेको बताउनु भएको छ। उहाँले जेनेभामा पत्रकारहरुसँग द्वन्दको थप वृद्धिले अन्य आपूर्ति मार्गहरुलाई पनि क्षति पुऱ्याएको बताउनुभएको थियो। उहाँले युद्धले मूल्य बढाउँछ र अधिक मानिसहरुलाई सामानहरुको थप आवश्यकतातर्फ धकेल्छ भन्नुभएको छ। हुन पनि इरानसँगको युद्ध चर्किंदै गएपछि विश्व बजारमा कच्चा तेलको मूल्य तीव्ररुपमा बढेको छ। अन्तर्राष्ट्रिय बजारमा ब्रेन्ट कच्चा तेलको मूल्य



प्रति ब्यारेल ११५ डलरभन्दा माथिपुगेको छ, जुन अघिल्लो हप्ताको अन्त्यतिरको मूल्यभन्दा करिब २४ प्रतिशत बढी हो। अमेरिकामा उत्पादन हुने वेष्ट टेक्सास इन्टरमिडिएट (डब्लुटीआई) कच्चा तेलको मूल्य पनि प्रति ब्यारेल करिब ११६ डलर पुगेको छ, जुन अघिल्लो मूल्यभन्दा झन्डै २८ प्रतिशतले बढेको हो। मध्यपूर्व क्षेत्रमा जारी युद्धका कारण तेल उत्पादन र ढुवानीमा ठूलो जोखिम उत्पन्न भएपछि विश्व बजारमा तेलको मूल्य ह्वात्तै बढेको हो। विशेषगरी पर्सियन गल्फ क्षेत्रबाट विश्वभर तेल पठाउने प्रमुख समुद्री मार्ग स्ट्रेट अफ होर्मुज अहिले असुरक्षित बनेको छ। यो मार्गबाट दैनिक करिब १५ मिलियन ब्यारेल कच्चा तेल ढुवानी हुनेगर्छ, जुन विश्वको कूल तेल आपूर्तिको करिब २० प्रतिशत हो। युद्धका कारण मिसाइल र ड्रोन आक्रमणको खतरा बढेपछि धेरै तेल ट्यांकरहरु यो मार्ग प्रयोगगर्न डराउन थालेका छन्। युद्धकाक्रममा तेल तथा ग्यासका संरचनाहरु पनि निशानामा परेका छन्। इजरायलले तेहरानमा रहेको तेल भण्डारण स्थलमा आक्रमणगर्दा कतिपयको मृत्यु भएको इरानी अधिकारीहरुले बताएका छन्। इजरायललेभने ती भण्डारण स्थलहरु इरानको सैन्य प्रयोजनका लागि प्रयोग भइरहेको दाबी गरेको छ। यसबीच इराक, कुवेत र संयुक्त अरब इमिरेट्सले तेल निर्यातमा समस्या देखिएपछि उत्पादन घटाएका छन्, जसले विश्व बजारमा आपूर्ति कम हुने चिन्ता बढाएको छ। इरानले दैनिक करिब १६ लाख ब्यारेल तेल निर्यातगर्ने गर्छ, जसको ठूलो हिस्सा चीनले खरिद गर्छ। यदि युद्धका कारण इरानको निर्यात प्रभावित भयोभने चीनले अन्य देशबाट तेल खोज्नुपर्ने अवस्था आउन सक्छ, जसले विश्व बजारमा थप दबाब सिर्जनागर्न सक्छ। यसैबीच प्राकृतिक ग्यासको मूल्य पनि केही बढेको छ, यद्यपि तेलको जस्तो ठूलो वृद्धिभने देखिएको छैन। तेलको मूल्य तीव्ररुपमा बढेपछि विश्व अर्थतन्त्रमा असरपर्ने चिन्ता बढेको छ। ऊर्जा महँगोहुँदा महँगी बढ्ने र उपभोक्ताको खर्च घट्ने सम्भावना हुन्छ। यसले विश्वका प्रमुख शेयर बजारहरुमा पनि असर परेको छ। मध्यपूर्वमा बढ्दो द्वन्द र तनावका कारण विश्व ऊर्जा बजारमा देखिएको अस्थिरता नियन्त्रणगर्ने उपायबारे प्रमुख औद्योगिक देशहरुका अर्थमन्त्रीहरुले छलफल गर्नेभएका छन्। फ्रान्स सरकारको एक श्रोतका अनुसार संभवत भोली सोमबार हुने बैठकमा तेल बजारलाई स्थिर बनाउन रणनीतिक तेल भण्डार प्रयोगगर्ने सम्भावनाबारे गम्भीररुपमा बिचार गरिनेछ। फ्रान्सको अर्थ मन्त्रालयले बैठकमा खाडी क्षेत्रको पछिल्लो अवस्थासहित त्यसको विश्व अर्थतन्त्रमा पर्नसक्ने प्रभावबारे समीक्षा गरिने जनाएको छ। पछिल्ला दिनहरुमा अमेरिका-इजरायल र इरानबीचको युद्ध तीव्र हुँदैजाँदा मध्यपूर्वबाट हुने तेल आपूर्तिमा अवरोध आउनसक्ने आशंका बढेको छ। यही कारण विश्व बजारमा कच्चा तेलको मूल्य तीव्र रुपमा बढ्दैगएको छ र धेरै देशका शेयर बजारहरुमा पनि अस्थिरता देखिएको छ। फ्रान्सले हाल प्रमुख औद्योगिक देशहरुको समूहको घुम्ती अध्यक्षता गरिरहेको छ, जसमा क्यानडा, जर्मनी, इटाली, जापान, बेलायत र अमेरिका पनि **बाँकी ७ पेजमा**

# पेचिलो बन्दै गएको इरान अमेरिका युद्ध र संभावनाहरु

लोकनारायण सुवेदी



इरान बिरुद्ध अमेरिका र इजरायलले शुरुगरेको हमला पचिलो बन्दैगएको छ। यसक्रममा भारतका प्रगतिशील तप्काका मानिसहरुले संयुक्त राज्य अमेरिका र इजरायलको संयोजनमा इरानविरुद्ध शुरु गरिएको गैरकानूनी युद्धप्रति मोदी सरकारको निन्दनीय दृष्टिकोणलाई निकै कडारुपमा निन्दा गरिहेको देखिएको छ संघीय सरकारले नाटकगर्ने र अकर्मण्य रहनुले भारतको स्वतन्त्र परराष्ट्र नीतिलाई कमजोर बनाउँछ र देशको लामो समयदेखिको साम्राज्यवाद विरोधी र असंलग्न सम्पदालाई कमजोर बनाउँछभन्ने औल्याएका छन्। इरान बिरुद्धको यो क्रूर युद्ध पश्चिम एशियामा मात्र नभई विश्वका अन्य भागहरुमा समेत फैलिएको छ, जसमा भारतको छिमेकी क्षेत्र पनि समावेश छ। इरानी नौसेनाको जहाज आइआरआइएस डिना हिन्द महासागरमा डूबाइयो, अमेरिकी पनडुब्बाबाट प्रहार गरिएको टोर्पेडोका कारण।

त्यो जहाज विश्वासापट्टनाममा भएको संयुक्त नौसेना अभ्यासबाट फर्कदै थियो र भारतले यसको सुरक्षित फिर्ती सुनिश्चितगर्न कुनै सुरक्षा उपलब्ध गराउन सकेन। तर श्रीलंकाले आइआरआइएस बुशर नामको दोश्रो इरानी जहाज, लाई त्रिन्कोमालीमा सुरक्षितरुपमा जोगादिने दिने जिम्मेवारी लिँदा र त्यसका सबै २०८ चालक दललाई उद्धार गरेपछि भारतको लज्जास्पद घटना अझ स्पष्ट भएको बताइदैछ। अन्तर्राष्ट्रिय समुद्री कानूनअनुसार श्रीलंकाको मानवतावादी प्रतिक्रियासँगै, दक्षिण एशियामा प्रमुख राष्ट्रकारुपमा उदाउँदो मानिएको भारतको परिस्थिति यस्तो कमजोर देखिनुलाई त्यहाँका प्रगतिशील बामपन्थी शक्तिहरुले निकै गम्भीररुपमा लिएको देखिएको छ। अमेरिकाप्रति भारतीय विदेश नीति पूर्णरुपमा आत्मसमर्पित जस्तो भएको कुरा युद्धको अघिल्लो दिन प्रधानमन्त्रीको इजरायल भ्रमणमा प्रकट भएको उनीहरुले औंल्याएका छन्। अन्तर्राष्ट्रिय अदालतद्वारा युद्ध अपराधी घोषित नेतान्याहूसँग मोदीले अँगालो हाल्नुले भारतीय सरकारको तटस्थता र रणनीतिक स्वतन्त्रताको सबै देखावटी मुद्रा छर्लङ्ग भएको मानिदैछ। विगतमा, भारतल प्रायः सँधै राष्ट्रहरुको शान्ति र सार्वभौमिकताको पक्षमा खडाहुदै आएको देखिन्थ्यो। वर्तमान केन्द्र सरकारले शीर्ष ईरानी नेतृत्वको लक्षित हत्याको पनि निन्दागर्न नसकेकोमा उनीहरुले भारतका लागि यो निकै अप्ठ्यारो कुरा मानेको देखिन्छ ,जुन हत्यामा सर्बोच्च इरानी नेता अली खामेनी पनि परेका थिए। यसैबीच, इरानले हर्मुज स्ट्रेटलाई तेल र ग्यास यातायातका लागि बन्दगर्नुले भारतको ऊर्जा सुरक्षामा गम्भीर अनिश्चितता निम्त्याउने उनीहरुले औंल्याएका छन् । आफूले उदारता देखाउन चाहेको जस्तोगरी अमेरिकी राष्ट्रपति ट्रम्प र उनको प्रशासनले भारतलाई रुसको तेल किनेर प्रयोगगर्न ३० दिनको राहत 'अनुमति' दिएका छन्। घाउमा नुन छर्किनेजस्तै हिसाबले अझै बढी एक अमेरिकी अधिकारीले स्पष्टसँग भनेका छन्कि भारतलाई कहिल्यै चीनलाई दिइएको समान छुट दिइने छैन र व्यावहारिकरुपमा जनाएका पनि छन्कि इन्डो-अमेरिकी व्यापार सम्झौता अमेरिकीहरुकै पक्षको रहेको छ। भरतको स्वतन्त्रताको समयदेखि अहिलेसम्म भारतले यस प्रकारको गम्भीर राष्ट्रिय अपमानको सामना गरेको थिएनभन्ने उनीहरुको निष्कर्श छ। यस अवस्थालाई सुधारगर्न मोदी सरकारले तुरुन्तै अमेरिका र इजरायलले चलाएको ईरानमाथिको यो युद्ध रोक्न जोडदार घोषणागर्न आवश्यक ठान्छ, जसलेगर्दा शान्ति पुनःस्थापितगर्न सकियोस र हाम्रो राष्ट्रिय आत्मसम्मान फिर्ता ल्याउन सकियोस्भन्ने माग पनि गरेको छ। हुन त अमेरिकाले ईरानमाथि हमला गरेपछि तुरुन्तै हत्यागरिएका ईरानका सर्बोच्च नेता आयातुल्ला अलि खोमेनेईका प्रतिनिधि डा. अब्दूल मजीद हकीम इलाहीले दाबीकासाथ भनेका थिएकि यो अमेरिकी हमला केवल ईरान सम्ममामात्र सीमित रहने छैन। त्यसो भएको हुनालेनै ईरानमाथि अमेरिकाको हमलापछि त्यो साबित हुन थाल्यो। अब अमेरिकाले आउँदा दिनमा भारत र चीनजस्ता उदाउँदा बिश्व शक्तिहरुमाथि पनि हमलाको तारो बनाउने स्थिति देखिदैछ। यो कुरा बितेको एकसाता अघि अर्थात गएको ४ मार्चका दिन अमेरिकाले हिन्द महासागरको भारतीय क्षेत्रमा ईरानको एउटा युद्धपोत टर्पिडोले हमला गरेर महासागरमा डुबाइदियो। ईरानको त्यो युद्धपोतले हालै भारसँगको संयुक्त सैन्य अभ्यासमा भाग लिएको थियो र त्यसमो समाप्तिपछि आफ्नो देश फिर्ता जानथालेको थियो। त्यस सैन्य अभ्यासलाई 'इण्टरनेशनल फ्लीट रिभ्यु-२०२६ भनिएको थियो । त्यसको आतिथ्यता भारतले गर ेको थियो। त्यसमा स्वयं भारतीय राष्ट्रपति द्रौपति मुर्मुका अगाडि भारतीय र ईरानी नौसैनिकहरुले एकैसाथ परेड खेलेर सम्पन्न गरेका थिए। तर भारतको अखण्ड सम्प्रभूतामाथि ठूलो चोट पुऱ्याउँदै अमेरिकाले त्यसमाथि हमला गरेर समुद्रमा डुबाइदियो र त्यसलाई ठूलो सफलता मानेर प्रचार प्रसार पनि गरिरहेको छ। अमेरिकाका रक्षामन्त्री पिट हेगस्थेले के दाबी गरेका छन्भने हिन्द महासागरमा ईराको एउटा युद्धपोतमाथि अमेरिकी टर्पिडोले हमला गरेर डुवाइदियो। यद्यपि उनले त्यो डुबाइदिएको ईरानी जहाजको नामभने बताएनन्। जबकि श्रीलंकाली नौसेनाले बताइदियो कि 'आईआर आरएसडेना हिन्द महासागरमा डुबेको छ र त्यसमा सवार भएका १८० जना मानिसमध्ये १४० जना बेपत्ता भएका छन्। श्रीलंकाको सरकारले के पनि बताएको छभने ईरानी युद्धपोत डेनाकातर्फबाट श्रीलंकालाई एउटा 'डिस्ट्रेस कल' ( आपतकालीन सन्देश) प्राप्तभएको थियो, जसमा आपतकालीन सहायता मागिएको थियो। तर अमेरिका र श्रीलंकाको कुराभन्दा उल्टा भारतको मोदी सरकारलेभने पहिला त्यस दाबीलाई नै 'भ्रामक' भनेर बतायो। 'पिआईबीको फ्याक्ट चेक टीम'ले एक्समा पोष्टगरेर के बतायोभने 'एक अमेरिकी वेस्ट च्यानलले अमेरिकी सेनाका पूर्व अधिकारी कर्नल डगलस म्याक्रोगरले बताए कि अमेरिका भारतीय नौसैनिक अड्डाको उपयोग ईरानमाथि हमलागर्नका लागि गरिरहेको छ। यो दाबी एकदमै गलत छ' त्यसो भए साँचो कुरा के होभन्ने सारा संसारले बुझिसकेको छ।

यस गम्भीर संकटको बेलामा पनि भारतका प्रधानमन्त्री मोदी चुप्प लागेर बसेको भारतमा आरोप लागि रहेको छ र सरकारले त्यो हमलाको ठाउँ निन्दा गर्नुपर्नेमा गोलमटोल कुरा गरिरहेकोले यो ठूलो चिन्ताको कुरा भएको भारतमा प्रश्न उठिरहेको छ। यसअघि पनि भारतमा मोदी सरकारले बिदेश नीतिलाई उल्टाउने काम गरिरहेको आरोप लाग्ने गर्दैआएको थियो। अहिलेको यो घटनाले त अब 'अतिथि देबो भव' भन्ने सामान्य शिष्टाचारको पनि पालना गर्नुपर्ने ठानेन भन्ने गम्भीर आपेक्ष सरकारले खेपिरहेको छ। अहिले विकसित यस्तो स्थितिमा भारतमा यो प्रश्न उठ्नु बिल्कुलै स्वभाविक हो कि आखिर भारतका प्रधानमन्त्री नरेन्द्र मोदी अमेरिका र ईजरायलसँग यत्तिको ठूलो डर किन मानिरहेका छन्। भारतका पूर्व बिदेश सचिव कंबम सिब्बलले मोदी सरकारलाई सही सल्लाह दिएको उल्लेख गरिदैछकि **बाँकी ७ पेजमा**

# आजको सन्दर्भ

## चर्चित पत्रकार तथा लेखक सुरेश मानन्धरको निधन,गोगदानको चर्चा

काठमाडौं। चर्चित पत्रकार तथा लेखक सुरेश मानन्धरको ५९ बर्षको उमेरमा गतसाता हृदयघातबाट निधन भएको छ। उहाँ भाषा आयोगका सदस्य एवं नेपालभाषा टाइम्सका पूर्वसम्पादक समेत हुनुहुन्थ्यो। उहाँ केही समय दैनिक पत्रिका राष्ट्रिय सञ्जालका केन्द्रिय सदस्यसमेत रहनुभएको थियो। मानन्धरलाई अकस्मात हृदयघातसँगै शिक्षण



अस्पतालको मनमोहन कार्डियाक सेन्टरमा लगिएको थियो। अस्पताल पुऱ्याएको केही समयपछिनै चिकित्सकहरुले उहाँलाई मृत घोषित गरेको उहाँका परिवारका सदस्यले जानकारी दिनुभएको छ। उहाँ मल्ल के सुन्दरको इनाप साप्ताहिकबाट पत्रकारितामा संलग्न हुनुभएको र पछि विश्वभूमि दैनिक प्रकाशनबाट पूर्णकालीन पत्रकारकारुपमा काम गर्नुभएको थियो। पछि सन्ध्या टाइम्स दैनिक र त्यसपछि नेपाल भाषा टाइम्स दैनिकमा सम्पादक भएर काम गर्नुभएको थियो। अप्सरा फिल्मम्यागेजिन, कोशल्वहं कविता त्रैमासिक पत्रिका, नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशन हुने थाय्भुलगायतका पत्रपत्रिकाको सम्पादक मण्डलमा बसी उहाँले केही समय काम गर्नुभएको थियो। उहाँले ०४६ सालमा जनआन्दोलनको समयमा प्रहरीको कडा घेराभित्र वीर अस्पतालमा भर्ना भइराख्नुभएका जनआन्दोलनका कमाण्डर गणेशमान सिंहसँग डाक्टरको भेषमागई अन्तर्वार्ता लिनुभएको थियो। जुन त्यतिबेला धेरै चर्चित पनि भएको थियो। स्व मानन्धरको नेपालभाषा आन्दोलन, नेपाल संवत् आन्दोलन, नेवाः संस्कृतिका साथसाथै बिविध विषयमा नेपालभाषा र नेपालीमा लेख रचना प्रकाशित छन्। उहाँले गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्र, रातोपाटी, सेतोपाटी, नागरिक दैनिकमा स्तम्भकारकारुपमा समेत लेख रचना लेख्नुकासाथै जनआस्थालगायतका बिभिन्न पत्रपत्रिकामा व्यंग्यकारकारुपमा समेत लेख लेख्दै आउनुभएको थियो। स्व मानन्धरको थौं घन्टाघरं जिके ई न्यनाच्वन (आधुनिक कविता संग्रह), पद्मरत्न तुलाधर (नेपाल भाषाका अग्रजका साथसाथै मानव अधिकारवादी पद्मरत्न तुलाधरको जीवनी) प्रकाशित भएको छ। साथसाथै उहाँको सोधपत्र ०४६ साल जनआन्दोलनय् विश्वभूमि न्हिपौया भूमिकासमेत प्रकाशित छ। उहाँले डा अजयक्रान्ति शाक्य र सन्ध्या बज्राचार्यसँग मिलेर इन्द्रजात्रा'/'येँया: पुस्तकसमेत लेख्नुभएको थियो।

## महावीरको संसद यात्रा एक रोचक प्रशंग

काठमाडौं। म्यागासेसे पुरस्कार बिजेता महावीर पुनले म्याग्दी जिल्लाबाट गत फागुन २१ को प्रतिनिधिसभाको यात्रा तयगर्नुभएको थियो। हाल चितवनमा बस्दैआउनुभएका ७१ वर्षीय पुनको जन्म ०११ सालको माघ ११ गते म्याग्दीको अन्नपूर्ण-८ नागीमा भएको हो। अन्तरिम सरकारको



शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री नियुक्त हुनुभएका पुनले गत माघ चारगते पदबाट राजिनामा दिएर जन्मथलोमा चुनाव लड्न पुग्नुभएको थियो। अमेरिकाको नेब्रास्काको युनिभर्सिटिबाट ०४९ सालमा स्नाकोत्तर गरेका पुनको म्याग्दीको सूचना प्रविधि, शिक्षा र पर्यटन विकासमा योगदान रहेको छ। ०५८-६४ को समयमा पोखरा, काठमाडौंलगायत शहर बजारमा सहजरुपमा कम्प्युटर र इन्टरनेट सुविधा नभएको अवस्थामा पुनले म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका बिद्यालयहरुमा कम्प्युटर शिक्षाको शुरुआत र ताररहित इन्टरनेट सुविधा विस्तार गर्नुभएको थियो। ग्रामीण क्षेत्रमा सूचना प्रविधिको विकास र विस्तार गरेकोमा सन् २००७ मा एशियाको नोबल पुरस्कारकारुपमा चिनिने ५० हजार डलरको म्यागासेसे पुरस्कार प्राप्त गर्नुभयो। चौरीपालन, माछापालन, तरकारीखेती गरेर ग्रामीण क्षेत्रका विद्यालय सञ्चालनका लागि आयस्रोत जुटाउने अवधारणा विकास गरेका पुनको अगुवाइमा अन्नपूर्ण धौलागिरि सामुदायिक पदमार्ग, नागी, मोहरेडाँडा, टिकोट, डाँडाखर्क र खोप्रा लेकमा सामुदायिक लज सञ्चालन भएको छ। चौरी र सामुदायिक लजको आम्दानी विद्यालय सञ्चालनमा परिचालन हुनेगरेको छ।

# प्रतिनिधिसभाको निर्वाचनमार्फत जनताले दिएको नयाँ जनादेश

प्रेमचन्द्र झा

नेपालमा अप्रत्याशितरुपमा संसद बिघटन गरेर फागुन २१ का लागि निर्वाचन घोषणा गरिएपछि बिभिन्न अन्योल र अनिश्चितताहरु भएका थिए। तर निर्धारित मितिमै निर्वाचन सम्पन्नभइ गत साता सम्पूर्ण परिणाम सार्बजनिक भएपछि देश अब नयाँ संसद र सरकार गठनको चरणमा प्रबेश गरेको छ। नेपालको राजनीतिले पछिल्ला तीन दशकभन्दा बढी समयको यात्रामा धेरै परिवर्तनहरु ब्यहोरेको पाइन्छ। व्यवस्था फेरियो, शासनका स्वरुपहरु बदलिँदै गए, नयाँ संविधान आयो, नयाँ नेतृत्वहरु उदाए र पुराना शक्तिहरु कमजोर हुँदैगए। तर यति धेरै राजनीतिक परिवर्तनहरुको बीचमा एउटा प्रश्न भने निरन्तर उठिरह्यो के यी परिवर्तनहरुले नागरिकको जीवनमा अपेक्षित सुधार ल्याए ? आजको राजनीतिक परिस्थिति हेर्दा यही प्रश्न झन् गम्भीररुपमा उठेको देखिन्छ। लामो समयसम्म राजनीतिमा प्रभाव जमाएका दलहरु फागुन २१ को निर्वाचनपछि अचानक असहज स्थितिमा पुगेका छन्।

सत्ता र शक्तिको केन्द्रमा वर्षौंसम्म बसेका नेताहरु आज आत्मरक्षाको अवस्थामा देखिन्छन्। यस्तो परिस्थिति कसरी आयो ? भन्ने विषयमा गम्भीर बहस आवश्यक छ। कसैले कल्पना पनि गरेको थिएनकि दशकौंसम्म शासनको केन्द्रमा रहेका शक्तिहरु एकाएक यति कमजोर देखिन थाल्नेछन्। कसैले सोचेको थिएनकि आफूलाई राजनीतिका धुरन्धर खेलाडीमान्ने नेताहरुलाई भर्खरै उदाएका युवापुस्ताका नयाँ शक्तिहरुले यति ठूलो चुनौती दिनेछन्। तर राजनीति त्यही क्षेत्र हो जहाँ स्थायित्वभन्दा परिवर्तन बलियो हुन्छ। जनताको मन परिवर्तन भए राजनीति पनि परिवर्तन हुन्छ। नेपालको लोकतान्त्रिक यात्राको शुरुवात ठूलो आशा र उत्साहकासाथ भएको थियो। जनताले संघर्ष गरेर प्राप्तगरेको अधिकारले देशलाई नयाँ दिशातर्फ लैजाने विश्वास थियो। बहुदलीय व्यवस्था पुनःस्थापित भएपछि नागरिकहरुले सोचेका थिए अब शासन पारदर्शी हुनेछ, विकास तीव्रगतिमा अघिबढ्नेछ, र राज्यले नागरिकको जीवनलाई सहज बनाउनेछ। तर समय बित्दै जाँदा जनताको अपेक्षा र वास्तविकताको बीचमा दूरी बढ्दै गयो। राजनीतिक दलहरुबीचको प्रतिस्पर्धा विकासको नीतिमा होइन, सत्ताको समीकरणमा केन्द्रित हुनथाल्यो। गठबन्धन बनाउने र भत्काउने खेलले शासन प्रणालीलाई अस्थिर बनायो। जनताको जीवनमा प्रत्यक्ष असरपर्ने मुद्दाहरुभने पछाडि पर्दैगए। तीन दशकको अवधिमा देशले धेरै सरकारहरु देख्यो। प्रधानमन्त्रीहरु फेरिए, गठबन्धन फेरिए, तर आम नागरिकको जीवनमा ठूलो परिवर्तन देखिएन भन्ने गुनासो व्यापकहुँदै गयो। विकासका योजनाहरु कागजमै सीमित हुने, भ्रष्टाचारका आरोपहरु बारम्बार उठ्ने, र राज्यका निकायहरु राजनीतिक प्रभावमा परेको आरोप लागिरहने अवस्थाले नागरिकमा निराशा बढाउँदै लग्यो। यही निराशाले समाजमा एउटा मौन असन्तोष सिर्जना गरिरहेको थियो। त्यो असन्तोष लामो समयसम्म बाहिर प्रकट नहुन सक्छ, तर एक दिन त्यो राजनीतिक परिवर्तनकारुपमा प्रकट हुन्छ। इतिहासले देखाएको छकि जब जनताको धैर्यको सीमा पार हुन्छ, तब परिवर्तन अवश्य हुन्छ।

आज देखिएको राजनीतिक परिदृश्यलाई पनि यही सन्दर्भमा बुझ्नुपर्छ। यो अचानक भएको घटना होइन। यो वर्षौंदेखि जम्दै आएको असन्तोषको परिणाम हो। नागरिकहरुले आफ्ना मतमार्फत एउटा सन्देश दिएका छन् राजनीति अब पुरानै ढर्रामा चल्न सक्दैन। लामो समयसम्म सत्ता र शक्ति आफ्नो वरिपरि केन्द्रित राख्ने दलहरुमा एउटा समस्या देखिन्छ आत्मसन्तुष्टि। जब नेतृत्वलाई लाग्न थाल्छकि जनताको समर्थन स्थायी रुपमा आफ्नो पक्षमा छ, तब उनीहरु जनभावनाबाट टाढा हुन थाल्छन्। राजनीतिमा अहंकार सबैभन्दा ठूलो कमजोरी हो। नेतृत्वले आफूलाई आलोचनाभन्दा माथि राख्न थाल्योभने त्यहाँबाट समस्याहरु शुरु हुन्छन्। नागरिकका गुनासा सुन्ने क्षमता घट्दै जान्छ। आलोचनालाई सुधारको अवसरका रुपमा हेर्नुको सट्टा विरोधको रुपमा बुझ्न थालिन्छ। यस्तो अवस्थामा नेतृत्व र जनताको बीचमा दूरी बढ्दैजान्छ। त्यो दूरी एकदिन चुनावी परिणाममा प्रकट हुन्छ। नेपालको राजनीतिक दलहरुमा अर्को ठूलो समस्या भनेको आन्तरिक विवाद हो। गुटबन्दी, नेतृत्वको प्रतिस्पर्धा, टिकट वितरणमा देखिने विवाद, र व्यक्तिगत महत्वाकांक्षाले संगठनलाई कमजोर बनाउँछ।

जब पार्टीभित्रै विश्वासको संकट उत्पन्न हुन्छ, तब त्यो संकट बाहिर पनि देखिन थाल्छ। कतिपय अवस्थामा पार्टीका नेताहरु आपसमा यति धेरै विवादमा फस्छन्कि जनताको मुद्दा नै ओझेलमा पर्छ। राजनीतिमा यस्तो अवस्था लामो समय टिक्न सक्दैन। नागरिकहरुले अन्ततः विकल्प खोज्न थाल्छन्। आजको समाजमा सूचना प्रविधिको प्रभाव अत्यन्त ठूलो छ। सामाजिक सञ्जालले नागरिकलाई आफ्नो आवाज व्यक्त गर्ने नयाँ माध्यम दिएको छ। पहिले जनमत निर्माण गर्न धेरै समय लाग्थ्यो, तर अहिले एउटा **बाँकी ७ पेजमा**

# बन्न लागेको नयाँ सरकार र जनताका चाहनाहरु

बिवेक शर्मा

## साझा मञ्च

नेपालको राष्ट्रिय राजनीति बिचार छाडेर बलका आधारमा अगाडि बढ्न खोजीरहेको देखिन्छ। गत भदौ २३ र २४ गतेको बिध्वंश, भदौ २७ गतेको राष्ट्रपति रामचन्द्र पौडेलको घोषणा र फागुन २१ को निर्वाचनको मतपरिणामलाई हेर्ने होभने उपरोक्त कुराको पुष्टि हुन्छ। फागुन २१ मा भएको प्रतिनिधिसभाको निर्वाचनले यहाँका दलहरुलाई महत्वपूर्ण सन्देशसमेत प्रवाह गरेको छ। त्यो भनेको दलहरु आआफ्नो विधान र नीतिअनुसार चलेको हुनुपर्छभन्ने हो। नेकां, एमाले र नेपाली कम्युनिष्ट पार्टीलगायतका पार्टीहरुले आफूलाई निश्चित बिचार र सिद्धान्तअनुसार चलेकोभन्ने गरेपनि यथार्थमा उनीहरु बिधि र पद्धतिअनुसार चलिरहेका थिएनन्। जुन कुरा उनीहरु आफैले पछाडि फर्केर हेरेको खण्डमा पनि स्पष्ट हुन्छ। हाल रास्वपामा जे जतिले प्रतिनिधिसभाको निर्वाचनमा बिजय हाँशिल गरेका छन्, उनीहरुमध्ये अधिकांश ठूला पार्टीबाट बिद्रोह गरेर आएकाहरु नै रहेका छन्।

नेपाली राजनीतिमा धक्काको महशुस गर्नेगरी राष्ट्रिय स्वतन्त्र पार्टीले प्राप्तगरेको बहुमत केवल चुनावी परिणाममात्र होइन, यसले बिभिन्न किसिमका राजनीतिक सन्देशहरु पनि प्रवाहरु गरेको छ। जुन दशकौंदेखि सत्ता कब्जा गरेर बसेको राजनीतिक संरचनालाई भत्काउने जनमतको सुनामी बनेको पनि देखिएको छ। सबैले बुझ्नु पर्छकि यस्तो सुनामी सधै आउँदा पनि आउँदैन र कसैले चाहेर पनि ल्याउन सक्दैन। बिगत लामो समयदेखि एउटै अनुहार, एउटै प्रवृत्ति र परंपरात कार्यशैलीको राजनीति रहँदैआएकाले पनि त्यसबाट आजित भएका मतदाताले शान्त प्रकृतिको बिद्रोह गरेका हुनसक्छन्। यस पटकको घटनाले राजनीति जहिले पनि पुरानो तरिकालेमात्रै चल्न सक्दैनभन्ने पनि देखाएको छ। फागुन २१ को निर्वाचनको परिणामले नेपाली समाजमा नयाँ आशाको चाहना बढेको देखिएको छ। ति चाहनाहरु के हुन् ? सो कुरा रास्वपाका नेताहरुले मात्र नभएर नेपालका सबै राजनीतिक पार्टी र शक्तिहरुले राम्ररी बुझ्न र केलाउन सक्नुपर्ने भएको छ। संभवत यसैसाता रास्वापाका नयाँ नेता बालेन साहको नेतृत्वमा बन्ने सरकारले भ्रष्टाचार गर्दैन र विकासको गति अघि बढ्छभन्ने आशा र भरोषा नेपाली जनतामा व्याप्त रहेको देखिएको छ। जसलाई मुख्यत राष्ट्रिय स्वतन्त्र पार्टीले गंभिर ढंगले सम्बोधन गर्न/गराउन सकेको हुनुपर्दछ। केहीगरी आशा निराशामा बदलियोभने त्यसले फेरी उल्टो बाटो पक्रिने निश्चित छ। यस्ता घटनाहरु नेपालमा यसअघि पनि पटक, पटक घटेका छन्। बिश्व इतिहासमा पनि कतिपय घटनाहरु अंकित रहेका छन्। नेपाली उखान नै छ मौका आउँछ पर्खिदैन, बगेको खोला फर्किदैन। ०४६ सालको परिवर्तनपछि नेपाली कांग्रेस र एमाले तथा ०६३ को परिवर्तनपछि तत्कालीन माओवादी र हालको नेपाली कम्युनिष्ट पार्टीलाई पटक, पटक काम गरेर देखाउने र जनताको मन जितेर अगाडि बढ्ने मौकाहरु आएका थिए। तर उनीहरुले त्यो मौकालाई आआफ्नो ब्यक्तिगत लाभ हाशिलगर्ने अवसरकारुपमा उपयोग गरे। उदाहारणनै छ, ०४६ को निर्वाचनपछि नेपाली कांग्रेसले अत्यधिक बहुमतकासाथ सरकार सञ्चालनगर्ने मौका पाएको थियो। त्यसैगरी ०६३ पनि तत्कालीन एमाओवादीले पनि त्यस्तो मौका पायो। ०७४ मा तत्कालीन नेकपालाई पनि त्यस्तो मौका जुरेको थियो।

०७९ मंसिर चारको निर्वाचनमै नेपाली मतदाताले नेपाली कांग्रेस र एमालेलाई मिलेर सरकार चलाउन र तत्कालीन माओवादी केन्द्रलाई प्रमुख प्रतिपक्षमा रहेर खबरदारीगर्न जनादेश दिएका थिए। तर उक्त तीनवटा पार्टीले जनादेशको उल्लंघन गरेका कारण ०८४ को निर्वाचन ०८२ मै हुनपुग्योभने मतदाताले प्रमुख तीन दललाई दण्डितसमेत गरे। ०६४ सालको संविधानसभाको निर्वाचनमा माओवादी केन्द्रले अभूतपूर्व जनमत प्राप्त गरेको अवस्था पनि थियो। प्रत्यक्ष र समानुपातिक दुवै तिर करिब २२० सिट जित्दै उ देशकै सबैभन्दा ठूलो पार्टी बन्न सफल भएको थियो। तर उसले जनताको चाहना र भावना बुझ्न र सोअनुसार कामगर्न नसकेका कारण फागुन २१ पछिको अवस्था ब्यहोर्न बाध्य हुनुपरेको छ। माओवादी केन्द्र पार्टी र माओवादको राजनीति त्यागेर नयाँ एमाले बन्ने तरखरमा लाग्नुभएका नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले राजनीतिलाई अवसरवादी बनाउने प्रयासगर्दा हालको अवस्था आएको हो। गगन थापाले एकैपटक पार्टीको सभापति र प्रधानमन्त्रि हुने सपना देखेका कारण पार्टी छिन्नभिन्न हुनपुगेको हो। अब दाहाल र थापाको गल्ती नयाँ पार्टीहरुले दोहऱ्याउनु हुँदैन। फागुन २१ को निर्वाचनको परिणामले जनताको विश्वास स्थायी हुँदैन, त्यसलाई काममार्फत निरन्तर प्रमाणित गर्नुपर्छभन्ने स्पष्ट पनि गरेको छ। नेपाली कांग्रेस र एमालेले ०७९ मंसिर चारको जनादेश अनुसारको सरकार गठन गर्ने/गराउने प्रयासगर्दा आफूलाई धोखा दिएको ठान्ने पुष्पकमल दाहालले गत फागुन २१ को निर्वाचनमा कस्ले धोखादिएको बताउनु हुन्छ ? त्यो सुन्न नेपाली जनता आतुर रहेको पाइन्छ। नेपाल यतिबेला राजनीतिक र आर्थिक दृष्टिलेमात्रै होइन, भूराजनीतिक दृष्टिलेसमेत अत्यन्त संवेदनशील मोडमा पुगेको अवस्था छ।

एउटा मेयर बालेन साह एकाएक प्रधानमन्त्री हुँदैगर्दा मेयरको कार्यकालमा झैं छिमेकी तथा शक्ति राष्ट्रहरुलाई चिढ्याउने कार्यगर्न उहाँलाई कतिपनि पनि छुट हुने छैन। उहाँका लागि यो आफ्नो राजनीतिक कला कौशलता देखाउने एउटा अपूर्व अवसर पनि हो। नयाँ सरकारको पहिलो प्राथमिकता सन्तुलित र परिपक्व परराष्ट्र नीति हुनुपर्ने, आत्मनिर्भर अर्थतन्त्रको ब्यवस्था हुनुपर्ने र राष्ट्रिय एकता तथा सहमतीय राजनीति अनुकूलको सन्तुलन मिलाउने खालका गतिबिधि हुनुपर्ने देखिएको छ। सामाजिक सञ्जालमा लोकप्रिय हुनका लागि गरिने र गरिँदैआएका अपरिपक्व खालका टिकाटिप्पणी वा उत्तेजक नारा अब शासन सत्ताको सञ्चालनमा किमार्थ कामलाग्ने देखिँदैन। सामाजिक परिवर्तन चाहने नेपाली जनताको भाबनालाई नयाँ प्रधानमन्त्रिले शुरुबाटै बुझ्न र आत्मसातगर्न सक्नु आजको आवश्यकता हो। भ्रष्टाचारको विरोध र सुशासनको पक्षमा उभिएका नेपाली जनताको मुख्य माग भनेकै भ्रष्टाचारमुक्त विकास र समृद्धि होभन्ने कुरालाई पनि नयाँ सरकारमा आउनेहरुले राम्ररी बुझ्न र त्यसअनुसार कामगर्न सकेको हुनुपर्दछ। विकासका आधारभूत तत्वहरु भूमि, श्रम र पूँजीमध्ये नेपालसँग भूमि छ, श्रम शक्ति पनि छ। प्राकृतिक श्रोतका दृष्टिले पनि देश निकै समृद्ध छ। उर्वर भूमि, विशाल जलश्रोत र ऊर्जावान श्रमशक्ति नेपालीका सबैभन्दा ठूलो सम्पत्ति हुन्भन्ने कुरा कसैले कसैलाई बुझाइरहनु पर्ने बिषय होइनन्। तर पूँजीको प्रबन्ध र त्यसको सन्तुलित परिचालनको अभावभने सधै रहँदैआएको छ। जसलेगर्दा विदेशी लगानी आकर्षितगर्नु नेपालका लागि चुनौतीको बिषय बन्दैगएको छ। नेपालजस्ता बिश्वका कतिपय गरिव र पीछडिएका मुलुकहरुले बिद्यमान श्रोत, साधान र सीपको उचित ब्यवस्थापनद्वारा समृद्धि हाँशिल गरेका अनेक उदाहारणहरु रहेका छन्। नेपाली शासकहरुले आफूसँग भएको क्षमतालाई पहिचाननै गर्न नसकेको देखिएको छ। त्यसको पहिचानगरी विदेशी लगानी आकर्षित गर्नसक्नेहोभने नेपालको कायापलट हुन बेरलाग्ने देखिँदैन। सरकारी तथ्यांकहरुले नै स्पष्टगरेका छन्कि नेपालमा करिब ८३ हजार मेगावाट जलबिद्युतउत्पादनको सम्भावना रहेको छ। जसमा करिव ४० हजार मेगावाट बिद्युतको उत्पादन आर्थिकरुपमा सम्भव पनि मानिन्छ। तर त्यसको उचित ब्यवस्थापन र संयोजन भने हुन सकिरहेको छैन। अबका दिनमा यस क्षेत्रमा तीव्रगतिमा कामगर्न सकियोभने जलबिद्युत नेपालको अर्थतन्त्रको मेरुदण्ड बन्नसक्ने प्रबल संभावना रहेको छ। कतिपयले जलबिद्युतलेमात्र पनि नेपालको पूरै वार्षिक बजेट धान्नसक्ने आंकलनसमेत गर्नेगरेका छन्। नेपालले यसअघि नै भारत र बंगलादेशको बजारमा बिद्युत ब्यापारको थालनी गरिसकेको अवस्था छ। त्यसैगरी नेपालमा पर्यटन विकासकोसमेत प्रचुर संभावना रहेको छ। विश्वका कतिपय देशहरुले पर्यटनको विकासका लागि कृत्रिम ब्यवस्था गर्नेगरेको देखिएको छ। तर नेपालका लागि हिमाल, जैविक विविधता, संस्कृति र जीवन्त सभ्यताजस्ता **बाँकी ७ पेजमा**

## साम्राज्यवादका...

आवश्यक कारवाही गर्नुपर्ने आवश्यकतामा हामीले जोड दिन्छौं। यो कुराको सजिलैसित अनुमानगर्न सकिन्छकि भाद्र २४ गते देशव्यापीरुपमा जुन तोडफोड, आगलागी वा ध्वंसात्मक कार्यहरु भए, ती कार्यहरु पनि जेनजीहरुद्वारा गरिएका थिएनन्। उनीहरुको आन्दोलनको कार्यक्रममा त्यस प्रकारका गतिविधिहरु समावेश थिएनन् र देशव्यापीरुपमा त्यस प्रकारका कार्यहरु लामो समयदेखिको तयारी वा त्यस प्रकारका अपराधजन्य कार्यहरुका लागि तालिम प्राप्त व्यक्तिहरुद्वारानै हुन सक्दथे।

जेनजीहरु न त्यस प्रकारका अपराधजन्य कार्यका लागि तालिम प्राप्त थिए न पहिलेदेखि नै उनीहरुको त्यस प्रकारको कुनै तयारी थियो। त्यसकारण, उनीहरुद्वारा त्यस प्रकारका अपराधजन्य कार्यहरु हुनसक्ने सम्भावना नै थिएन। त्यो बाहेक त्यो दिन केही घण्टाभित्र देशव्यापीरुपमा नै ती कार्यहरु भएका थिए र जेनजीहरुको स्वस्फूर्त आन्दोलनद्वारा देशव्यापीरुपमा त्यस प्रकारका कार्यहरु पनि हुन सक्दैनथे। तथ्यहरुले यो कुरा बताइसकेका छन्कि बिभिन्न विदेशी खुफिया एजेन्सीहरु देशभित्रका प्रतिगामी शक्तिहरु, असमाजिक तत्वहरु र कथित जेनजीहरु नै त्यस प्रकारका तोडफोड, आगलागी वा ध्वंसात्मक कार्यका लागि जिम्मेवार थिए। सरकारले भाद्र २३ गते र २४ गतेका घटनाहरुको छानबिनको लागि जाँचबुच आयोग बनाएको थियो र त्यसले आफ्नो प्रतिवेदन प्रधानमन्त्रीलाई पनि बुझाइसकेको छ। तर त्यसलाई अझै सार्वजनिक गरिएको छैन। त्यसैले त्यो छानविन कहाँसम्म न्यायोचित र निर्भिकतापूर्वक गरिएको छ ? त्यो कुरा त्यो प्रतिवेदन सार्वजनिक गरेपछिनै थाहा हुनेछ। त्यसपछि पनि यो प्रश्न बाकीनै रहन्छ, त्यो जाँचबुझ आयोगका सिफारिसहरुलाई सरकारले कहाँसम्म इमान्दारितापूर्वक लागू गर्नेछ ? यो सम्भावनालाई पनि अस्वीकारगर्न सकिन्नकि गत भाद्र २३ र २४ गतेका हिंसात्मक घटनाहरुसित सम्बन्धित ती बेग्लाबेग्लै पक्षहरुले आफ्नातर्फबाट भएका कार्यहरुका विरुद्ध कुनै कारवाही नगर्नका लागि दबाव दिनेछन्। पहिलेको ओली सरकार अब सत्तामा नभएको हुनाले त्यसले आफ्ना विरुद्ध कुनै कारवाही नगर्नको लागि दबाब दिने सम्भावना कमै छ तर कथित जेनजीहरुको नेतृत्वमानै सरकार बन्नथालिरहेको हुनाले उनीहरुका सबै अपराधजन्य कार्यहरुका लागि कारवाही नगर्नका लागि दबाव दिने सम्भावना अत्याधिक छ। जाँचबुझ आयोगको छानविन वा त्यसका सुझावहरु तिनीहरुमध्ये कुनै पक्षको दबाबद्वारा प्रभावित रहेको छ वा छैन ? त्यो कुरा त्यो प्रतिवेदन सार्वजनिक भएपछिनै थाहा हुनेछ वा त्यसलाई विना कुनै दबाब निष्पक्षतापूर्वक कार्यान्वयन गरिने छ वा छैन ? त्यो कुरा पछिनै थाहा हुनेछ। त्यसकासाथै त्यो प्रतिवेदनलाई कार्यान्वयनगर्ने जिम्मा वर्तमान अन्तरिम सरकारको हुनेछ वा नयाँ बन्ने सरकारको र उनीहरुले कहाँसम्म निष्पक्षतापूर्वक गत भाद्र २३ वा २४ गतेका गैरजिम्मेवार कार्यहरुका लागि न्यायोचित कारवाही गर्न सक्नेछन् वा त्यो प्रतिवेदनलाई पहिले सँधैझै रद्धीको टोकरीमा फालिने छ ? त्यो सबै कुराहरु पछिनै थाहा हुनेछ। तर हाम्रो जोड यो कुरामा छकि भाद्र २३ को हत्याकाण्ड, जेनजीहरुको शान्तिपूर्ण आन्दोलनलाई हिंसात्मकरुप दिन प्रयत्नगर्ने तत्वहरु वा २४ गतेको तोडफोड, आगलागी वा ध्वंसात्मक कार्यहरुका लागि जिम्मेवार तत्वहरु आदि सबैका विरुद्ध न्यायोचित कारवाही गरिनु पर्दछ अन्यथा देशमा द्वन्दहीनताको अवस्था उत्पन्न हुनेछ। नेपालमा अहिले जुन राजनीतिक स्थिति पैदाभएको छ, त्यसमाथि खाली विशुद्ध राष्ट्रिय दृष्टिकोणलेमात्र बिचारगर्नु सही हुनेछैन। अहिले अमेरिकी साम्राज्यवादले खासगरेर ट्रम्प राष्ट्रपतिमा निर्वाचित भएपछि, त्यसले विश्वव्यापीरुपमा नै आतंक मच्चाइरहेको छ। त्यसले अन्तर्राष्ट्रिय कानून वा संयुक्त राष्ट्र संघकोसमेत अतिक्रमण गरेर ग्रीनल्याण्डलाई कब्जागर्ने, क्यानडालाई अमेरिकाको राज्य बनाउने, पनामा नहरलाई कब्जागर्ने वा भेनेजुयलामा आक्रमण गरेर त्यहाँका राष्ट्रपतिलाई अपहरणगर्ने तथा इरानमाथि हमला गरेर त्यहाँ आफ्नो कठपुतली सरकार बनाउनेसमेत जुन काम गरिरहेको छ, त्यसबाट अमेरिकी साम्राज्यवादले खुला र नाङ्गो प्रकारको आतंकवादी रुप लिएको कुरामा कुनै शंका रहन्न। त्यस प्रकारको अन्तर्राष्ट्रिय सन्दर्भमा नेपालमा पनि अमेरिकी साम्राज्यवादका विरुद्ध व्यापक चेतना उठाउने तथा आन्दोलन उठाउनुपर्ने आवश्यकता छ र त्यसका लागि हामीले सम्पूर्ण न्यायप्रेमी र देशभक्त जनताको ध्यान आकर्षित हुनु जरुरी छ।

## नेतृत्व छाड्न दबाव

काठमाडौं। नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाललाई नेतृत्व छाड्न दबाव बढ्दैगएको थाहा भएको छ। गत फागुन २१ मा भएको निर्वाचनमा २६ वटा समूह मिलेर बनेको भनिएको सो पार्टीले सर्मनाक हार ब्यहोर्नु परेपछि नेतृत्व परिवर्तन र पार्टी पुनरगठनको आवाज उठेको हो। यसक्रममा सो पार्टीका नारायण काजी श्रेष्ठ लगायतका नेताहरुले पछिल्ला बिभिन्न कार्यक्रममा बोल्दै पार्टी पुनरगठन र नेतृत्व परिवर्तनको मागलाई तीब्र बनाउनुभएको छ। अर्कातिर सो पार्टीका संयोजक दाहालभने रास्वपासँग कार्यगत एकताको पहलमा रहनुभएको बताइन्छ। हालैको निर्वाचनको मत परिणामले सो पार्टीको पूर्बको राजनीति चकनाचुर भएको देखाएको छ। माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी लगायतका बिभिन्न पार्टीलाई समेटेर **बाँकी ७ पेजमा**

# समाचार विविध

## सुरक्षा संयन्त्र कमजोर भएको दाबि

काठमाडौं। सुरक्षा संयन्त्र कमजोर भएको दाबिगर्न थापिलएको छ। यसैक्रममा नेकपा(मसाल) को बिद्यार्थी संगठन अखिल (छैठौं) ले राज्यको सुरक्षा संयन्त्रको कमजोरीका कारण सुखेतकी इनिसाको हत्याजस्ता प्रकरण अगाडि आएको धारणा व्यक्त गरेको छ। सो संगठनका अध्यक्ष सुवास जिसीले जारी गर्नुभएको एक बक्तब्यमा उपरोक्त कुरा उल्लेख छ। उहाँले बक्तब्यमा सुर्खेतको वीरेन्द्रनगरस्थित उषा बालवाटिका विद्यालयमा कक्षा ११ मा अध्ययनरत १६ वर्षीय बालिका इनिसा विकमाथि भएको सामूहिक बलात्कार र जघन्य हत्याको आपराधिक घटनालाई हाम्रो संगठनले घोर भर्त्सना गर्दछ भन्नुभएको छ। बक्तब्यमा हामी घटनाको उच्चस्तरीय छानबिन समिति गठनगरी निष्पक्ष अनुसन्धानगर्न र अपराधीलाई यथाशीघ्र पक्राउगरी कडा कानूनी कारवाहीगर्न सरकारसमक्ष जोडदार माग गर्दछौं भनिएको छ। आधुनिक भनिएको समाजमा घट्ने यस प्रकारका अपराधले सिंगो समाजको चेतनामाथि गम्भीर प्रश्न उठाइरहेको हुन्छ। विगतका यस्तै प्रकृतिका घटनामा राज्यको सुरक्षा र प्रशासन संयन्त्रको कमजोर अनुसन्धान पद्धति र अपराधीलाई कडा कानूनी सजायको व्यवस्था नगर्नुको परिणाम यस्ता अपराध न्यूनीकरण भइरहेका छैनन्। त्यस्तै युवा तथा विद्यार्थीमा पनि उचित नैतिक चरित्रको विकासगर्न राज्यको पर्याप्त ध्यान जानसकेको छैन। हामीले सरकारसमक्ष यस्ता गम्भीर विषयमा जिम्मेवार बन्न ध्यान आकर्षित गर्दछौं भनिएको छ।

## निर्वाचन आयोगद्वारा दालहरुलाई दबाव

काठमाडौं। निर्वाचन आयोगले बिभिन्न दल तथा उम्मेदवारहरुलाई आफ्नो निर्वाचन खर्च तोकिएको मितिमा विवरण बुझाउन भनेको छ। आयोगले हालै एक विज्ञप्ति जारीगरी निर्वाचन सम्पन्न भएको मितिले ३५ दिनभित्र राजनीतिक दलले निर्वाचन आयोगमा र उम्मेदवारले आफ्नो जिल्लामा रहेको प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी तथा खर्चको विवरण तथा सो विवरण सार्वजनिक गरेको जानकारी गराउन अनुरोध गरेको हो। आफ्नो जिल्लामा रहेको प्रदेश/जिल्ला निर्वाचन कार्यालयको सूचना पाटी, सम्बन्धित गाउँपालिका वा नगरपालिका वा वडा कार्यालयको सूचना पाटी, राजनीतिक दलको जुनसुकै तहको कार्यालय वा वेवसाइट (राजनीतिक दलकातर्फबाट उम्मेदवार भएका उम्मेदवारको हकमा), आमसञ्चार माध्यम (पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि) वा सामाजिक सञ्जाल (फेसबुक, ट्विटर, ईन्ष्टाग्राम आदि) मा आफ्नो निर्वाचन विवरण सार्वजनिकगर्न आयोगको अनुरोध छ। निर्वाचन खर्चको विवरण नबुझाउने तथा सार्वजनिक नगर्ने एवं निर्वाचन खर्चको विवरण सार्वजनिकगरी त्यसरी सार्वजनिक गरेको विवरणको प्रमाणसहित लिखित जानकारी आयोग तथा सम्बन्धित निर्वाचन कार्यालयमा नदिने राजनीतिक दल तथा उम्मेदवारको हकमा निर्वाचन (कसुर तथा सजाय) ऐन-०७३ को दफा ३१ बमोजिम कारवाही हुने आयोगले जनाएको छ। निर्वाचन ऐन-०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचन प्रचार प्रसारमा गरेको खर्चको विवरण पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ उम्मेदवारले सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा र समानुपातिक निर्वाचन प्रणालीतर्फको हकमा सम्बन्धित राजनीतिक दलले निर्वाचन आयोगसमक्ष तोकिएको ढाँचामा निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी र खर्चको विवरण सार्वजनिकगर्नु भनिएको छ।

## निर्माण सामग्रीहरुको मूल्यवृद्धि

काठमाडौं। इरान र अमेरिकाको युद्धका कारण नेपालको बजारमा निर्माण सामग्रीहरुको मूल्यवृद्धि हुन थालेको छ। प्राप्त समाचारअनुसार एचडीपीई (हाई डेनसिपट पोलिथाइलिन) पाइप, सिमेन्टसहितका निर्माण सामग्रीको मूल्यवृद्धि भएको छ। सरकारी ठेक्काको काम शुरुगर्ने समयमा बजारमा एचडीपीई पाइपको करिब ४० प्रतिशतसम्म मूल्यवृद्धि भएको जानकारहरुले बताएका छन्। जसले सरकार, गैरसरकारी संस्था, बिभिन्न स्थानीय तहका विकासका काम अवरोध सिर्जना भएको छ। खासगरी सरकारी तहका खानेपानी आयोजनालगायतमा प्रयोग हुने यी पाइपको मूल्यवृद्धिले बजारमा हलचल ल्याएको छ। सिमेन्टसहितका बिभिन्न निर्माण सामग्रीमा पनि आफूखुसी मूल्यवृद्धि भइरहेको उपभोक्ताहरुको गुनासो सुनिएको छ। गत फागुन २१ को निर्वाचनलगत्तै एक्कासि प्लाष्टिकजन्य सामग्रीहरु विशेषतः एचडीपीई पाइपको मूल्य बढेको छ। उद्योगहरुले ४० प्रतिशतसम्म मूल्य बढाएर बजारमा पठाएका छन्। उनीहरुले आवश्यक अर्डर पनि लिन छोडेका छन्। सामान्यतया, सरकारी ठेक्का कार्यान्वयन वर्षा, दशैं, तिहार र छठ पर्व सक्किएपछि कात्तिकबाट शुरुभई जेठसम्म सक्किने हुन्छ। यस पटक निर्वाचन परेकाले निर्वाचनलगत्तै लागेका ठेक्का कार्यान्वयन हुने समयमा एचडीपीई पाइपको मूल्य आकासिदा यसको असर उपभोक्तासम्म पर्ने देखिएको छ। खानेपानी, सिँचाइ, कृषि, सडक, ढल निकासलगायतमा सिमेन्ट र पाइपको प्रयोग हुनेहुँदा यसको मूल्यवृद्धि सीधा उपभोक्तासँग जोडिएको उपभोक्ता हित संरक्षण मञ्चकी उपाध्यक्ष सुवर्णप्रभा गुरागाईंले बताउनु भएको छ। अमेरिका-इरानयुद्धका कारण कच्चपदार्थ भएको मूल्यवृद्धिको असर परेको ब्यापारीहरुको भनाई छ। युद्धले ३० देखि ५० प्रतिशतसम्म क्रुडआयलको मूल्यमा वृद्धिभएका कारण नेपाली बजारमा पनि त्यतिनै हिसाबले एचडीपीईको मूल्य बढ्ने आंकलन गरिएको छ।

## निगमद्वारा ग्याँस को भण्डारण नगर्न जोड

काठमाडौं। नेपालको बजारमा एकाएक खाना पकाउने ग्याँस को समस्या देखिएपछि नेपाल आयल निगमले पेट्रोलियम पदार्थ तथा ग्याँस को आवश्यक परिमाणमामात्र खरिद तथा प्रयोगगर्न आग्रह गरेको छ। निगमले एक विज्ञप्ति जारीगर्दै मासिक एक सिलिन्डर खपत हुने अवस्थामा अरु सिलिन्डर नभर्न, अनावश्यक भण्डारण नगर्न र ग्याँस को सट्टा बिजुलीको खपत बढाउन आग्रह गरेको हो। नेपाल पेट्रोलियम पदार्थमा पूर्णरुपमा आयातमा परनिर्भर रहेको अवस्थामा यसको खपतमा केही सुरक्षात्मक प्रबन्धगर्न जरुरी रहेको निगमले स्पष्ट पारेको छ। अनावश्यकरुपमा ग्याँसका सिलिन्डर होल्डिङ गरेको पाइएमा, बढी मूल्यलिइ ग्याँस तथा पेट्रोलियम पदार्थ बिक्री गरेमा, नयाँ सिलिण्डरको बजारीकरण गरेको पाइएमा कारबाही हुने निगमले जनाएको छ। निगमद्वारा जारी विज्ञप्तिमा औद्योगिक प्रयोगमा पेट्रोलियम पदार्थ तथा ग्याँसको खपत कमगर्ने, इन्धन तथा एलपी ग्याँस को आयात र बिक्री वितरणको अवस्था नियमित भइरहेको एवं आगामी दिनमा पनि निरन्तर हुँदैजाने भए तापनि मध्यपूर्वमा देखिएको **बाँकी ७ पेजमा**

## सम्पन्न...

सुझाएको पनि देखिएको छ। निर्वाचनको मुखैमा आएर गगन थापा र विश्व प्रकाशहरुले पार्टी बिभाजन गरेका कारण कतिपय नेताहरु उहाँहरुप्रति असन्तुष्ठ रहेका छन्। दोश्रो कुरा अब सभापति बाहिरबाट संसदीय दलको नेता चयन गर्नुपर्ने भएकाले फेरी अर्को बिभाजन र कलह शुरुहुने स्पष्ट संकेत देखिएको छ। अब यही चैतको पहिलो साताबाट नेपाली कांग्रेसको संस्थापन पक्षले आफ्नो नियमित महाधिवेशनको कदम चाल्ने अवस्था रहेको छ। नेपाली कांग्रेसमा एकातिर सभापति शेरबहादुर देउवालाई जबरजस्त पदबाट हटाउने काम भएको छभने अर्कातिर गत २१ गतेको निर्वाचनमा संस्थापन पक्षका धेरै नेताहरु पराजित भएको अवस्था छ। जसलेगर्दा गगन थापालाई पार्टीको सभापति पदबाट राजीनामागर्न र संस्थापन पक्षसँग समन्वय गरेर नियमित महाधिवेशनमार्फत पुरानै पार्टीमा फर्कन दबाव बढेको देखिएको छ। त्यसैगरी निर्वाचनको मतपरिणाम सार्बजनिक भएर एमाले तेश्रो स्थानमा पुगेपछि सो पार्टीमा पनि अध्यक्ष केपी ओलीलाई पदबाट हटाउने खालका खेलहरु शुरुभएको देखिन्छ। सो पार्टीबाट औपचारिकरुपमा त्यस्तो खेलको शुरुभएको नदेखिएपनि बिभिन्न कोणबाट प्रचारबाजीहरु भने भैरहेका छन्। तर परिस्थिति कस्तो छभने यतिबेलाको अवस्थामा सो पार्टीका अध्यक्ष केपी ओलीले राजीनामा गरेर पछाडि हट्ने अवस्था पनि छैनभने उहाँलाई कसैले हटाउनसक्ने अवस्था पनि देखिएको छैन। ओलीलाई नेतृत्वबाट हटाउन कि त उहाँ आफैले स्वेच्छाले पद त्याग गरेको हुनुपर्दछ किभने नेपाली कांग्रेसकोजस्तै बिशेष महाधिवेशन आयोजना हुन सक्नुपर्दछ। घटनाक्रमहरुलाई हेर्दा एमाले कम्युनिष्ट पार्टी भएका कारण उ थप सशक्त र आक्रामक बन्नसक्ने बढी संभावना छ। उसले अन्य कम्युनिष्ट पार्टीहरुसँग गठबन्धन गरेर निरन्तर सडक तताउने संभावना पनि रहेको छ। अब बिभिन्न पार्टीका समीषात्मक बैठकहरु बस्न थालेका छन्। भारतीय संस्थापन पक्षका नेताहरुले नेपालका सत्तामा जाने तयारीमा रहेका नेताहरुसँग सम्पर्क बढाउनेक्रम बढेको छ। यस्तो अवस्थामा पूर्ब माओवादी नेता तथा हाल आफूलाई रास्वपाको संरक्षक भएको बताउँदै आउनु भएका तर निर्वाचनमा नेपाली कांग्रेसको पक्षमा देखिनुभएका डा. बाबुराम भट्टराईले हिजो शनिबारमात्र तीनदिने दिल्ली बसाई र छलफल सम्पन्न गर्नुभएको छ। अर्का पूर्ब माओवादी नेता तथा हाल नेपाली कम्युनिष्ट पार्टीका नेता पुष्पकमल दाहाल रास्वपासँग सहकार्यगर्न इच्छुक देखिनु भएको छ। यसरी दलहरुमा बिचार पक्ष कमजोर र स्वार्थ पक्ष प्रबल देखिनुले नेपालमा अझै राजनीतिक दुर्घटना दोहरिने संकेत गरेका छन्। जसलाई देशभक्त नेपालीहरुले सही बाटोमा अगाडि बढाउने र देशलाई संभावित राजनीतिक दुर्घटनाबाट जोगाउने प्रयास गर्नु आजको आवश्यकता भएको छ।

## सम्पन्न...

'यदि हामीले ईरानी जहाजलाई आफ्नो 'मिलन' अभ्यास कार्यक्रममा सहभागी हुनका लागि आमन्त्रित गरेका थिएनौभने त्यो जहाज यहा खडा हुनेनै थिएन। हामी यो अभ्यासको आयोजनाकर्ता थियौं। यस अभ्यासको प्रोटोकलकाअनुसार पनि जहाजले कुनैपनि किसिमको गोली बारुद लिएर जान सक्दैनथ्यो। अर्थात ईरानको त्यो जहाज एकदमै निहत्था थियो। तर त्यसमाथिको अमेरिकी पनडुब्बीको हमला पहिलादेखिनै सोचबिचार पुऱ्याएर योजनबाद्ध ढंगले गरिएको हमला थियोभन्ने देखिएको बिश्लेषण भइरहेको छ। हुनपनि अमेरिकालाई यस जहजका बारेमा पहिलादेखि नै जानकारी थियोकि ईरानी जहाँज यो मिलन अभ्यासमा सामेल रहेको छ। उनले थप भन्नेकि भलै भारत अमेरिकाको यस हमलाको लागि राजनीतिक या सैनिकरुपले जिम्मेवार नरहेको होस् तर पनि भारतीय जिम्मेवारी नैतिक र मानबीयस्तरमा अवश्य छ। यद्यपि भारतमा के अफसोस मानिदै छ भने भारतको मोदी सरकार यो स्वाभाविक जिम्मेवारी बहनगर्नबाट समेत तर्किदैछ। अहिलेजस्तो भारतको अपमान पण्डित जवाहरलाल नेहरुको असंलग्न आन्दोलनदेखि लिएर इन्दिरा गान्धिसम्मको सरकारले बैदेशिक सम्बन्धको बिश्व राजनीतिमा सधैंनै सबलताको परिचय दिदैआएको र कुनै महाशक्तिको अगाडि नझुकेको कुरा प्रतिपक्षी नेता सोनिया गान्धिले समेत त्यहाँ उठाइरहेको देखिन्छ। यो परम्परालाई भारतका सबै प्रधानमन्त्रीले निर्बाहगर्दै आएका हुन् चाहे ती जुनसुकै दलका हुन् ती कसैले अमेरिककाको सामु झुकेनन् र समर्पण गरेनन्। भारतीय बिश्लेषकहरु उल्लेख गर्दछन्कि २०१३ को देबयानी खोबरागडे मामिलामा जतिबेला मनमोहन सिंहको सरकार थियो त्यतिबेला अमेरिकी राजनयिकहरुको सुबिधा खोसेर 'जस्तालाई त्यस्तै' जवाफ दिइएको थियो। तर अहिले आईआरआईएस डेनमा हमलापछि मोदी सरकारको 'रणनीतिक मौनता'ले भारतको साखलाई खतरामा जाकिदिएको उनीहरु औंल्याइरहेका छन्। अमेरिकाको यस्तो मनोमानीकाबारेमा चुपलागेर बस्नु एकारित 'अतिथि देबो भव'को भारतीय संस्कारको अपमान होभने अर्कोतिर आफ्नो सम्प्रभूताको पर्बाहा नगर्नु पनि देखिन्छभन्ने गम्भीर आरोप लागिरहेको छ। अहिले मोदीले देशको भ्रम तोडेको कुरा उठाउँदै १० बर्षअघि फेब्रुअरी २०१६ नरेन्द्र मोदीले एउटा पोष्टमा हिन्दमहासागर क्षेत्र मेरो प्रमुख प्राथमिकताको क्षेत्रहरुमध्ये एक होभनेर उल्लेख गरेको कुरा औंल्याउँदे त्यो भ्रम पनि अब टुटेको निष्कर्ष निकालिँदैछ। यस्तै किसिमको बयान गतबर्ष भारतीय नौसेना प्रमुले दिएको थियोकि हिन्द महासागरको नाम नै भारतको नाममा राखेको छ। यदि हामीले यसको ख्याल गरेनौभने कसले गर्ने ? भन्ने प्रश्न उठाएको थियो। त्यसैले अहिले प्रश्न उठिरहेको देखिन्छकि नरेन्द्र मोदीको नजरमा यस्ता कुनै बायनको कुनै अर्थ छकि छैन। स्वयंलाई हिन्दमहासागर क्षेत्रको बास्तबिक रक्षक भन्नेगरेको भारतको मोदी सरकारको अहिलेको यो 'मौनता' के त्यही कूटनीतिक दबाब र सम्झौतापरस्त हुनुको संकेत हो जुन कुरा काग्रेस नेता राहुल गान्धिले भन्नेगरेका छन् कि 'पीएम इज कम्प्रोमाईज्ड'। भारतका लागि के श्रेयस्कर भनिदैछ भने अफ्नो क्षेत्रमा हुनेगरेका यस्ता हिंश्रक हमला र घटनाहरुमाथि भारत मुकदर्शक बनेर रहनु हुँदैन। भारतले आफ्नो स्वायत्तता र अतिथिहरुको सुरक्षामालाई सर्बोपरी राख्नैपर्दछ। त्यसैले हिन्द महासागरमा 'आईआरएस-डे डुब्ने घटनालाई 'युद्धको कारवाही' भनेर टालटुलगर्नु भारतको निम्ति ठूलो रणनीति भूल हुनेछ। यदि आज भारत अमेरिकाको यो अपरिपक्क हर्कतमा चुपलागेको होभने भबिष्यमा समेत यसको ठूलो कमजोरी ठहरिने र समस्या भोग्नु पर्नेछ। किनभने बिश्वमा यसबाट यही सन्देश प्रवाह हुने छकि अमेरिकाको तारो ईरानी युद्धपोत भएपनि अमेरिकाको उदेश्य भारतलाई 'अपमान' गर्नु थियो। **लेखक : नेकपाका संयोजक हुनुहुन्छ।**

## प्रतिनिधिसभा...

घटना वा अभिव्यक्तिले केही घण्टामै देशव्यापी बहस सिर्जनागर्न सक्छ। यसले राजनीतिमा पारदर्शिताको आवश्यकता अझ बढाएको छ। नेताहरुको व्यवहार, निर्णय, र अभिव्यक्ति अब तुरुन्तै सार्वजनिक बहसको विषय बन्न सक्छ। त्यसैले राजनीतिमा जिम्मेवारी र संवेदनशीलता झन् आवश्यक भएको छ। यसैबीच, युवापुस्तामा परिवर्तनको चाहना तीव्ररुपमा बढेको देखिन्छ। उनीहरु पुराना राजनीतिक भाष्यभन्दा फरक सोच चाहन्छन्। पारदर्शिता, उत्तरदायित्व, र परिणाममुखी शासनप्रति उनीहरुको अपेक्षा बढी छ। नेपालबाट ठूलो संख्यामा युवाहरु विदेश गइरहेको वास्तविकता पनि यही असन्तोषसँग जोडिएको छ। रोजगारीको अभाव, अवसरको कमी, र भविष्यप्रतिको अनिश्चितताले युवाहरुलाई देश छोड्न बाध्य बनाइरहेको छ। जब युवापुस्ताले आफ्नै देशमा सम्भावना देख्न छोड्छ, त्यो राज्यका लागि गम्भीर चेतावनी हो। नयाँ राजनीतिक शक्तिहरुको उदय पनि यही सन्दर्भमा बुझ्नुपर्छ। जब पुराना दलहरुले जनताको अपेक्षा पूरा गर्न सक्दैनन्, तब समाजले नयाँ विकल्प खोज्छ। नयाँ पार्टीहरु, नयाँ नेतृत्व, र नयाँ भाष्यले त्यही खाली स्थान भर्न खोज्छन्। तर नयाँ शक्ति आउनु मात्र पर्याप्त हुँदैन। वास्तविक चुनौती भनेको विश्वासलाई कायम राख्नु हो। जनताले परिवर्तनको आशामा समर्थन दिएका हुन्छन्। यदि त्यो आशा पूरा हुन सकेन भने निराशा अझ गहिरो हुन सक्छ। त्यसैले नयाँ नेतृत्वका लागि जिम्मेवारी झन् ठूलो हुन्छ। उनीहरुले पारदर्शिता, इमानदारी, र प्रभावकारी शासनमार्फत आफूलाई फरक सावित गर्नुपर्छ। लोकतन्त्रमा हार र जीत दुवै स्वाभाविक प्रक्रिया हुन्। कुनै पनि दल सधैं सत्तामा रहन सक्दैन, र कुनै पनि दल सधैं प्रतिपक्षमा रहिरहनुपर्ने छैन। राजनीतिक शक्तिको उतार-चढाव लोकतान्त्रिक प्रणालीको स्वाभाविक विशेषता हो। तर हारलाई कसरी लिने भन्ने कुरा महत्वपूर्ण हुन्छ। यदि हारलाई केवल अपमानको रुपमा लिइयो भने त्यसबाट कुनै सुधार सम्भव हुँदैन। तर यदि हारलाई आत्मसमीक्षाको अवसरका रुपमा लिइयो भने त्यो भविष्यका लागि उपयोगी बन्न सक्छ। पुराना दलहरुका लागि अहिलेको समय आत्मसमीक्षाको समय हो। विगतका निर्णयहरु, नीतिहरु, र व्यवहारको गम्भीर समीक्षा आवश्यक छ। संगठनलाई पुनःसंगठित गर्नुपर्ने आवश्यकता देखिएको छ। सबैभन्दा महत्वपूर्ण कुरा भनेको नयाँ पुस्तालाई अवसर दिनु हो। राजनीति केवल केही व्यक्तिहरुको वरिपरि केन्द्रित रहँदा संगठन कमजोर हुन्छ। नयाँ नेतृत्वलाई अघि ल्याएर मात्र संगठनलाई जीवित राख्न सकिन्छ। राजनीतिमा सम्मान र सहकार्यको संस्कृति पनि अत्यन्त आवश्यक छ। असहमति लोकतन्त्रको स्वाभाविक हिस्सा हो, तर असहमति व्यक्तिगत शत्रुतामा परिणत हुनुहुँदैन। नेपालजस्तो विविधता भएको देशमा सबै राजनीतिक शक्तिहरुको भूमिका महत्वपूर्ण हुन्छ। राष्ट्रिय हितका विषयहरुमा सहकार्य आवश्यक हुन्छ। विकास, शिक्षा, स्वास्थ्य, र आर्थिक समृद्धिजस्ता मुद्धामा दलहरुबीच सहमति बन्न सक्नुपर्छ। आजको राजनीतिक परिस्थितिले एउटा महत्वपूर्ण सन्देश दिएको छ,जनतानै लोकतन्त्रको अन्तिम निर्णायक शक्ति हुन्। जब जनताको आवाजलाई बेवास्ता गरिन्छ, तब उनीहरुले आफ्नो मतमार्फत जवाफ दिन्छन्। त्यसैले आज देखिएको परिणामलाई केवल कसैको हार वा कसैको जीतकारुपमा मात्र हेर्नु उचित हुँदैन। यो लोकतान्त्रिक प्रक्रियाको एउटा चरण हो। यसले सबैलाई एउटा स्पष्ट सन्देश दिएको छकि राजनीति जनताको विश्वासमा टिकेको हुन्छ। यदि त्यो विश्वास कमजोर भयोभने ठूलो शक्ति पनि कमजोर हुनसक्छ। नेपालको भविष्य अझै सम्भावनाले भरिएको छ। देशसँग युवा जनसंख्या छ, प्राकृतिक स्रोतहरु छन्, र परिवर्तन चाहने समाज छ। यदि राजनीतिक नेतृत्वले जिम्मेवारीपूर्वक काम गऱ्यो भने देशलाई सकारात्मक दिशातर्फ लैजान सकिन्छ। आज आवश्यक कुरा भनेको दोषारोपण होइन, सुधारको प्रतिबद्धता हो। राजनीति सेवा र जिम्मेवारीको माध्यम बन्न सक्योभने मात्र जनताको विश्वास पुनःस्थापित हुन सक्छ। अन्ततः लोकतन्त्रको सार यही हो जनताको इच्छा सर्वोपरि हुन्छ। जब नागरिक सचेत हुन्छन् र आफ्नो अधिकार प्रयोग गर्छन्, तब देशको राजनीतिक दिशा पनि परिवर्तन हुन्छ। यस अर्थमा हेर्दा आजको परिस्थिति कुनै एक दल वा व्यक्तिको मात्र हार होइन। यो लोकतान्त्रिक चेतनाको संकेत पनि हुन सक्छ। यदि सबै राजनीतिक शक्तिहरुले यसबाट पाठ सिके भने भविष्यमा नेपालको राजनीति अझ परिपक्व, उत्तरदायी र जनमुखी बन्न सक्छ। त्यसैले अहिले आवश्यक कुरा भनेको एकअर्कालाई दोष दिने होइन, जनताको सन्देशलाई बुझ्ने हो। जनताले दिएको संकेतलाई सही रुपमा ग्रहण गर्न सकियोभने यही क्षण नेपालका लागि नयाँ राजनीतिक अध्यायको शुरुवात बन्न सक्छ। तर, केवल नेतृत्व र दलहरुको आन्तरिक संरचनामा सुधार गर्नु पर्याप्त हुँदैन। प्रणालीगत सुधार पनि आवश्यक छ। निर्वाचन प्रक्रिया, प्रशासनिक पारदर्शिता, न्यायिक स्वतन्त्रता, र सार्वजनिक नीति कार्यान्वयनमा द्रुतता र प्रभावकारिता जस्ता पक्षहरुमा सुधार हुनु अनिवार्य छ। जबसम्म राजनीतिक नेतृत्वले यी क्षेत्रहरुमा ध्यान दिँदैन, तबसम्म जनताको जीवनमा वास्तविक परिवर्तन देखिन गाह्रो हुनेछ। शिक्षा र युवा सशक्तिकरण पनि राजनीति र समाजको दिगो विकासको आधार हुन्। आजको युवापुस्ताले सूचना र विश्वव्यापी दृष्टिकोण राख्छ। उनीहरुलाई निर्णय प्रक्रियामा सहभागी गराउने, नीति निर्माणमा सुझाव लिनु, र उनीहरुको नेतृत्व क्षमता विकासगर्नु देशको दीर्घकालीन स्थायित्वका लागि महत्त्वपूर्ण छ। त्यस्तैगरी, नेपालमा सामाजिक समानता, क्षेत्रीय समृद्धि, र अवसरको समान वितरण सुनिश्चित गर्नुपर्ने आवश्यकता छ। केवल राजधानी वा सहरमा केन्द्रित विकासले देशको वास्तविक क्षमता विकास गर्न सक्दैन। गाउँ र ग्रामीण क्षेत्रका नागरिकहरुको जीवनस्तर उकास्न र उनीहरुलाई देशको मुख्यधारामा ल्याउन समावेशी नीति आवश्यक छ। साथै, राजनीतिक संस्कारलाई नयाँ ढाँचामा लैजानु पनि आवश्यक छ। असहमति र विरोध केवल नकारात्मक होइन, बरु सुधार र संवादको माध्यम हुनुपर्छ। नेताहरुले व्यक्तिगत अहंकार र सत्ता संरक्षणको राजनीति परित्यागगरी साझा लक्ष्यमा केन्द्रित हुनुपर्छ। यसरीमात्र राष्ट्रिय हितलाई प्राथमिकता दिइएको लोकतान्त्रिक वातावरण सिर्जनागर्न सकिन्छ। अन्ततः, नेपालको राजनीति एक चरणगत यात्रा हो, जहाँ विगतका त्रुटिहरुबाट सिकेर भविष्य निर्माणगर्न सकिन्छ। आजको असन्तोष र परिवर्तनको संकेतले जनतालाई मात्र होइन, नेताहरुलाई पनि सचेत गराएको छ। यदि सबै राजनीतिक शक्ति आफ्ना कर्तव्य प्रति उत्तरदायी रहन सक्छन्, पारदर्शिता कायम राख्छन्, र जनताको अपेक्षा पूरागर्ने दिशामा काम गर्छन्भने नेपालले स्थायी लोकतन्त्र र दिगो विकासको मार्ग अवलम्बनगर्न सक्छ। त्यसैले, यो समय आलोचना र दोषारोपणभन्दा बढी, सुधार, उत्तरदायित्व, र साझा प्रयासको हो। जनताको आवाजलाई आत्मसातगर्दै अघिबढ्नु नै नेपालका लागि नयाँ राजनीतिक अध्यायको शुरुवात हुनेछ। अब संभवत यसैसाता कसरी सरकार र संसदको शुरुवात हुन्छ, त्यसले भविश्यको निर्धारण गर्नेछ।

## सम्पन्न...

सदस्य रहेका छन्। ऊर्जा संकटको सम्भावित जोखिमलाई ध्यानमा राख्दै ती देशहरुले अन्तर्राष्ट्रिय ऊर्जा सहयोग संयन्त्रमार्फत संयुक्तरुपमा रणनीतिक तेल भण्डार बजारमा ल्याउने विषयमा पनि बिचार गरिरहेका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेल मूल्य बढ्नु इरानको आणविक खतरा हटाउनका लागि तिर्नुपर्ने सानो मूल्य भएको बताउनुभएको छ। सन् १९७३ को तेल संकटपछि ऊर्जा आपूर्ति अवरोधको अवस्थामा सदस्य देशहरुबीच समन्वय गरेर प्रतिक्रिया दिन अन्तर्राष्ट्रिय ऊर्जा सहयोग संयन्त्र स्थापना गरिएको थियो। ऊर्जा सुरक्षालाई सुनिश्चितगर्न सदस्य देशहरुले कम्तीमा ९० दिनको आयात बराबरको आपतकालीन तेलभण्डार राख्ने व्यवस्था रहेको छ, जसलाई आवश्यकता परे बजार स्थिर बनाउन प्रयोगगर्न सकिन्छ। इजरायल र इरानबीच जारी युद्ध झन् व्यापक बन्दैजाँदा गतसाता मध्यपूर्वका विभिन्न देशहरुमा आक्रमण, प्रतिआक्रमण, कूटनीतिक पहल र आर्थिक प्रभाव एकसाथ देखिएका छन्। नयाँ सर्वोच्च नेताको चयनपछि इरानले इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेको छभने इजरायलले पनि इरान तथा लेबनानमा नयाँ सैन्य कारवाही अघि बढाएको जनाएको छ। युद्धको प्रभाव खाडी क्षेत्रदेखि एशियाली बजारसम्म फैलिँदै गएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध कहिले अन्त्यगर्ने भन्ने विषय इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँगको आपसी समझदारीबाट तयहुने बताउनुभएको छ। समाचार वेबसाइट टाइम्स अफ इजरायलसँग कुरागर्दै ट्रम्पले अन्तिम निर्णयभने वाशिंटनलेगर्ने दाबि गर्नुभएको छ। युद्ध अन्त्यको समयबारे सोध्दा उहाँले आफूले उचित समयमा निर्णय गर्ने बताउँदै त्यसअघि सबै पक्षलाई ध्यानमा राखिने उल्लेख गर्नुभएको छ। अमेरिकी र इजरायली अधिकारीहरुले आक्रमणको मुख्य उद्देश्य इरानलाई आणविक हतियार विकास गर्नबाट रोक्नुभएको र यसले इरानमा शासन परिवर्तनको सम्भावना समेत सिर्जनागर्न सक्ने आशा व्यक्तगरेका छन्। यसैबीच अमेरिकी आक्रमणमा मृत्युभएका इरानका पूर्व सर्वोच्च नेता अली खामेनीका छोरा मोजताबा खामेनीलाई देशको विशेषज्ञ सभाले नयाँ सर्वोच्च नेताकारुपमा चयन गरेको छ। इरानको रिभोलुसनरी गाड्र्सले तत्काल नयाँ नेताप्रति वफादारी व्यक्त गरेको जनाएको छ। न्यायपालिकाका प्रमुख घोलामहोसेन मोहसेनी एजेईले उक्त निर्णयलाई आनन्द र आशाको श्रोत बताउनुभएको छभने वरिष्ठ सुरक्षा अधिकारी अली लारिजानीले यसलाई पूर्णरुपमा कानूनी प्रक्रियाअनुसार भएको बताउनुभएको छ। यमनका हुथी विद्रोहीहरुले पनि खामेनीको नियुक्तिलाई स्वागतगर्दै यसलाई इस्लामिक गणतन्त्रका विरोधीहरुका लागि ठूलो झट्का भनेका छन्। यद्यपि इजरायली सेनाले यसअघि कुनैपनि उत्तराधिकारीलाई लक्षितगर्न सक्ने चेतावनी दिएको थियोभने ट्रम्पले एबिसी न्युजसँग कुरागर्दै अर्को नेताले अमेरिकाबाट स्वीकृति नपाए लामो समय टिक्न नसक्ने टिप्पणी गर्नुभएको थियो। नयाँ सर्वोच्च नेताको घोषणा लगत्तै इरानले इजरायलतर्फ पहिलो क्षेप्यास्त्र प्रहार गरेको सरकारी प्रसारण संस्था आइआरआइबीले जनाएको छ। उक्त आक्रमणमा इजरायलमा एक महिला घाइते भएको चिकित्सकहरुले बताएका छन्। त्यसको जवाफमा इजरायली सेनाले मध्य इरानका 'शासनसम्बन्धी पूर्वाधार' लक्षितगर्दै नयाँ आक्रमण शुरुगरेको जानकारी दिएको छ। युद्धको प्रभाव खाडी क्षेत्रमा पनि फैलिएको छ। बहराइनको स्वास्थ्य मन्त्रालयकाअनुसार सित्रा टापुमा रातभर भएको इरानी ड्रोन आक्रमणमा ३२ जना सर्वसाधारण घाइते भएका छन्। घाइतेमध्ये बच्चासहित चारजनाको अवस्था गम्भीर रहेको छ। यसैक्रममा कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र कुवेतले पनि नयाँ आक्रमणको विवरण सार्वजनिक गरेका छन्। कतारको राजधानी दोहामा विष्फोटका आवाज सुनिएको एएफपीका पत्रकारहरुले बताएका छन्। कतारको रक्षामन्त्रालयले आफ्नो वायु प्रतिरक्षा प्रणालीले क्षेप्यास्त्र आक्रमण रोकेको जनाएको छ। इरान समर्थित लडाकू समूह हिजबुल्लाहले सिरियाबाट हेलिकप्टरमार्फत आएका इजरायली सेनासँग पूर्वी लेबनानमा झडप भइरहेको जनाएको छ। हेजबुल्लाहका दुई श्रोतले एएफपीसँग कुरागर्दै उक्त क्षेत्रमा इजरायली हेलिकप्टर समूह खसालिएको दाबी गरेका छन्, यद्यपि इजरायली सेनाले यसबारे कुनै प्रतिक्रिया दिएको छैन। यसरी इरान अमेरिका युद्धको प्रभाव बिश्वभर फैलिरहेको छभने त्यसको नियन्त्रण कहिले हुन्छभन्ने कुनै सुनिश्चितता हुनसकेको छैन।

## निगम...

समस्याका कारण विश्वमा पर्ने प्रभावबाट नेपाल पनि अछुत हुननसक्ने सम्भावनालाई दृष्टिगतगरी आवश्यक परिणाममामात्र इन्धन तथा ग्याँस खरिदगर्न र अनावश्यक भण्डारण नगर्न अनुरोध गरिएको छ।

## नेपालको.

गरेमा कारवाही सुनिश्चितागर्ने नीतिगत व्यवस्थाको खाँचो औंल्याइएको छ। निर्वाचन आचारसहिता पालना र कार्यान्वयनमा कड्याइगर्दै उल्लंघनगर्नेलाई तत्काल कारवाहीगर्न तथा उम्मेदवारको व्यक्तिगत, राजनीतिक, आर्थिक तथा अन्य संस्थागत संलग्नताको पारदर्शी विवरण जाँच तथा सार्वजनिकगर्ने व्यवस्था लागूगर्न सुझाव दिइएको छ। उक्त परियोजनाले मूलधारका सञ्चारमाध्यम, अनलाइन मिडिया र सामाजिक सञ्जालमा आएका विषयवस्तुलाई आधार बनाइ गरेको तीनमहिने अध्ययनमा त्यस अवधिमा ३०० भन्दा बढी द्वन्दका घटना अभिलेख गरिएकोमा शान्ति, सुरक्षासँग जोडिएका ११२ वटा रहेको उल्लेख छ। त्यसमध्ये सबैभन्दा बढी बागमती प्रदेश र काठमाडौं जिल्लामा भएको भनिएको छ। त्यस्ता घटनामा राजनीतिक दल र उनका कार्यकर्ता जोडिएको पाइएको तथा केहीमा भने राज्यका प्रतिनिधि पनि संलग्न रहेको भेटिएको प्रतिवेदनमा उल्लेख छ। यसपटक निर्वाचन त्यस्ता केही घटनामा निर्वाचन अधिकृतसमेत मुछिएको तथा केही स्थानमा नो भोटको विषय पनि उठेको बताइएको छ। नेपालको निर्वाचनबारे कार्यपत्र प्रस्तुतगर्दै अधिवक्ता सागर घिमिरे निर्वाचनलाई थप स्वच्छ, स्वतन्त्र र विश्वासिलो तुल्याउन यससम्बन्धी मापदण्ड, कार्यविधि, नीति, ऐन, नियमको परिमार्जनदेखि संविधान संशोधनको आवश्यकतासमेत रहेको बताउनुभएको थियो। आफूले मत दिएका उम्मेदवार निर्वाचित हुनुअघि कसरी कालोसूची पर्नसक्छ भन्ने मतदाताको जिज्ञासालाई शान्त तुल्याउन सक्नुपर्नेमा जोडदिँदै उहाँले त्यस्ता घटनाले मतदाताको मत खेर जानसक्ने पाटोमा राज्यले पहिल्यै ध्यान पुऱ्याउन सक्नुपर्नेमा जोड दिनुभएको थियो। राजनीतिक दल र उम्मेदवारले बुझाएको खर्चको विवरण सही हो वा होइन भनी परीक्षणगर्ने विधि आवश्यक रहेको बताउँदै उहाँले आगामी निर्वाचनलाई चुस्त र व्यवस्थित तुल्याउन बिद्युतीय मतदान उपकरणको प्रयोग गर्नेतर्फ राज्यको ध्यानाकषर्ण गराउनुभएको थियो। त्यसक्रममा सहभागी वक्ताहरुले आगामी स्थानीय तहका उपनिर्वाचनमा अग्रभोटिङ व्यवस्थागर्न तथा नो भोटिङ प्रणालीले उम्मेदवार र राजनीतिक दललाई प्रोत्साहन मिल्छभन्ने पाटो बुझाउन आवश्यक रहेको धारणा व्यक्त गर्नुभएको थियो।

## नेतृत्व...

बनाईएको नेपाली कम्युनिष्ट पार्टीलाई हर्क साम्पाङको नयाँ दल श्रम संस्कृति पार्टीले आफ्नो आधार थलो कोशी प्रदेशमा पछिपारिदिएको छ। प्रतिनिधि सभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिकतर्फको नतिजा हेर्ने हो भने कोशी प्रदेश अन्तर्गतका निर्वाचन क्षेत्रमा नेपाली कम्युनिष्ट पार्टीभन्दा श्रम संस्कृति पार्टी सफल देखिएको छ। श्रम संस्कृति पार्टीले कोशी प्रदेश अन्तर्गतका प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ तीन सिटमा जित हाशिल गर्दा नेपाली कम्युनिष्ट पार्टीले एउटा पनि सिट जित्न सकेन। श्रम संस्कृति पार्टीले सुनसरी-१, भोजपुर र खोटाङ निर्वाचन क्षेत्रमा प्रत्यक्षतर्फ जित हाशिल गरेको छ। त्यसैगरी समानुपातिकतर्फ पनि नेपाली कम्युनिष्ट पार्टीलाई श्रम संस्कृति पार्टीले कोशी प्रदेशमा उछिनेको छ। सो पार्टीको अवस्था काठमाडौंमासमेत न्युन देखिएको छ।